वर्ष १, अङ्क २, पूर्णाङ्क ८२, भदौ २०७४

प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत मासिक पत्रिका

# Agnichakra National Monthly

# अग्निचक्र



सतगुरु गोरखनाथ बाबा

www.agnichakranews.com राष्ट्रिय मासिक






- गर्भवतीले गर्नुपर्ने अति आवश्यक जाँचहरू
- आर्थिक समृद्धिका लागि प्रमलाई अनुरोध
- पशुपति बाबा नामले पनि प्रसिद्ध सुदर्शन बाबा
- SHIVAPURI BABA ON HIMSELF
- हास्यव्यङ्ग्य स्वास्थ्यका लागि लाभदायक
- अक्टुबर क्रान्तिबारे मार्क्सवादी लेखक केसी

८२ औं यात्रा

ISSN 2362-1109

मिहिनेतको कमाइको
सम्मान गर्ने बानी बसालौँ,
भ्रष्टाचारमुक्त समाजको
निर्माणमा मद्दत
पुऱ्याऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

वर्ष ९ अङ्क २ पूर्णाङ्क ८२
By the Grace of God
Edited & Published by L.N. Bhattarai
संरक्षक : प्रभा राज्यलक्ष्मी राणा
Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक
का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२
॥ का.म.न.पा. ३, काठमाडौं, नेपाल ॥

सम्पर्क कार्यालय :- कामनपा - ३२, डिल्लीबजार, काठमाडौं
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई
**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य
**डाइरेक्टर**
गोपाल घिमिरे
**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य
**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य
**व्यवस्थापक**
कमला मिश्र
**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना
**फोटोग्राफर**
अग्निप्रसाद निरौला
**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)
**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८
**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

# सामाजिक सद्भाव बिथोल्न खोज्नेलाई कारबाही खै ?

*नेपालमा सदियौंदेखि हिन्दु संस्कृति रहिआएको छ । सनातन धर्म र संस्कृतिमा विश्वास गर्ने नेपालीहरूको जीवनको उद्देश्यमध्ये एक ईश्वर अनुभूति पनि हो । सत्यको पालना गर्ने, निष्काम कर्म गर्ने नेपालीहरू गीता र महाभारत तथा रामायणलाई नै आफ्नो धार्मिक ग्रन्थ ठानेर अध्ययन-पाठ गर्ने गर्दछन् । वर्षौं अघिदेखि भगवान्का प्रिय काम योग गरेर निरोगी जीवन बिताउने सोभा नेपाली जनतालाई धर्म निरपेक्षताको फाइदा उठाउँदै इसाई धर्मप्रचारकहरूले पैसा बाँडेर नेपालका जनतालाई गरिबीको फाइदा उठाउँदै इसाई धर्म अपनाउन बाध्य पारिँदै गएको कुरा पुष्टि हुन थालेको छ ।*

*दलित बस्तीमा जाने, चेपाङ समुदायमा घुस्ने र पैसा दिएरै धर्म परिवर्तन गराउने इसाई धर्म प्रचारकहरू दुर्गम गाउँबस्तीमा छ्यासछ्यास्ती रहेको कुरा बाहिर आउन थालेको छ । बेलायतबाट प्रकाशित हुने अखबार 'द गार्जियन' का अनुसार नेपालमा इसाई धर्म अपनाउनेहरूको संख्या अस्वाभाविक रूपमा बढेको छ । नेपालमा अहिले दसलाखभन्दा धेरै मान्छे इसाई धर्म मान्नेहरू रहेको खुलासा समाचारमा खुलाइनुले के बुझिन्छ भने नेपालमा धर्मनिरपेक्षताको अर्थ पैसा दिएर धर्म परिवर्तन गराउने उद्योग चलाउने छुट त दिएको होइन ? यो प्रश्न सरकारलाई तेर्स्याउन थालिएको छ ।*

*आर्थिक लाभ देखाएर वा झुक्याएर दलित तथा पिछडिएका आदिवासी समुदायलाई धर्म परिवर्तन गराउन पश्चिमी मुलुकहरू नेपालमा सक्रिय रहेका छन् । विशेष गरी नेपालमा २०६३ सालपछि धर्म परिवर्तन गराउने क्रम तीव्र गतिमा अघि बढेको हो । धर्मको किनबेच कुनै पनि स्थितिमा उचित ठहरिन सक्दैन । हिन्दुराष्ट्र भए तापनि सयौं वर्षदेखि नेपालमा अरू देशबाट आएका विविध धर्मका प्रवासीहरूलाई प्रेमका साथ शान्तिपूर्ण रूपले काम गरी बस्ने मौका दिइएको थियो । विश्वका पर्यटकहरूलाई प्रशस्त मात्रामा आमन्त्रण गरी यथोचित सहुलियत प्रदान गर्ने यो देशमा ०६३ सालपछि पैसाको थिचोमिचोमा विदेशीलाई गुहारेर गरिबी देखाएकाले यहाँ विदेशीले खेल्न पाएका थिए ।*

*नेपाली पाठ्यक्रममा गीता, उपनिषत् र योग समावेश गरी हिन्दु आश्रम, मठ, मन्दिर निर्माण तथा पुराना मन्दिरहरूको जीर्णोद्धारमा सरकार पूर्णतया सक्रिय रहनै लागेका बेला विदेशी रकममा यहाँका नेताहरूलाई प्रयोग गरेर, लोभ देखाएर राजसंस्थाका विरूद्ध आन्दोलन गराई गणतन्त्रको नारामा देश होमाएर जनआन्दोलनको गलत फाइदा उठाई हिन्दु राजा र हिन्दु धर्म नेताहरूले कुबुद्धिका कारण हटाएकाले गर्दा अहिले नेपाली समाजको सन्तुलन मात्रै हैन सद्भाव बिथोल्न खोजिँदैछ । नेपाल सरकारले सामाजिक सद्भाव बिथोल्न खोज्ने इसाई धर्म प्रचारकलाई कारबाही गर्न तुरून्त स्पष्ट निर्देश जारी गरोस् । अग्निचक्र अहिले यति नै अनुरोध गर्न चाहन्छ ।*

॥ जय गोरख ॥ ◆◆




## ॐ सत्‌गुरू वन्दना

गोरक्ष् बालम् गुरुशिष्य पालम् ।
शेषः हिमालम् शशीखण्ड भालम् ॥
कालष्य कालम् जिताजन्म जालम् ।
वन्दे जटालम् जगदाव जालम् ॥

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ॥

### भावार्थः

प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।






### नौलो सन्देश दिने स्रष्टा

'अग्निचक्र' मा ०७४ साउन अंकमा साहित्यकार उर्मिला लामिछानेको अन्तर्वार्ता पढेर नयाँ ज्ञान एवं जानकारी पाइयो । समाधान समस्यासँगै हुन्छ । रहरले मात्र लक्ष्य प्राप्ति नहुने रहेछ, संवेदशील समयलाई चिनेर अघि बढौं भन्ने सबैलाई आग्रह गर्दछु लगायतका कुराहरू बोल्नुहुने लामिछानेज्यूले यस अन्तर्वार्ताबाट नौलो सन्देश दिनुभएको महसुस मैले गरें । पारिवारिक जन्जालमै मान्छे फसिरहन्छ भन्ने वाक्यले झनै छोयो मलाई । उर्मिलाजीलाई हार्दिक धन्यवाद नौलो सन्देश दिनुभएकोमा ॥

– **ज्ञान राउत**, लैनचौर, काठमाडौं ॥

### सुदर्शन बाबालाई भेट्न के गर्नुपर्छ ?

वि.सं. ०७४ साउनको अग्निचक्रमा "राजनीति हरेक समाजको उन्नतिका लागि नभई नहुने विषय हो" भन्नुहुने सुदर्शन बाबाको अन्तर्वार्ता पढ्न पाइयो । सबैको जय होस् । जय नेपाल । जय बाबा पशुपतिनाथ । ॐ नमः शिवाय । भन्नुहुने यी बाबाको मुहार र अन्तर्वार्ता एकदमै रोचक र आकर्षक एवं दैविक गुणले युक्त लाग्यो । यसकारण मलाई यी बाबासँग दर्शनभेट गर्न मन लाग्यो । यी बाबालाई भेट्न कहाँ जानुपर्छ ? सम्पादकज्यू ?

– **श्यामकृष्ण हुमागाईं**, बनेपा, काभ्रे ।


## हार्दिक बधाई तथा शुभकामना





*श्री विक्रान्त पाण्डेज्यू*



नेपालको बीमा क्षेत्रका एक हस्ती एवं हाम्रा अनन्य मित्र **श्री विक्रान्त पाण्डेज्यू** **नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड**को **नायब महाप्रबन्धक**मा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

**अग्निचक्र मासिक परिवार**

## भारतमा 'पशुपति बाबा' नामले प्रख्यात

# सुदर्शन बाबा



भेट्ने बित्तिकै ॐ श्री गणेशाय नमः, जय बाबा पशुपतिनाथ, जय गोरख भन्नुहुने 'सुदर्शन बाबा' को नाम छिमेकी देश भारत र नेपालमा भक्तजनहरूले श्रद्धाका साथ लिने गर्दछन् र आध्यात्मिक जिज्ञासुहरूले बाबाबाट जिज्ञासाको उत्तर सरल र सहज तरिकाले पाउँछन् । सुदर्शनबाबाको भनाइ सत्यमा आधारित छ । उहाँ भन्नुहुन्छ- आफ्नो जन्म केका लागि भएको हो, त्यो खोजीको विषय हो र त्यही खोज्ने क्रममा यो संसारमा कोही दाजुभाइ, दिदीबहिनी, पति, पत्नी, बालक, वृद्धको रूपमा आफ्नो प्रारब्ध अनुसार बाँचिराखेका छन् र त्यसको अर्थको खोजीमा आफूलाई निमित्तको रूपमा मात्रै पाउँछन् । जब निमित्तको रूपमा मात्रै आफूलाई पाउँछन्, तब दुःख, सुख, मान, अपमान, धनसम्पत्ति सबैको बन्धन कम हुन्छ, चित्त शुद्ध हुँदै जान्छ र ज्योतिर्मय शिवको आफूभित्र र बाहिर दर्शन हुन्छ भन्नुहुन्छ- 'सुदर्शन बाबा', जो शिव र कालीमा अगाध विश्वास र आस्था राख्नुहुन्छ । जसको ख्याति अहिले छिमेकी देश भारत र नेपालमा बढिरहेको छ । को हुन् त सुदर्शन बाबा ? सुदर्शन बाबाको जन्म ललितपुर, कुपण्डोलको सम्भ्रान्त ढकाल परिवारमा भएको थियो । उहाँको नाम बोधविक्रम ढकाल थियो तर जिज्ञासु प्रकृतिको हुँदा आन्तरिक शान्तिको लागि १० वर्षको उमेरमा घर छोडेर शान्तिको लागि धेरै ठाउँमा घुमिसकेपछि ज्ञान भयो कि घुमेर मात्रै आत्मशान्ति पाउन नसकिने रहेछ, तब १२ वर्षसम्म एउटै कुटीमा बसेर ध्यान गर्दा जसरी बोधीवृक्षमुनि समाधिमा पुग्दा बुद्ध हुनुभयो, त्यसरी नै बोधविक्रम ढकाल 'सुदर्शन बाबा' हुनुभयो ।

बाबाका एक भक्त उद्धव ढुंगाना भन्नुहुन्छ, "एक दिन अफिसमा काम गर्दा सुदर्शन बाबा अफिसमा आउनुभयो । आध्यात्मिक उज्यालो दिव्य तर साधारण भेषभूषामा, जसमा दम्भको कुनै आभाष पनि थिएन । बाबाले भन्नुभयो, सबै कुरा प्रारब्ध अनुसार नै हुन्छ र हामीहरू त मात्र निमित्त हौं, उसले (परमात्माले) जता घुमाउँछ, उतै लाग्छौं र अज्ञानतावश सबै आफैले गरेको भन्छौं र त्यही भ्रमले सुख-दुःख, मान-अपमान ल्याउँछ भन्ने जस्तो गहन अध्यात्मको सार कुरा गर्दा मलाई लाग्यो आदि शंकरको जस्तो रूपमा, निस्वार्थी साधक मेरो अगाडि हुनुहुन्छ, जसका भौतिक कुरा, धनसम्पत्ति सानै उमेरमा छोडेर, अरूको भलो हुने कुरा गर्दै हिँड्ने सहृदयी साधुजस्तो अनुभव भएको कुरा गर्नुहुन्छ । सुदर्शन बाबाको बारेमा अर्का भक्त भन्नुहुन्छ- जुन दिन बाबासित भेट भयो १९९५ मा, त्यहीदेखि मेरो जीवनमा परिवर्तन आयो र जीवनमा आध्यात्मिक ऊर्जा थपियो । बाबाको बारेमा सत्यवादी, मधुरभाषी, दयालु, कृपालु र भक्तजनहरूको मद्दतको लागि सदा तत्पर रहने स्वभावलाई मात्र एक भक्तले मात्र अनुभव गरेका होइन, त्यस्ता हजारौं भक्तहरूले अनुभव गरेका छन् । बाबाले भनेका कुराहरू सत्य हुँदै गएको हजारौंले भन्दै, अनुभव गर्दै आएका छन् । तर बाबा प्रचारप्रसारमा आउन नखोज्ने, दुःख देख्नासाथ उपकार गरिहाल्ने उपकारी स्वभावका हुनुहुन्छ । बाबले सधैं भक्तहरूलाई सत्मार्गमा लैजान प्रेरणा गर्नुहुन्छ र भन्नुहुन्छ "मरेपछि सद्कार्य मात्र बाँकी रहन्छ" ।

भारतमा "सुदर्शन बाबाको वन्दना" गरी उहाँका भक्तहरूले नित्य भजन गर्दै आएका छन् र उहाँलाई "पशुपति बाबा" को नामले पनि चिन्दै आएका छन् । सत्संगहरूमा धेरै चोटि बाबाले मर्मपूर्ण धर्मको सार वचन बोल्दा भक्त-श्रोताहरू मुग्ध हुन्छन् । सुन्नेहरूले आदि शंकर आफ्नो अगाडि आएर बोलेको अनुभव गर्दछन् । सिद्धबाबा भए पनि साधारण र दम्भले नछोएको बाबाको अमृतवाणी जब भक्तहरूले सुन्छन् तब अमृत पिएको अनुभव गर्दै जीवन धन्य धन्य भएको अनुभव गर्दछन् । शिव र महाकालीका उपासक यी बाबा 'काली' र 'शिवरूप' दुवै धारण गर्न सक्षम देवरूपी बाबा हुनुहुन्छ । शिव भनेको शक्ति हो, शक्ति नै सत्य हो, सत्य नभई शिव हुँदैनन्, भजन गर, भोजन आफै प्राप्ति हुन्छ, चराचर जगत्मा ईश्वर विराजमान हुनुहुन्छ, इमान्दार मान्छेलाई भगवान्को कृपा हुन्छ र ऊ सफल हुन्छ भन्नुहुने बाबाले भूत, वर्तमान र भविष्य पनि बताउन सक्ने बाबाले आध्यात्मिक-विश्वासी भक्तहरूलाई सपनामा पनि दर्शन दिने गर्नुभएको छ । ठूलो आध्यात्मिक शक्ति भएका देवरूप सुदर्शन बाबाको सम्पर्क नं. **९८४१०२७४००** हो । बाबाकहाँ पुग्नेहरूले आनन्द अनुभूति गर्ने गरेका छन् । ◆◆

# आर्थिक समृद्धिको बाटोमा बल पुऱ्याउन प्रधानमन्त्रीलाई अनुरोध



***गरिब राष्ट्र भएकाले आर्थिक रुपले मुलुकलाई अब्बल बनाउन र राष्ट्रको ढुकुटीको ठूलो धनराशि बचाउन एकैपटक चुनाव गराउनु पर्नेमा दुई चरणमा गराउन चाहनुले हाम्रा नेताज्यूहरुलाई देशको मायाभन्दा राजनीतिक खिचातानीमै आनन्द आउँदो रहेछ भन्ने कुरा सहजै बुझ्न सकिन्छ ।***

प्रधानमन्त्री शेरबहादुर देउवाको नाम लिनेबित्तिकै 'अभागी पात्र' भन्ने शब्द मलाई याद आइरहन्छ । अहिलेसम्म चारपटक प्रधानमन्त्री बनिसक्ने देउवालाई धेरैले भाग्यमानी भन्लान् तर मचाहिँ 'अभागी' नै भन्न रूचाउँछु । राजा महेन्द्रको डुब्लिकेट गर्न चाहने राजा ज्ञानेन्द्रको सिकारमा परेर 'कु' भोगेका पात्र हुन् देउवा । प्रत्येक पटकको देउवाको शासनकाललाई खोतलेर हेर्ने हो भने गम्भीर गालीगलौजले भरिएको शासनकाल देउवाकै भेट्न सक्छौं । यस हिसाबले म चाहिँ देउवालाई सफल शासक भन्न रूचाउँदिन । यस पटकको भारत भ्रमणले देउवाबारे र उनको अभिव्यक्तिबारे पनि गम्भीर अप्ठेरो र कुटिल अर्थ बोक्ने कुरा सार्वजनिक भइसकेको हुँदा विगतको देउवाको शासन र उनले गरेका कमी-कमजोरीको फाइदा उठाउँदै राजा ज्ञानेन्द्रले बहुदलीय व्यवस्थालाई बदनाम गर्ने कलंक शेरबहादुर नै हो भनी सांकेतिक भाषामा घुमाउरो पाराले शासन हातमा लिँदा बोलेका कुरा अहिले देउवाको विवादित अभिव्यक्तिले सफल पार्न मद्दत गर्दैछ कि ! भाग्यमा जस पाउने वातावरण देउवालाई छैन कि क्या हो ! भन्दा गलत नहोला ।

दोधारे स्वभाव भएका र जोसँग पनि ठीक्क हुन खोज्ने बानीले गर्दा देउवाले धोका खाने गरेका छन् । राजा ज्ञानेन्द्रलाई सरकार सबैथोक हजुर नै हो, यो प्रजातन्त्र पनि हजुरकै खटनमा छ, जो हुकुम महाराज भनी नयाँ राजा ज्ञानेन्द्रलाई उक्साएर 'कु' गर्न मद्दत पुऱ्याउने पनि देउवा नै थिए भन्ने कांग्रेसीहरू धेरै छन् आज पनि । भारतका रामविलासलाई चीन हाम्रो दुस्मन होइन भन्ने देउवाले भारत भ्रमणमा मोदीसँग साझा सुरक्षा भनेर वक्तव्यमा सही धस्काए । नेपालका लागि चीन र भारत दुवै मित्रराष्ट्र हुन् पनि भन्ने अनि नेपाललाई घेरेर बस्ने दुवै देश चीन र भारतका शासकसँग भेट्दा सब ठीक छ पनि भन्ने अनि साझा सुरक्षाका लागि भन्दै हस्ताक्षर पनि ठोक्ने देउवाको दोधारे सोचमा कहिले आउला परिवर्तन ? झन्डै ७० वर्षदेखिको लामो संक्रमणकालबाट नेपालको राजनीतिक स्थिति बाहिर निस्कन खोजिरहेका बखत प्रधानमन्त्रीले जथाभावी अभिव्यक्ति दिने र सम्झौता गर्दै हस्ताक्षर ठोक्ने कुरा मुलुकको हित अनुकूल हुनुपर्छ ।

प्रदेश तथा प्रतिनिधिसभाको अब हुने चुनाव पछि मात्रै राजनीतिक संक्रमणकालको अन्त्य हुने भएकाले त्यतिन्जेल शासन हाक्ने नेताज्यूहरूले धैर्यता नअपनाए कुनै अप्रिय घटना नघट्ला भन्न सकिन्न । नेपालका राजनीतिक दलहरूले देशको राजनीतिक स्थिति संविधान निर्माण, संशोधन, स्थानीय निर्वाचन र आउने संसदीय निर्वाचनतर्फ नै आफ्नो ध्यान आकृष्ट गरी संक्रमणकालको अन्त्य गराउनतर्फ नै लाग्नुपर्ने खाँचो रहेकाले यसैतर्फ ध्यान दिनु जरूरी देखिन्छ । गरिब मुलुक भएकाले आर्थिक रूपले मुलुकलाई अब्बल बनाउन र राष्ट्रको ढुकुटीको ठूलो धनराशि बचाउन एकैपटक चुनाव गराउनु पर्नेमा दुई चरणमा गराउन चाहनुले हाम्रा नेताज्यूहरूलाई देशको मायाभन्दा राजनीतिक खिचातानीमै आनन्द आउँदो रहेछ भन्ने कुरा सहजै बुझ्न सकिन्छ ।

५० जनाको जम्बो मन्त्रीमण्डल बनाउने देउवालाई राजा महेन्द्र राष्ट्रप्रमुख भएको बेलाको जस्तो अवस्था भए उनले ठेगान लगाउँथे भन्ने विद्वान्हरू पनि छन् अहिले । "अहिले प्रजातन्त्र बालक नै छ भन्छन् तर बालकमा हुनुपर्ने निर्दोषपन त्यसमा छैन, लुच्चोपन छ" इत्यादि भनेर राजा महेन्द्रले सोझै अपदस्थ गर्थे यदि जीवित थिए भने भन्ने गर्छन् विद्वान्हरू । ०४६ सालपछि राजा वीरेन्द्रबाट बक्सिस पाएको प्रजातन्त्र अर्थात् बहुदलीय प्रजातान्त्रिक व्यवस्था सुरुमा गिरिजाको कारण र पछि देउवाको कारण बदनाम भएको थियो । जसले जे भने पनि ०४७ सालमा स्थापना भएको प्रजातन्त्रलाई बदनाम गरी कलंकित पारी राजा ज्ञानेन्द्रलाई 'कु' गर्न सजिलो पार्ने ऐतिहासिक पात्र देउवा नै हुन् ।

तकदिर बलियो भएकाले देउवा चौथोपटक प्रधानमन्त्री बनेका छन् । अघिल्ला तीन पटकको खाताको ब्याजको के कुरा सावाँ पनि देउवाको कारण ऋणमा डुबेको छ, मान्छेको जन्म एउटा संयोग हो र संघर्षशील छ । जन्मिएपछि केही काम गरी भविष्यका सन्ततिको हितमा छाडिजानुपर्दछ ताकि सन्ततिले पुर्खाहरूबाट केही पाउन् र जानुन् भन्ने हेक्का शासकले राख्नु पर्दछ । ईर्ष्या, दम्भ र भ्रष्टाचारबाट टाढा रही इमान्दार भई प्रधानमन्त्रीको कर्तव्य र मेहनत राम्रोसँग गरे यो मुलुकले राम्रो फल अवश्य पाउँछ भन्ने कुरा देउवाले बुझ्नुपर्छ । आर्थिक समृद्धिका लागि मुख्य एजेन्डा बनाई अर्थतन्त्रलाई मजबुत र आत्मनिर्भर बनाउने, कृषिको आधुनिकीकरण गरी जलस्रोतलाई बहुउपयोगी बनाई पर्यटनको विकास गरी चीन र भारतलाई समदुरीमा राखेर दुवै देशको प्रगति र उपलब्धिबाट नेपाललाई फाइदा गराउन देउवा लागुन्, यही छ मेरो अनुरोध । ◆◆

स्वास्थ्य - **डा. पदमराज पन्त**

# गर्भवतीले गर्नुपर्ने अति आवश्यक जाँचहरू





**प्रयोगशाला सम्बन्धी जाँचहरू के के र कहिले गराउने ?**

गर्भ बसेको निधो भइसकेपछि प्रयोगशालाका जाँचहरू रगत, पिसाब जचाउनुपर्छ ।

**पिसाब** : विभिन्न स्वास्थ्य संस्थाका आफ्ना नियमहरू हुन्छन् । धेरैजसो स्वास्थ्य संस्थाहरूले पहिलो पटक गर्भ बसेको निश्चय गर्न पिसाब जँचाउँछन् । यसको विधिबारे हामीले माथि विस्तृत कुरा गरिसकेका छौँ ।

पिसाब फेरि अर्कोपटक संक्रमण आदि हेर्न जँचाइन्छ । यसलाई नियमित जाँच अर्थात Routine and Microscopic Examination भन्दछन् । धेरै जस्तो स्वास्थ्य संस्थाहरूमा प्रत्येक पटक जाँच गराउन जाँदा पिसाबमा प्रोटिन र सुगर छ छैन भनी जँचाइन्छ । यदि गर्भवतीलाई पहिलो त्रैमासिकमा बान्ता धेरै भएमा पिसाबमा एसिटोन भन्ने पदार्थ हेर्न पिसाब जँचाइन्छ । केही गर्भवतीहरू धेरै पटक पिसाब जँचाउँदा झर्को मान्दछन् । यसमा झर्को मान्नु हुँदैन । यो सबै गर्भवतीको फाइदाको लागि नै गरिने भएकोले आवश्यक जाँच गराउनु राम्रो हुन्छ । बरू आफूलाई प्रस्ट नभएको कुरा सोध्नुपर्छ ।

**रगतको जाँच** : रगत पनि धेरै उद्देश्यले जँचाइन्छ । यो पनि विभिन्न स्वास्थ्य संस्थाहरूमा आफ्ना नियमहरू हुन्छन् । धेरैजसो स्वास्थ्य संस्थाहरूले रगतको ग्रुप (Blood grouping) र रगतको मात्रा अर्थात् Haemoglobin जँचाउने नै गर्दछन् । रगतमा सुगरको मात्रा (Blood sugar) पनि जाँच गराउनु आवश्यक हुन्छ ।

रगतको ग्रुप र हेमोग्लोबिन गर्भावस्थाको सुरुमा नै जँचाइन्छ । रगतमा सुगरको मात्रा पनि गर्भावस्थाको सुरुमा कति छ भनी हेर्नुपर्छ । फेरि २४ - २८ हप्तातिर दोहऱ्याउनुपर्छ । किनभने गर्भावस्थामा हुने मधुमेह थाहा पाउने यही समय हो । आमा बुबालाई मधुमेह भएका, मोटा, पहिले ठूलो बच्चा भएका जन्मिदै बच्चा मरेका, अपाङ्ग बच्चा जन्मिएका महिलामा यो जाँच अति आवश्यक छ ।

आजभोलि धेरैजस्तो स्वास्थ्य संस्थाहरूमा यौन रोगका लागि पनि नियमित रूपमा रगत जँचाउने गरिन्छ । यौन रोगहरू, एचआईभी, हेपाटाइटिस बी र सिफिलिसको लागि नियमित रूपमा जाँच गर्नु राम्रो हुन्छ । गर्भवती, चिकित्सक, बच्चा र स्वास्थ्यकर्मीलाई सर्नबाट रोकथाम गर्ने उपायहरू अपनाइन्छन् । अर्कोतिर सिफिलिसको लागि समय मै उपचार पनि गर्न सकिन्छ । यसका साथै नवजात शिशुलाई रोग नसरोस् भनी लगाउनुपर्ने खोप र औषधीहरू लगाइन्छ । एचआईभी. तथा हेपाटाइटिस 'बी' भएमा सुत्केरीमा स्तनपानबाट पनि रोग सर्न सक्ने भएको हुनाले स्तनपान नगराउन समेत सल्लाह दिइन्छ । यिनै कारणहरूले गर्दा यौन रोगको लागि पनि नियमित रगत परीक्षण गराउनु राम्रो हुन्छ ।

गर्भवतीको रगतको ग्रुप (Blood group) सबैभन्दा नभई नहुने रगतको परीक्षण हो । किनभने माथि उल्लेख भएजस्तै विभिन्न कारणहरूले गर्दा गर्भावस्थामा अलि अलि देखि ज्यानै लिनसक्ने रक्तश्रावको सम्भावना हुन्छ । त्यतिबेला आकस्मिक रूपमा रगत खोज्नुपर्ने हुन्छ । समयमै गर्भवतीको रगत ग्रुप थाहा पाइराख्दा आवश्यक परेको बेला छिटोभन्दा छिटो आवश्यक ग्रुपको रगतको व्यवस्था गरी गर्भवतीलाई जोखिमबाट बचाउन सकिन्छ । रगतको ग्रुपसँगै रगत कुन रेजुसको हो भन्ने हेरिन्छ । रगत दुई किसिमको हुन्छ पोजेटिभ र नेगेटिभ । जस्तै रगत ग्रुप 'ए' पोजेटिभ अर्थात् ग्रुप 'ए' हो भने रेजुस पोजेटिभ हो । धेरैजसो मानिसहरूको रेजुस पोजेटिभ हुन्छ । त्यसैले रेजुस पोजेटिभ भएका गर्भवतीहरूका लागि रगत सजिलै व्यवस्था गर्न सकिन्छ । रेजुस नेगेटिभ भएका गर्भवतीहरूका लागि रगतको व्यवस्था गर्न अप्ठ्यारो हुन्छ ।

यसको ज्वलन्त उदाहरण एक गर्भवती हुन्, जसको बच्चा पाउने बेलासम्म कुनै जोखिमपूर्ण अवस्था थिएन । तर बच्चा पाउने बेला दिनको एक लिटर जति रक्तश्राव भयो । यसका साथै रेजुस नेगेटिभ भएका गर्भवतीहरूका श्रीमान् रेजुस पोजेटिभ भए बच्चा रेजुस पोजेटिभ पनि हुनसक्छ, रेजुस नेगेटिभ पनि हुनसक्छ । बच्चा र आमा दुवै रेजुस नेगेटिभ नै भए गर्भावस्थामा पछिको अर्को गर्भमा यसले गर्दा समस्या पर्ने कम सम्भावना हुन्छ । बच्चा रेजुस पोजेटिभ भए यो गर्भावस्थामा र यसपछिको गर्भमा समेत बच्चालाई असर पर्न सक्ने भएकोले समयमा नै रगत ग्रुप र रेजुस थाहा पाउनु आवश्यक हुन्छ ।

रगतको अर्को आवश्यक जाँच रगतको मात्रा अर्थात् हेमोग्लोबिन (Haemoglobin) हो । यो जाँचमाथि भनेजस्तै रगतको मात्रा हेर्ने गरिन्छ । गर्भावस्थामा सामान्यतया अरूबेला भन्दा रगत पातलो हुने भएकोले हेमोग्लोबिन कम हुन्छ । त्यसमा पनि हाम्रो जस्तो गरिब मुलुक जहाँ अधिकांश गर्भवतीहरू कुपोषण, अल्परक्तता अर्थात् रगतको कमीबाट पीडित हुने भएकोले गर्भावस्था झन रगतको कमी हुन्छ । त्यसैले रगत कमी छ-छैन, कमी छ भने कति कमी छ, भनी थाहा पाउन हेमोग्लोबिन हेरिन्छ । रगतको कमी भए

समयमा नै त्यसलाई बढाउने उपाय अपनाइन्छ । उदाहरणका लागि रगत धेरै कम छ भने रगत दिनुपर्ने हुन्छ । सुत्केरी हुने समय अझै टाढा छ भने आइरन दिएर पनि रगतको मात्रालाई बढाउन सकिन्छ ।

**भिडियो एक्सरे अर्थात् अल्ट्रासाउण्ड**

सुविधा भएको ठाउँमा रगत, पिसाब बाहेक अर्को आवश्यक जाँच भिडियो एक्सरे अर्थात् अल्ट्रासाउण्ड हो । यो जाँचलाई हाम्रो देशमा चलनचल्तीमा भिडियो एक्सरे भन्ने गरिन्छ । यो जाँचको वास्तविक नाम अल्ट्रासोनोग्राम अर्थात छोटकरीमा USG भनिन्छ । यसैलाई अल्ट्रासाउण्ड पनि भनिन्छ ।

**भिडियो एक्सरे कहिले र किन गरिन्छ ?**

भिडियो एक्स-रे कति पटक गर्ने गर्भवती र बच्चाको अवस्थामा भर पर्दछ । यदि आर्थिक अवस्थाले भ्याउँछ र गर्ने सुविधा छ भने महिनावारी रोकिएको पहिलो परीक्षणपछि भिडियो एक्सरे गर्नु राम्रो हुन्छ । यतिबेला भिडियो एक्सरे गराउँदा गर्भ बसेको निश्चय गर्न सकिन्छ । गर्भ पाठेघरभित्र नै भएको र गर्भावस्थाको अवधि थाहा हुन्छ । भ्रुणको भित्र मुटुको ढुकढुकी पनि हेर्न सकिन्छ ।

यदि आर्थिक अवस्थाले भ्याउँदैन भने यतिबेला गर्न नसकेपछि १८-२२ हप्ता भने भिडियो एक्सरे गराउनुपर्दछ ।

१८-२२ हप्तामा भिडियो एक्सरे मुख्यतया बच्चाको अपाङ्गपनहरू थाहा पाउन गरिन्छ । यी अपाङ्गपन बच्चाको आधी टाउको मात्र भएको (Anencephaly) टाउकोमा पानी भरिएको, ढाडमा प्वाल भएका मस्तिष्कमा पानी भरिएका, मुटुको खराबी, पेटभित्रको खराबीहरू हुन सक्दछ । बच्चाले पौडी खेल्ने पानीको मात्रा थाहा पाउन सकिन्छ । यदि बच्चाको अपाङ्गपन थाहा पाइएमा अपाङ्ग बच्चालाई धेरै समयसम्म गर्भमा नराखी निकाल्न सकिन्छ । त्यसैले त्यतिबेला गरिने भिडियो एक्सरे ठूलो महत्व हुन्छ ।

१८-२२ हप्ता सबै राम्रो छ, केही शंका छैन, गर्भावस्था राम्ररी प्रगति भइराखेको छ भने फेरि भिडियो एक्सरे नगराउँदा हुन्छ । १८-२२ हप्ताको भिडियो एक्सरेमा केही शंकाहरू भएछन् वा साल पाठेघरको मुखतिर टाँसिएको छ भने फेरि भिडियो एक्स-रे गराउनु पर्दछ । गर्भावस्थामा खतराका लक्षणहरू देखा पर्न थालेछन् भने जतिबेला पनि भिडियो एक्सरे गर्नुपर्ने हुन सक्दछ ।

सम्भव भए ३७-३८ हप्तापछि बच्चाले पौडी खेल्ने पानीको मात्रा, बच्चाको तौल, साल टाँसिएको ठाउँ हेर्ने पुनः भिडियो एक्सरे गर्नुपर्दछ ।

धेरैजसो गर्भवतीहरूले भिडियो एक्सरे गराउँदा लिङ्ग छुट्याउनेबारे सोध्ने गर्दछन् तर चिकित्सक वा स्वास्थ्यकर्मीले छोरा, छोरी छुट्याउन भिडियो एक्सरे गराइएको होइन बच्चाको अवस्था थाहा पाउन मात्र यो भिडियो एक्सरे गराइन्छ । अर्कोतिर नेपालको कानुनले लिङ्ग छुट्याउन निषेध गरेको छ ।

भिडियो एक्सरे गर्ने चिकित्सकले १८ या २० हपतामा गर्भवती र आफन्तहरूलाई बच्चा उल्टो भएको जानकारी गराउँछन् । यो उपयुक्त जानकारी हैन । यसले गर्दा निकै मानसिक तनावमा हुने गर्दछन् । यतिबेला चिकित्सकले बच्चा उल्टो छ भने पनि आत्तिनु पर्दैन । किनकि बच्चा पाठेघरभित्र पौडी खेल्दै फर्किराखेको हुन्छ । धेरै बच्चाहरू ३४ हप्तापछि सुल्टो भएर जान्छ । त्यसैले यदि बच्चा ३६ हप्तापछि पनि उल्टो भइराखे, यस्तै रहिरहने सम्भावना बढी हुन्छ । यो भन्दा पहिलो उल्टो हुँदा आत्तिनु पर्दैन ।

**चिकित्सकसित कहिले कहिले परीक्षण गराउने ?**

गर्भावस्थामा कहिले-कहिले र कतिपल्ट जँचाउने धेरै कुरामा भर पर्दछ । गर्भावस्थामा परिआउने समस्या, विभिन्न स्वास्थ्य संस्थाहरूको नियमहरू, स्वास्थ्य संस्थाको सुविधा आदिले कतिपल्ट र कहिले देखाउने निधो गर्दछ ।

विश्व स्वास्थ्य संघका अनुसार पूरै गर्भावस्थामा कम्तीमा चारपटक चिकित्सिक वा दक्ष स्वास्थ्यकर्मीको सल्लाह लिन सकेमात्र शिशु मृत्युदर निकै मात्रामा घटाउन सकिन्छ । यो चार पल्ट जचाउँदा गर्भवतीले देखाएजस्तो र चिकित्सक तथा चिकित्साकर्मीले जाँचे जस्तो गर्ने हो भने यी परीक्षणहरू फलदायी हुँदैनन् ।

यसका लागि चिकित्सक वा स्वास्थ्यकर्मीले समय दिएर जाँच गर्नु, सम्भाव्य समस्याहरूबारे गर्भवती र निजका आफन्तहरूसँग छलफल गरी, हुनसक्ने समस्याहरूबारे सजग गराई, परिआए समस्याको समयमा आवश्यक उपचार गर्न सक्नुपर्ने हुन्छ । गर्भवतीले चिकित्सिकको सल्लाह मान्नुपर्दछ । यी कुराहरू चिकित्सक र गर्भवतीको तर्फबाट अवलम्बन गर्न सकेन भने १५ पल्ट देखाउँदा पनि फलदायी नहुन सक्दछ ।

चारपल्ट जचाउनु नै पर्ने समयहरूमा पहिलो पल्ट २० हप्ताभित्र त्यसपछि २८ हप्तामा, अनि ३६-३७ हप्तामा र त्यसपछि ४० हप्तामा जचाउनुपर्दछ । सुविधा नभए गर्भवतीले समयसमयमा जँचाई राख्दा चिकित्सक वा चिकित्साकर्मीले समय दिन सक्छन् भने झनै राम्रो हुन सक्दछ ।


धेरैजसो स्वास्थ्य संस्थाहरूमा अझै पनि २८ हप्तासम्म एक-एक महिनामा त्यसपछि ३६ हप्तासम्म २-२ हप्तामा र त्यसपछि एक-एक हप्तामा जँचाउने चलन छ । समस्या परेमा यतिबेला मात्र देखाउनुपर्छ भन्ने छैन । आवश्यक परे जतिबेला पनि जँचाउन जानु पर्दछ । ◆◆

## जीवन

✍ ज्यो. पं. रमेश अधिकारी



*गयो वरीलै गयो वरीलै*
*जीवन त रूँदै हाँस्दै गयो वरीलै*
*माताको बुबु चुस्दै धुस्रे फुस्रे बन्दै*
*जीवन त रूँदै हाँस्दै गयो वरीलै*
*पख, पख, भन्दा भन्दै मान्दै मानेन*
*जीवन त ह्वार ह्वार गयो वरीलै*
*आँधी व्याधी सहदै भोक शोक सहँदै*
*जीवन त रूँदै हाँस्दै गयो वरीलै*
*केही गरूँ भन्दा भन्दै गयो वरीलै*
*जीवन त पत्तै नपाई गयो वरीलै*
*जीवन त रूँदै हाँस्दै गयो वरीलै*
*हेर हेर सम्झ सम्झ सबै तिर हेर*
*कतै हाम्रो जीवन उसै गै रहेछ कि खेर ।*
*गयो बरीलै गयो वरीलै*
*जीवन त रूँदै हाँस्दै गयो वरीलै....*



**Q: Once a Sannyasi got into some great trouble. Even though Krishna saw this, He did not help him. Why?**

A: According to the Rule, the *Sannyasi* should not defend himself. By defending himself, he did not need God's (Krishna's) help. But for *Grihastha* Self-defence is the Rule.

**A devotee:** But I understand that you, though a Sannyasi, were defending yourself! This is a contradiction. Isn't so?

A: I am not a Sannyasi nor am I a householder! I live **RL.** This is the beauty of **RL.** It is as it is! It has no like!

*****

Life is painful. I too have suffered. All sufferings have also come to me. But now after Realisation, I can enjoy them!

*****



Dr. YB Shrestha Malla

# SHIVAPURI BABA ON HIMSELF

Suppose I become a world-emperor. This world is like a great palace to live in. But it is a prison within a prison. Know that Life also is a prison; *we must get out of it as soon as possible!* Don't forget that this is our main job!

*Devotion, Restraint and Duty (Bhakti, Yoga, Karma)* are all good but not true. If you set up the Definite Goal of God-Realisation, temptations do not come to you.

*****

*The Soul is aware of everything (Purusha sab dekhte rahahataa)* -- Waking, Sleep and Dreams -- and all.

*****

**SB: "Everything is God's will"**--this thought has given me satisfaction.

*****

Now I live in *Prarabdha:* I simply exist. I do not live really! Somebody comes to me ask something; and I respond.

About Teaching: Buddha was fresh from university as it were. He had not learnt the art of teaching. I am an old bug, you know. I teach by making animals and stones speak!

*****

I enjoyed much in my past lives: so I am suffering now. *(Then pointing to some devotees)* you too are enjoying!

**Let Death come, I am ready to welcome Him! My work is finished.**

I have travelled through the whole world and met each and every prominent person. I have come across only

10-12 persons who have fully realised the Truth.
*Shivapuri Mountain is really great: it has immense spirituality. If you live there for one year, all divine qualities Come to you.*

*****

People ask **me "What is freedom?"** For me freedom means freedom from **Pains** (physical), **Worries** (Mental), **Doubts** (Intellectual) and **Fears** (Spiritual).

*****

God-Realisation is the only experience to be gained. Intermediate experiences are more likely than not, to be bondage creating. Actually God and one *(Purusha)* only there are.

*****

There is butter in the milk. Churn it, then it will come out! Similarly God is in the creation; churn Him out! That is all.

*****

**You know how strong Mind is!** It can be anywhere, any place, any moment; for example, it can go to the sun and return in a split second! Such a mind has to be conquered and even "killed" before you qualify for God!

*****

**Too much knowledge not wanted Right Practical Intelligence is wanted.** e.g. Story of Cat & the Jackal.
For the present **be a Tortoise**. It is slow but steady; but it wins the race, you know! The hare runs madly, tires quickly, takes rest and goes to sleep! He loses!

*****

Whenever you come across something in worldly life by seeing, touching, smelling, feeling, eating etc. you may like it or dislike. In **RL** this should not happen: you should plan ahead e.g. Have you heard the story of the fishes and the fishermen? Just don't react. Anything that helps you in your Duties, accept.
Remember my encounter with a European Lady who demanded all his money while travelling in railway. I act like a deaf person and outwitted her... The lesson is -- be smart and act promptly and rightly.
Read enough which makes you do your Profession/Duties rightly. Leave everything to me: I will save you. Krishna also told this to Arjun. Leave everything and come to me *(Sarba dharmaan Payarityajya maamekam shoran braja). I will save you.*

*****

**Govinda Narayan** (Secretary to King Tribhuvan): **How will a man who desires to steal, reach Truth?**
A: Change of desire is not necessary, only reform it. For example, a thief stealing from the rich or bad people who keeps that much what is required for him/family and give the rest in Charity may reach the Truth. Renounce and enjoy *(Tenatyktena Bhunjitha)*. Many sadhus do this.

*****

Compounder (GD) too has emotions. In the external side he is rather correct than not. TL procrastinates; may any day be caught by death Life is unwanted -- Buddha knew this. This is Dispassion (Vairagya), which must come to you. In fact this is the first qualification. If so, you are like a 5 year-old child; then you can be admitted in the school of **RL.** The Glass is convenient for drinking water. But people can drink with their palms as well. (Drinking water is the main thing.) In the same way, circumstances are no bar for **RL.**

*****

**Higher Mind** brings harmony; it is necessary for meditation.

*****

**What is this life? Who am I?** --These are obscure things. But unless they are understood, pains & fears will not go.
**Q: Who can succeed?**
A: **One who struggles!** So go on struggling. One day you will gain knowledge and then Highest Wisdom too.

*****

From all my experiences I have learnt -- **Discrimination** is the Truth. **Morality & Intelligence** for maintaining life; then **Meditation** for beyond. As you go on meditating, you yourself will be able to have the Highest Understanding.

*****

**It means: When God is known everything is known. Know that material life is nothing -- know God first, then you will know everything.**

*****

Playing your mind in various ways and Duties are required. If you do not know God, you know nothing. For example, you can say, "O God! Where are you! I will bombard you!" If He appears and ask you what you want, tell Him, "I do not know, you know what is best for me." Man to be hated most. You have heard so much of **RL,** still you cannot practise even a little. How can you blame others?
In worldly life, Power (**Shakti**) is wanted by everybody, not Purity (**Shuddhi**)); but in reality Purity is more valuable.
Kick off all desires except seeing the Ultimate. Nothing should be wanted except God.

*****

**Duties & Meditation on God**--if you take these two only and do no Useless & Harmful works *(Akarma & Vikarma)*, you will get everything, every knowledge. Actually God & Oneself only there are!

*****

Progress is necessary, but it should be based on Reason & Logic. Therefore Reason could be regarded as progress when one tries to go beyond.

*****

It is a great fortune that you have not run away from **RL. RL** is a driest thing -- it is a journey full of storms and rainfall and no shelter!

*****

"There is God. If I meditate on Him, everyday I will see Him."-- This Simple Faith is all we need!

**Imagination** is necessary, especially of God. But it should be based on Reason and Logic.

Right Spirit of doing your Duties is your only Hope, not God or Guru or anybody or anything else. In this household life also, you can gain great things, even God-Realisation. If the right spirit is absent, no hope.

*****

**Be positive always;** try to remember the moral of the Story of a pucca Brahmin & a Prostitute. If you are positive, you are sure to stay at the top always; but if you become negative, you may fall down to the bottom.

*****

Even to call God All-knowing, All-powerful, All-Pervasive, is to limit Him.

To brood over worldly affairs is to lack faith in God. He is always before us, He is guiding us, He will make everything right, if we have done our best -- this feeling we should have.

Have God-feeling everywhere in everything & everybody; it is like surrounding the enemy with a large army!

*****

It is said by the Wise that for living **RL,** one should forget all Shastras/Scriptures. They are to be taken to only as meditation.

**All Duties** to be done light-heartedly. Even God-vision depends on His will. Impatience we should have, only because there might not be relapse.

*****

**Love** even your greatest enemies.

*****

Get absorbed in your **Duties,** and leave everything else to Fate. Make your **Mind steady** like Gore Dai's.

**Q: What is the definition of RL? Please reply me in one sentence if possible.**

**A: Reason** -- best generalisation of **RL.**

**Gunaateet --** next best.

**Cultivation of Virtues** -- third best.

*****

| SB = Shivapuri Baba | RL = Right Life |
|---|---|





# युगान्तकारी अक्टुबर क्रान्तिको गौरवमय गाथा

.......... हस्तबहादुर केसी

२५ अक्टुबर विश्वसर्वहारावर्गका लागि एक ऐतिहासिक दिन हो । यसै दिन अर्थात् सन् १९१७ अक्टुबर २५ का दिन महान् रूसी अक्टुबर क्रान्ति सम्पन्न भएको थियो । यस क्रान्तिले विश्वमानव समाजमा पहिलो पटक सर्वहारावर्गको अधिनायकत्व स्थापना गरेको थियो र पुँजीवादी राज्यव्यवस्थालाई माटोको धुलोमा पुरी दिएको थियो । त्यसैले यो क्रान्ति एक ऐतिहासिक र युगान्तकारी घटना थियो । यस अक्टुबर क्रान्तिले एउटा नयाँ युगको महान समाजवादी क्रान्तिको युगको सूत्रपात गरेको थियो, यस क्रान्तिका कारण नयाँ संसार निर्माणको थालनी गरेको थियो । जसको अहिले पनि विश्वभरका सर्वहारा श्रमजीवी वर्गले यसको गौरव गाथा गाइनै रहेका छन् ।

कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा विश्वविख्यात कम्युनिष्ट घोषणापत्र जारी भएको ठिक ६९ वर्ष पछि, कम्युनिष्ट अन्तर्राष्ट्रिय गठन भएको ५३ वर्षपछि, पेरिस कम्युन निर्माण भएको ४६ वर्ष पछि कार्ल मार्क्सको निधन भएको ३४ वर्ष पछि र फ्रेडरिक एंगेल्सको मृत्यु भएको ठिक २२ वर्ष पछि महान् रूसी अक्टुबर समाजवादी क्रान्ति महान लेनिनको नेतृत्वमा रूसी बोल्सेविक कम्युनिष्ट पार्टीले सम्पन्न त्यहाँ पुँजीवादको पुनःस्थापना भएको भए पनि आज १०० वर्ष पुगिसक्दासम्म पनि अक्टुबर क्रान्तिको महत्व समाप्त भएको छैन, झनै बढेर गएको छ, किनभने आजको युग साम्राज्यवाद र विश्व सर्वहारावर्ग बिचको भीषण संघर्षको युग हो । फेरी पनि सर्वहारावर्गले पुँजीवादी राज्यव्यवस्थालाई ध्वंश गरेर माटोमा मिलाई दिनेछ र सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्ने छ । समाजको गतिको यो वैज्ञानिक नियमलाई विश्वको कुनै पनि ताकतले रोक्न सक्ने वाला छैन ।

यही वर्ष अर्थात् सन् २०१७ अक्टुबर २५ तारिखका दिन महान रूसी अक्टुबर क्रान्ति सम्पन्न भएको १०० वर्ष पुरा हुदै छ । यस ऐतिहासिक अवसरमा विश्वसर्वहारावर्ग र क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले यस वर्षको २५ तारिखका दिन अक्टुबर क्रान्तिको सतवार्षिकी धुमधामका साथ मनाउने तयारी गरिरहेका छन् ।

अक्टुबर क्रान्तिको ऐतिहासिक महत्व के मा निहित छ ? यस क्रान्ति कसरी सम्पन्न गरिएको थियो र यसबाट विश्वसर्वहारा वर्गले के शिक्षा लिन जरूरी आदि विषयमा यस लेखमा संक्षेपमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

जुन समयमा रूसमा पुँजीवादी व्यवस्थाले साम्राज्यवादमा प्रवेश गरिसकेको थियो, त्यही अवस्थामा पुँजीवादी-साम्राज्यवादी व्यवस्थालाई ध्वस्त गरि वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्ने महान योजना र लक्ष्यका साथ विश्वसर्वहारावर्गका महान् नेता तथा सोभियत कम्युनिष्ट पार्टी (बोल्सेविक) का नेता भी.आई. लेनिनको नेतृत्वमा मजदूर वर्गको अगुवाइमा र किसानहरूको सहयोगमा २५ अक्टुबर सन् १९१७ मा सम्पन्न गरिएको महान समाजवादी क्रान्तिलाई महान् अक्टुबर क्रान्ति भनिन्छ ।

महान् अक्टुबर समाजवादी क्रान्ति सशस्त्र जनविद्रोहका साथ तत्कालिन रूसका दुई राजधानी मस्को र पेत्रोग्रादमध्ये एक पेत्रोग्रादमा परम्परागत पात्रो अनुसार २५ अक्टुबर १९१७ र नयाँ पात्रो अनुसार ७ नोभेम्बर १९१७ मा सम्पन्न भएको थियो । सन् १९१८ पछि ७ नोभेम्बरलाई अक्टुबर क्रान्तिको वार्षिक उत्सवलाई औपचारिक राष्ट्रिय दिवस मनाइएको थियो ।

महान् रूसी अक्टुबर समाजवादी क्रान्तिले रूसमा पुँजीवादी व्यवस्थालाई ध्वंश गरि वैज्ञानिक समाजवादी राज्यव्यवस्थाको स्थापना गरेको थियो । यस महान् रूसी अक्टुबर समाजवादी क्रान्तिले विश्वमा नै मानवजातिको इतिहासमा पहिलो पटक पुँजीवादी राज्यव्यवस्थाको अन्त्य गरि सर्वहारावर्गको अधिनायकत्व स्थापना गरेको थियो । अर्थात् यस क्रान्तिले विश्वमा नै पहिलो पटक पुजीवादीवर्गको हातबाट पुँजीवादी व्यवस्था छिनेर श्रमजीवीवर्ग सर्वहारावर्गको हातमा राज्यसत्ता सुम्पेर विश्वमै पहिलो पटक श्रमिजीवी वर्ग, कामगरि खाने वर्ग अर्थात सर्वहारावर्गलाई सोभियत रूसको मालिक वर्गका रूपमा रुपान्तरण गरिदिएको थियो ।

**रूसी समाजवादी क्रान्तिलाई किन अक्टुबर क्रान्ति भनिन्छ ?**

अक्टुबर समाजवादी क्रान्ति तत्कालिन रूसी पात्रो अनुसार यो नोभेम्बर महिनामा भएको क्रान्ति भए पनि यसलाई अक्टुबर क्रान्ति नै भनिन्छ । सन् १९१७ को फेब्रुअरी क्रान्तिले जारशाहीको शासनलाई उन्मुलन गरेर पुँजीवादी लोकतान्त्रिक प्रणालीको स्थापना गरेको थियो । यसलाई बुर्जुवा डेमोक्रेटिक क्रान्ति पनि भनिन्छ । यसले जारशाहीलाई सत्ताच्यूत गरे पनि अस्थायी वा अन्तरिम सरकारका रूपमा स्थापना भएको थियो । यसको प्रमुखमा समाजवादी नेता करेन्स्की सरकारका प्रमुख थिए । त्यस सरकारमा मेन्सेबिकहरू पनि सम्मेलित थिए । मेन्सेविक भनेको रूसको सुधारवादी पार्टी थियो ।

तत्कालिन अवस्थामा पहिलो विश्वयुद्ध चलिरहेको र जनता युद्धको अन्त्य र शान्तिको स्थापना चाहन्थे । तर जनताको यो भावनालाई संबोधन गर्न अस्थायी सरकारले नसके पछि जनआक्रोस बढ्दै गए पछि त्यसै अवस्थामा लेनिनको नेतृत्वमा २५ अक्टुबर १९१७ मा क्रान्ति सम्पन्न भयो र यसलाई वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गर्‍यो । रूसी क्रान्तिकारी कम्युनिष्ट पार्टी (बोल्सेविक) को

नेतृत्वमा सम्पन्न भएको क्रान्तिलाई अक्टुबर क्रान्ति भनिन्छ । यो क्रान्तिले विश्वमै पहिलो पटक पुँजीवादको अन्त्य र समाजको स्थापनाको पहिलो राजनीतिक घटना हुन पुगेकाले अक्टुबर क्रान्तिलाई महान् युगान्तकारी समाजवादी क्रान्तिको नाम दिइएको हो । र यस क्रान्तिले सर्वहारावर्गलाई पुँजीवादको चिहान खन्ने वर्गको रूपमा स्थापित गरेको पहिलो घटना भएकोले यसलाई विश्वमानव समाजमा एक ऐतिहासिक घटना र एक युगान्तकारी घटनाका रूपमा लिइन्छ ।

यस अघि सन् १७७६ मा उपनिवेशवादका विरूद्धमा अमेरिकामा भएको स्वतन्त्रता संग्रामले उपनिवेशवादी युगको अन्त्यको प्रारम्भ गरेको थियो । त्यस पछि सन् १७८९ मा फ्रान्समा भएको राज्यक्रान्तिले राजतन्त्रको अन्त्यको युगलाई समाप्त गरि जनताको राज्य स्थापना गर्ने कार्य गरेको थियो भने यो क्रान्ति पछि युगलाई नै परिवर्तन गर्ने र इतिहासलाई उलटफेर गर्ने भएकाले यो महान युगान्तकारी क्रान्तिका रूपमा अक्टुबर क्रान्ति रहेको छ ।

महान् रूसी अक्टुबर क्रान्ति सम्पन्न भएको यसै वर्षको अक्टुबर २५ का दिन १०० वर्ष पुरा हुदै छ । यस वर्ष विश्वभरका क्रान्तिकारी कम्युनिष्टहरू र सर्वहारा वर्गले अक्टुबर समाजवादी क्रान्तिको सतवार्षिकी धुमधामका साथ मनाउने तयारी गरिरहेका छन् ।

**अक्टुबर क्रान्ति सम्पन्न गर्न गरिएको तयारी**

अक्टुबर क्रान्ति कुनै जादूमयी तरिकाले सम्पन्न गरिएको घटना होइन । कुनै पनि क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिकारी कम्युनिष्टहरूलाई लामो तयारीको आवश्यकता पर्दछ । जस्तै :

१) क्रान्तिकारी सिद्धान्तलाई ठोस गर्ने तयारी

२) क्रान्तिकारी पार्टी निर्माणको तयारी ।

३) ठोस कार्यदिशाको निर्माणको तयारी ।

४) निश्चित योजना निर्माणको तयारी ।

५) कार्यान्वयनको कलात्मक तयारी ।

६) सैन्य योजनाको ठोस तयारी ।

७) संयुक्त मोर्चाको निर्माण र परिचालनको तयारी

८) ठोस परिस्थितिको ठोस विश्लेषणको आवश्यकता आदि ।

**क) क्रान्तिका लागि क्रान्तिकारी विचारको प्रश्न**

“अत्यन्त विकसित सिद्धान्तद्वारा निर्देशित पार्टीले मात्र अग्रगामी लडाकूको भूमिका पुरा गर्न सक्छ” भन्नु हुने लेनिनले सर्वप्रथम क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्तको बारेमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने सिलसिलामा मार्क्सवादको दोस्रो चरणमा लेनिनवादको प्रतिपादन गरेर मार्क्सवादको सैद्धान्तिक ज्ञानभण्डारमा थप योगदान पुर्‍याउनु भयो । र क्रान्तिकारी मार्क्सवाद नै समाजवादी क्रान्तिका लागि पथप्रदर्शक सिद्धान्त हुने कुरा सुनिश्चित गर्नु भयो ।

**ख) क्रान्तिकारी पार्टीको निर्माण**

क्रान्ति सम्पन्न गर्न क्रान्तिकारी पार्टीको आवश्यक पर्दछ । अक्टुबर क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिका लागि सिद्धान्त र क्रान्तिकारी पार्टी आवश्यक पर्दछ भन्नु हुने लेनिनले सन् १९०३ मा नै तेस्रो महाधिवेशनबाट मार्तोमपन्थी, मेन्सेविक पन्थीहरूसित सम्बन्ध विच्छेद गरेर नयाँ ढंगको क्रान्तिकारी कम्युनिष्ट पार्टी रूसी कम्युनिष्ट पार्टी (बोल्सेविक) को निर्माण गरेर अगाडि बढनु भयो । र जुलाई १९१२ मा प्राग पार्टी सम्मेलन सम्पन्न गरियो । प्राग पार्टी सम्मेलनले बोल्सेविक पार्टीभित्र रहेका मेन्सेविकवादीहरू, अर्थवादीहरू सामाजिक जनवादीहरू लगायतका अवसरवादीहरूलाई निकालेर लेनिनको नेतृत्वमा बोल्सेविकहरूद्वारा एउटा स्वतन्त्र मार्क्सवादी पार्टीको निर्माण गर्न सफलता मिलेको थियो । यसकै नेतृत्वमा २५ अक्टुबर १९१७ मा महान रूसी अक्टुबर क्रान्ति सम्पन्न भएको थियो । क्रान्तिका लागि क्रान्तिकारी पार्टी आवश्यक पर्दछ भन्ने लेनिनको सैद्धान्तिक मान्यतालाई यसले प्रमाणित गरिदिएको थियो ।

प्राग सम्मेलन (जनवरी १९१२) मा मेन्सेविकहरूलाई पार्टीबाट निस्काशित गरियो र एउटै पार्टीभित्र मेन्सेविकहरूसितको बोल्सेविकहरूको औपचारिक एकता सदाका लागि खतम भयो । त्यस पछि अगाडि बढेर बोल्सेविकहरूले औपचारिक रूपले आफूलाई एउटा स्वतन्त्र पार्टी रसियाली सामाजिक–जनवादी मजदूर पार्टी (बोल्सेविक) मा संगठित पारे । प्राग सम्मेलनले एउटा नयाँ ढंगको पार्टी–मार्क्सवादी–लेनिनवादी पार्टी, बोल्सेविक पार्टीको श्री गणेश गर्‍यो ।

प्राग सम्मेलनमा सर्वहारा पार्टीबाट अवसरवादीहरूलाई, मेन्सेविकहरूलाई, निस्काशित गरे पश्चात यस कार्यले पार्टी र क्रान्तिको तयारीका कामलाई अगाडि बढाउन महत्वपूर्ण र निर्णायक प्रभाव पार्‍यो । यदि बोल्सेविकहरूले सर्वहारावर्गको लक्ष्यप्रति मजदूरहरूको, लक्ष्यप्रति विश्वासघात गर्नेहरूलाई, मेन्सेविक सम्झौतावादीहरूलाई पार्टीबाट निकालेर नपठाएको भए बोल्सेविक पार्टीले २५ अक्टुबर सन् १९१७ मा सर्वहारावर्गको अधिनायकतन्त्र प्राप्तिका लागि संघर्षमा जनलाई जागृत पार्न सक्ने थिएन ।

प्राग सम्मेलन नै अक्टुबर क्रान्तिको मुख्य आधार बन्यो । मेन्सेविकहरूलाई विचारधारात्मक र संगठनात्मक दृष्टिबाट खतम पारेपछि र उनिहरूलाई पार्टीबाट निकालेपछि बोल्सेविकहरूले पार्टीको पुरानो झण्डा र.सा.ज.म.पा. को झण्डालाई कायम राखे ।

१९१२ को शुरमा गोर्कीलाई लेखेको चिठ्ठीमा लेनिनले प्राग सम्मेलनको परिणामबारे भन्नुभएको थियो :

“आखिरमा, विसर्जनवादी फोहरमैला हुँदाहुँदै पनि, हाम्रो पार्टी र त्यसको केन्द्रीय समितिलाई पुनस्थापित गर्नमा सफल भएका छौं । आशा छ, यस कुरामा तपाईंलाई पनि खुशी लाग्नेछ ।” (लेनिन, संकलित रचनाहरू, रसियाली संस्करण, भाग २५, पृष्ठ १९)

प्राग सम्मेलनको महत्वबारे चर्चा गर्नु हुँदै कामरेड स्टालिनने भन्नुभयो :

“यो सम्मेलन हाम्रो पार्टीको इतिहासमा औधी महत्वको थियो, किनभने यसले बोल्सेविक र मेन्सेविकहरूका बीचमा एउटा सीमारेखा कोरिदियो, र मुलुकभरका बोल्शेविक संगठनहरूलाई एउटा संयुक्त बोल्सेविक पार्टीमा एकत्रित पार्‍यो ।” (सो.सं.क.पा. (बो.) को पन्ध्रौं महाधिवेशनको शब्दशः प्रतिवेदन, रसियाली संस्करण, पृष्ठ ३६१–६३)

मेन्सेविकहरूको निस्काशन र एउटा स्वतन्त्र पार्टीको निर्माणपछि बोल्सेविक पार्टी झन् दरो र बलियो भयो । पार्टीले आफ्ना पङ्क्तिहरूबाट अवसरवादी तत्वहरूलाई निकालेर आफूलाई बलियो पार्छ– यो दोस्रो इन्टरेशनलका सामाजिक–जनवादी पार्टीहरूबाट मूलतः भिन्नै नयाँ खालको पार्टी, बोल्शेविक पार्टीको एउटा सिद्धान्त हो । दोस्रो इन्टरनेशनलका पार्टीहरू आफूलाई मार्क्सवादी पार्टी भन्दथे तर तिनीहरूले वास्तवमा

मार्क्सवादका शत्रु, खुल्ला अवसरवादीहरूलाई आफूभित्र राखिछाडेका थिए र उनीहरूलाई दोस्रो इन्टरनेसनललाई भ्रष्ट पार्न र बिगार्न छुट दिएका थिए । त्यसको उल्टो, बोल्शेविकहरूले अवसरवादीहरूको विरूद्ध डटेर सङ्घर्ष चलाए, सर्वहारा पार्टीबाट अवसरवादका फोहरमैला बढारेर पठाए र एउटा नयाँ खालको पार्टी, लेनिवादी पार्टी निर्माण गर्नमा सफलता हासिल गरे, र यही पार्टीले पछि गएर सर्वहारावर्गको अधिनायकतन्त्र कायम गऱ्यो ।

सर्वहारा पार्टीका पङ्क्तिहरूमा अवसरवादीहरू रहिरहेका भए, बोल्शेविक पार्टीले फराकिलो राजमार्गमा निस्केर सर्वहारावर्गको नेतृत्व गर्नसक्ने थिएन, यसले सत्ता कब्जा गरेर सर्वहारावर्गको अधिनायकतन्त्र स्थापना गर्न सक्ने थिएन र यसले गृह-युद्धमा विजयी बनेर समाजवादको निर्माण गर्न सक्ने थिएन ।

सन् १९१२ देखि १९१४ सम्म बोल्सेविकहरूले वैधानिक कामलाई महत्व दियो । खुला कार्यक्रम गऱ्यो । क्रान्तिको नयाँ उत्थानको अवधिमा (१९१२-१४) बोल्शेविक पार्टीले मजदूर आन्दोलनको नेतृत्व गरेर त्यसलाई बोल्शेविक नाराहरू अन्तर्गत नयाँ क्रान्तितर्फ लग्यो । पार्टीले योग्यतापूर्वक गैर-कानूनी कामलाई कानुनी कामसित गाँस्यो । विसर्जनवादीहरू र तिनका मित्र ट्राटस्कीपन्थी र बहिष्कारवादीहरूको प्रतिरोधलाई चकनाचूर पारेर पार्टीले सबै खालको कानुनी आन्दोलनमा नेतृत्व हासिल गऱ्यो, र विद्यमान कानुनी संगठनहरूलाई आफ्नो क्रान्तिकारी कामको आधारमा फेऱ्यो ।

मजदूरवर्गका शत्रुहरू र मजदूर आन्दोलनभित्र तिनका दलालहरूको विरूद्ध सङ्घर्षमा पार्टीले आफ्ना पंक्तिहरूलाई सुदृढ बनायो, र मजदूरवर्गसितको आफ्नो सम्बन्धलाई विस्तृत पाऱ्यो । दूमालाई क्रान्तिकारी प्रचार-आन्दोलनको मञ्चको रूपमा व्यापक ढंगले उपयोग गरेर र आम मजदूरहरूको राम्रो अखबार प्राव्दाको स्थापना गरेर पार्टीले क्रान्तिकारी कार्यकर्ताहरूको एउटा नयाँ पुस्तालाई, प्राव्दापन्थीहरूलाई प्रशिक्षित पाऱ्यो । साम्राज्यवादी युद्धको बेलामा मजदूरहरूको यो अंग अन्तर्राष्ट्रियतावाद र सर्वहारा क्रान्तिको झण्डाप्रति इमानन्दार रह्यो । पछि गएर अक्टोबर १९१७ को क्रान्तिको बेलामा यो अंग बोल्शेविक पार्टीको ढाड बन्यो ।

साम्राज्यवादी युद्ध शुरू हुनुअघि पार्टीले क्रान्तिकारी कार्वाहीमा मजदूरवर्गको नेतृत्व गऱ्यो । यी कार्वाहीहरू अग्रणी मुठभेड थिए र साम्राज्यवादी युद्धले गर्दा त्यसमा बाधा पऱ्यो, र तीन वर्षपछि फेरि शुरू भई त्यसले जारशाहीलाई खतम पाऱ्यो । बोल्शेविक पार्टीले सर्वहारा अन्तर्राष्ट्रियतावादको झण्डा फरफराउदै साम्राज्यवादी युद्धको कठिन अवधिमा प्रवेश गऱ्यो ।

'ठोस परिस्थितिको ठोस विश्लेषण मार्क्सवादको आत्मा हो' भन्नु हुने लेनिनले बोल्सेविक क्रान्तिका लागि सोभियत रूस र अन्तर्राष्ट्रिय परिस्थितिको ठोस विश्लेषण गर्नु भयो । अप्रिल थेसिस मार्फत लेनिनले रूसमा क्रान्ति गर्ने बेला (जनविद्रोह गर्ने) बेला परिपक्व भई सकेको छ, ढिला गर्न हुन्न भन्ने निस्कर्ष निकाल्नु भयो । लेनिनले क्रान्तिका लागि "विद्यमान सरकार देश र जनताको लागि काम गर्नै नसक्ने अवस्थामा पुगेछ र जनता त्यस सरकारलाई स्वीकार गर्न सकने अवस्थामा नभएको परिस्थितिमा पुगेको बेला छ भने क्रान्ति सम्भव छ" भन्ने विश्लेषण गर्नु भयो । र त्यसबेला अस्थाई सरकारले सरकार चलाउने नसक्ने अवस्थामा पुगेको थियो भने रूसी जनता त्यस सरकारलाई रत्तिभर विश्वास गर्दैन्थिए जसका कारण बोल्सेविकहरूलाई विद्रोह संचालित गर्न सजिलो भयो ।

क्रान्तिलाई सम्भव तुल्याउनका लागि निम्ति तात्कालिक नाराहरू र कार्यक्रमिक योजनाको महत्वपूर्ण भूमिका हुन्छ । तत्कालिन अवस्थामा बोल्सेविक पार्टीले "शान्ति, जमीन र रोटी" को नारा दियो । उक्त नाराले बोल्सेविकहरूलाई अक्टुबर क्रान्ति सम्पन्न गर्न कोसेढुङ्गाको काम गऱ्यो ।

सन् १८९७ देखि १९१७ सम्मको समग्र अवधिमा निम्न पुस्तकहरू लेखेर लेनिनले रूसमा दार्शनिक, सैद्धान्तिक, वैचारिक, राजनीतिक, आर्थिक आदि चेतनाको विकास गराउनु भयो :

- आर्थिक स्वच्छन्दताको चरित्र चित्रण ( १८९७, दर्शन)
- रूसमा पूँजीवादको विकास (१८९९, अर्थशास्त्र)
- के गर्ने ? (१९०१ - ०२ समाजवाद)
- एक पाइला अघि दुई पाइला पछि (१९०४, समाजवाद)
- जनवादी क्रान्तिमा सामाजिक जनवादका दुई कार्यनीति (१९०५, समाजवाद)
- क्रान्तिकारी पार्टी र क्रान्तिकारी सेना (१९०५, समाजवाद)
- भौतिकवाद र अनुभवसिद्ध आलोचना (१९०८, दर्शन)
- मार्क्सवाद र संशोधनवाद (१९०८, समाजवाद)
- मार्क्सवादका ३ स्रोत र ३ संघटक अंग (१९१३, दर्शन)
- दार्शनिक नोटबुक (१९१४-१६, दर्शन)
- साम्राज्यवाद : पूँजीवादको चरम अवस्था (१९१६, अर्थशास्त्र)
- समाजवाद र युद्ध (१९१६, समाजवाद)
- समाजवादी क्रान्ति र जातिहरूको आत्मनिर्माणको अधिकार (१९१६, समाजवाद)
- सर्वहारावर्गको सैन्य कार्यक्रम (१९१६, समाजवाद)
- युद्ध र क्रान्ति (१९१७, समाजवाद)
- राज्य र क्रान्ति (१९१७, समाजवाद)
- मार्क्सवाद र विद्रोह (१९१७, समाजवाद)
- अप्रिल थेसिस (१९१७, समाजवाद)

**यसरी शुरू गरियो अक्टुबर क्रान्ति**

लेनिनको नेतृत्वमा रहेको बोल्शेभिक पार्टीले रूसमा समाजवादी क्रान्ति सम्पन्न गर्नको लागि १५ दिन अगाडि मात्रै सशस्त्र विद्रोहको कार्यान्वयन गर्ने निर्णय गरेको थियो । तारिखमा लेनिन गोप्यरूपमा फिनल्याण्डबाट पेत्रोग्रादमा आइपुग्नु भयो । १९१७ अप्रिल ४ का दिन अप्रिल थेसीस प्रस्तुत गर्नुभयो । १० अक्टोबर १९१७ मा पार्टी केन्द्रीय समितिको ऐतिहासिक बैठक बस्यो, जसमा आगामी केही दिनमा सशस्त्र विद्रोह चलाउने निर्णय भयो ।

रूसमा समाजवादी क्रान्तिको तुलनात्मकरूपले सजिलैसित विजय हासिल हुनमा धेरै कारणहरू थिए । ति मध्ये मुख्य कारण निम्न थिए :

१. जारलाई सत्ताच्यूत गरेपछि आएको बुर्जुवा सरकार एकदमै कमजोर, असंगठीत र अनुभव हिन थियो र

त्यसको कामगर्ने तौरतरिका जारको भन्दा फरक थिएन ।

२. क्रान्तिको नेतृत्व दुइवटा क्रान्तिबाट गुज्रि सकेको र लडाईहरूबाट खारिएको क्रान्तिकारी मजदुरवर्गले गरेको थियो ।

३. मजदुरवर्गले गरिब किसानहरूसँग प्रभावकारी एकता कायम गरेका थिए र बोल्शेभिक पार्टीले जमिनदारहरू विरूद्ध लडेर उनिहरूको समस्या समाधान गर्न सक्दछ भनि प्रमाणित गरेको थियो ।

४. मजदुरवर्गको नेतृत्व राजनीतिक लडाइहरूमा प्रयत्नशील र परीक्षित भएको बोल्शेभिक पार्टीले गरेको थियो ।

५. साम्राज्यवादीहरू आफै युद्धमा फसेका र विभाजित भएका थिए, त्यसरी उनीहरू रूसमाथि हस्तक्षेप गर्न असमर्थ थिए ।

१० अक्टोबरको पार्टीको केन्द्रिय समितिको बैठकमा लेनिनले सशस्त्र संघर्ष सुरू गर्ने प्रस्ताव राखे । के.स. का दुईजना सदस्यहरू कामेनेव र जिनोवियवले परिस्थिति तयार नभएको भनेर त्यो प्रस्तावको विरोध गरे । त्यति मात्र होइन, पार्टीले सशस्त्र संघर्षको दुस्साहसपूर्ण कदम उठाउँदैछ भनेर त्यो निर्णयालाई बाहिर लगे र त्यो थाहा पाएर विद्रोहलाई दबाउन तयारी गर्न थाल्यो र त्यसका लागि मोर्चाबाट सेना फिर्ता बोलाएर पठायो, ट्राटस्कीले पेत्रोग्राद सोभियतको कोराउन बैठकमा धाक लगाउँदै विद्रोहको दिन पनि बताइदिए । त्यसपछि पार्टीले तोकिएको दिनभन्दा पहिले नै विद्रोह गर्ने निर्णय गऱ्यो र २५ अक्टोबर (नयाँ ७ नोभेम्बर) मा समाजवादी क्रान्ति भयो । क्रान्तिलाई दबाउन सल्लाह गर्नका लागि बैठक गर्न थालेको बेलामा घेरा हालेर पुरै मन्त्री मण्डललाई गिरफ्तार गरियो र सत्ता कब्जा गरियो । त्यसरी सशस्त्र विद्रोहको शुरू गरेर बोल्शेभिक पार्टीले अक्टोबर २५ मा अस्थायी बुर्जुवा सरकारलाई सत्ताच्यूत गरेर राज्यसत्ता सोभियतहरूको हातमा आएको घोषण रूसी जनता सामु गरेका थिए । बोल्शेभिक पार्टीको इतिहासबाट के कुरा स्पष्ट हुन्छ भने यदि पार्टी सशक्त छ र जनसमर्थन प्राप्त छ, त्यसै गरेर समग्र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति अनुकुल छ भने राज्य सत्ता कब्जा गरेर अगाडि बढनकालागि तत्कालिन परिस्थितिको ठोस विश्लेषण गरेर सशस्त्र संघर्षको स्वरूप तय र किटान गर्न सकिन्छ । तर सत्ता कब्जा गर्ने नीति भएतापनि बोल्शेभिक पार्टीले उपर्युक्त परिस्थिति तयार हुनुभन्दा अगावै शसस्त्र विद्रोहद्वार सत्ताकब्जा गर्ने घोषणा गरेको थिएन ।

### अक्टुबर क्रान्तिले पारेको प्रभाव

२५ अक्टुबर सन् १९१७ मा सम्पन्न महान् रूसी अक्टुबर क्रान्तिले विश्वभरमै ठूलो प्रभाव मात्रै पारेनकि विश्वमै ठूलो हलचल पैदा गरिदियो । त्यस क्रान्तिले पहिलो पटक सशस्त्र जनविद्रोह (आमजनविद्रोह) मार्फत पुँजी वादी राज्यव्यवस्थालाई ध्वंश गरि त्यस ठाउँमा सर्वहारावर्गको राज्यसत्ता स्थापना हुन पुगेर पहिलो पटक नै सर्वहारावर्गको अधिनायकत्व कायम हुन पुगेकाले विश्वभरका श्रमीक सर्वहारावर्ग ज्यादै उत्साहित हुन पुग्यो ।

महान् रूसी अक्टुबर समाजवादी क्रान्ति उत्पीडित राष्ट्र र जनताका निम्ति आफ्नो मुक्तिको महान अभियानमा एउटा महत्वपूर्ण प्रेरणाको श्रोत बन्न पुग्यो ।

त्यसपछि एशीया, अफ्रिका, युरोप, ल्याटिन अमेरिका लगायत विश्वका कैयन देशहरूमा एक पछि अर्को गर्दै कम्युनिष्ट पार्टीहरू निर्माण हुन पुगे जस्तै जर्मन कम्युनिष्ट पार्टी (१९१८), भारतमा- हिन्दुस्तान कम्युनिष्ट ग्रुप (१७ अक्टोबर १९२० रूसमा), भारतीय कम्युनिष्ट पार्टी (सन् १९२८), भियतनामी कम्युनिष्ट पार्टी (१९२०), मङ्गोलियन कम्युनिष्ट पार्टी (१९२०), चिनियाँ कम्युनिष्ट पार्टी (१९२१), जापनीज कम्युनिष्ट पार्टी (१९२२), फिलिपिन्स कम्युनिष्ट पार्टी ( १९२४), इन्डोनेसियन कम्युनिष्ट पार्टी (१९२१), युगोस्लाभ कम्युनिष्ट (१९१९), बुल्गेरियन कम्युनिष्ट पार्टी (१९१९), हङ्गेरियन कम्युनिष्ट पार्टी (१९१८) भए । त्यसैगरी, इटालियन कम्युनिष्ट पार्टी (१९२१), बर्मिज कम्युनिष्ट पार्टी (१९४३), पेरूभियन कम्युनिष्ट पार्टी (१९२८), साउथ सिज कम्युनिष्ट पार्टी (१९२८)- यसलाई १९३० मा मलाया कम्युनिष्ट पार्टी भनियो । कोरियन वर्कस पार्टी (१९२५), इराकी कम्युनिष्ट पार्टी (१९३४), नेपालमा नेपाल कम्युनिष्ट पार्टी वि.सं. २००६ साल वैशाख ९ गते (२२ अप्रिल १९४९ भारतमा) ।

पूर्वी युरोपका २० औं देशहरूमा सोभियत मोडेलको समाजवादको स्थापना गरियो । चीन, उत्तर कोरिया, भियतनाम, कम्बोडिया लगायतका देशहरूमा जनवादी तथा समाजवादी क्रान्तिहरू सम्पन्न भए ।

### अक्टुबर क्रान्तिबाट लिनु पर्ने शिक्षा

यद्यपी लेनिनको नेतृत्वमा बोल्सेविक पार्टीले सोभियत रूसमा महान अक्टुबर क्रान्तिद्वारा निर्माण गरिएको समाजवादमाथि प्रतिक्रान्तिकारीहरूद्वारा प्रति क्रान्ति भएर त्यहाँ पुनः पुजीवादीको राज्यव्यवस्था स्थापना हुन पुग्यो । त्यसपछि घटनाले विश्वसमाजवादी शिविरमा ठूलो क्षति पुऱ्यायो र पूर्वी युरोप, चीन, भियतनाम, उत्तर कोरिया, कम्बोडिया लगायतका देशमा पनि प्रति क्रान्ति भएर तर पनि आज १०० वर्ष पछि पनि महान् रूसी अक्टुबर समाजवादी क्रान्तिको महत्व र सान्दर्भिकता उत्ति नै प्रेरणाको श्रोतका रूपमा रहेको छ ।

महान लेनिनले नै परिभाषित गर्नु भएको आजको युग साम्राज्यवाद र सर्वहारावर्ग बीचको भीषण संघर्ष युग हो । सर्वहारावर्गले विश्वक्रान्ति सम्पन्न गर्ने काम त बाँकी नै छ । त्यस अघि एशीया, अफ्रिका, युरोप, ल्याटिन अमेरिका लगायत विश्वभरका उत्पीडित राष्ट्र र जनताले आ-आफ्नो देशको विशेषतामा आधारित रहेर मालेमावादको पथप्रदर्शन र मार्ग निर्देशनमा क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले मुक्ति आन्दोलन तथा क्रान्ति सम्पन्न गर्ने काम पुरै बाँकी छ । यसका लागि अक्टुबर क्रान्तिबाट शिक्षा लिन जरूरी छ ।

नेपाल त झन आजसम्म पनि अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामै छ । यहाँ गरिने नया जनवादी क्रान्ति आम जनविद्रोह र सशस्त्र जनविद्रोह मार्फत पनि गर्न सकिने अवस्था रहेकाले मतान रूसी अक्टुबर क्रान्तिको शिक्षा लिन जरूरी छ नै ।

हुन त नेपालमा रसियन मोडेल र चिनीयाँ मोडेल बाहेक अर्को नेपाली विशेषतामा आधारित मोडेल अवलम्बन गरेर महान नेपाली जनवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ, तैपनि महान रूसी अक्टुबर समाजवादी क्रान्तिको महान शिक्षा ग्रहण गर्ने सवालमा पूर्णरूपमा उदासीन बन्न मिल्दैन । त्यसबाट शिक्षा लिन जरूरी छ । ◆◆

# ससुराल गएको थिएँ – अमेरिका



डम्बरप्रसाद घिमिरे

**जन्मनु, हुर्कनु र आराम लिने घरहरू कहाँ-कहाँ छन् ?**

- जन्मनु र हुर्कनु गगन-यूवन बीच प्रकृतिको नियम प्राकृतिक सृजना हो भने आराम गर्ने घरहरू मन मस्तिष्क र संसारबाट बिसाउनी घाटै हो ।

**शिक्षा र आर्जन के कसरी भयो ?**

- गहन परिश्रम र लगावले भयो, स्वच्छता र सत्मार्गमा हिडेर भयो, कुनै देव्रे दाहिने मार्ग समात्नु पर्दैन, असल मार्ग समातेरै भयो ।

**कुन जीवनमा बढी इज्जत हुदो रहेछ ?**

- निर्लोभी, निस्वार्थी र त्यागी जीवनमा बढी इज्जत हुँदो रहेछ, आनन्द पनि हुँदो रहेछ । उदाहरण- पहिले बुद्ध, जनक, महात्मा गान्धी, अहिले धुर्मुस, सुन्तली ।

**पत्नी, छोरा, छोरी र अन्य पारिवारिक सदस्यमा भरपर्दो को हुँदो रहेछन् ?**

- आमा नै हुँदो रहेछ किनभने पत्नी-छोरा-छोरी-साथी-छिमेकी, नाता-धर्म-सम्बन्ध-कुटुम्ब सबैको भाँड भैलो सम्पत्तिमै हो ।

**मावली र ससुरालीमा को नजीक हुँदो रहेछ ?**

- सांसारिक व्यवहार हेर्दा ससुराली नै नजीक हुँदो रहेछ । मावली त आफ्नू बिहे नभएको अवस्थामा आमासित मावल जाँदा हो ।

**हास्य र व्यंग्यमा तपाइ कुन मन पराउनु हुन्छ ?**

- हँसाउनु गाह्रो काम हो, व्यंग्य लेखक त धेरै हुनुहुन्छ, व्यंग्यले दंदमे आनन्द दिन्छ भने हास्यले पूर्ण रमाइलो मनोरञ्जनका साथै स्वास्थ्यका लागि पनि लाभदायक हुन्छ ।

**तपाइ ठ्याक्कै भन्नोस् प्रसंसा र प्रमाणपत्र कति कति प्राप्त गर्नु भयो, कहाँ-कहाँबाट ?**

- मैले पाएका पुरस्कार तथा सम्मानहरू निम्न छन्ः-

**पुरस्कारहरू -**

- भानु मावि धरमपुर झापाबाट हास्य व्यङ्ग्य प्रतियोगितामा दोस्रो पुरस्कार २०४३ मा ।
- राष्ट्रवादी युवा एकता समिति धरमपुर झापाबाट कविता प्रतियोगितामा २०४७ मा प्रथम पुरस्कार ।
- लेखनाथ वाचनालय चन्द्रगडी झापामा कविता प्रतियोगितामा २०४९ मा द्वितीय स्थान ।
- छैटौं महानन्द पुरस्कार समारोहमा २०५० मा मेची अञ्चल स्तरीय प्रतियोगितामा तृतीय पुरस्कार ।
- जिल्ला विकास समिति झापाद्वारा पुरस्कृत २०५४ ।
- डा. स्वामी प्रपन्नाचार्य चतुर्भुज पुरस्कार धरानबाट २०६२ ।
- भद्रकुमारी घले सेवासदन पुरस्कृत काठमाडौंमा २०६६ ।
- गोपालराज पन्त हास्य व्यंग्य पुरस्कार काठमाडौंबाट २०६९ मा ।
- गेरू अम्बिका कोइराला वाणी पुरस्कार २०६७ ।

**प्रशंसा एवं कदर पत्र**

- राष्ट्रिय जनसांस्कृतिक मञ्चबाट २०५३ मा ।
- साहित्य चौतारी बिर्तामोड झापाबाट २०५६ ।
- सिंहदेवी पुस्तकालय पृथ्वीनगर झापाबाट २०५७ ।
- श्री मोती मा.वि. धरमपुर झापाबाट २०६६ ।
- मोती उ.मा.वि. धरमपुर झापाबाट २०६७ ।
- सृजनशील सांस्कृतिक प्रतिष्ठान, झापाबाट २०६० ।
- साहित्य कला संगम दमक झापाबाट २०६० मा ।

**सम्मान**

- सृजना कला समुह काठमाडौंबाट २०५३ ।
- वीरगञ्ज साहित्य परिषद पर्साबाट २०५५ ।
- सृजनशील नाट्य समाज तोपगाछी झापा ०५८ ।
- मेची नगर नगरपालिकाबाट २०५९ ।
- सयपत्री साहित्य विसाउनी तोपगाछी झापाबाट २०६२ ।
- नेपाली साहित्य समाज उर्लावारी मोरङ्गबाट २०६३ ।
- साहित्य चौतारी विर्तामोड झापाबाट २०६४ ।
- इटहरी साहित्यिक समुह सुनसरीबाट २०६५ ।
- महाकवि देवकोटा शत वार्षिक सम्मान पाँचथरबाट २०६६ ।
- उर्लावारी गजल मञ्च मोरङ्गबाट २०६६ ।
- महेन्द्र बहुमुखी क्याम्पस धरान सुनसरीबाट २०६६ ।
- जन साहित्यिक मञ्च नेपालबाट २०६८ ।
- लेखनाथ वाचनालय विराटनगरबाट २०६९ ।
- ब्रेकथ्रु गाइजात्रा कार्यक्रमबाट २०७० ।
- बानेश्वर सर्जक समाज काठमाडौंबाट २०७१ ।
- भयवाद अध्ययन केन्द्र धरानबाट २०७१ ।

**अभिनन्दन**

- लेखनाथ वाचनालय तथा पुस्तकालयबाट २०५४ ।
- धर्नासो साहित्य प्रतिष्ठान धरमपुर झापाबाट २०६६ ।
- नाइन स्टार युवा क्लब धरमपुर झापाबाट २०६६ ।
- हिमाली साहित्यिक युवा क्लब धरमपुर झापाबाट २०६६ ।
- जनज्योति युवा क्लब धरमपुर झापाबाट २०६६ ।
- नवरङ्ग साहित्य प्रतिष्ठान धरमपुर झापाबाट २०६६ ।

**हास्य पनि साहित्य हो ? हो भने तपाईं महाकाव्यतिर किन आउनु भयो ?**

- हास्य पनि पक्को साहित्य हो । हास्य व्यंग्य प्रतिभा भएको मान्छेसँग हास्य-व्यंग्यइतर रचना गर्ने प्रतिभा हुँदैन, मान्छेको जातले भन्न सक्तैन र धर्मशास्त्र, राजनीतिशास्त्र र कोकशास्त्रमा कही पनि छैन, पुराण, इतिहास धर्मसिन्धु, निर्णयसिन्धु, वेद पुराण, कुरानमा कहि पनि छैन ।

**सबै भन्दा बढी सुख कुन क्षणमा भयो ?**

- परीक्षोत्तीर्ण हुँदा, पुरस्कार पाउने सूचना पाउँदा र स्थायी जागिरमा नाम निस्कँदा बढी खुसी भयो ।

**जीवित साहित्यकारमा तपाइ कसलाई श्रद्धा गर्नुहुन्छ (मनले) ?**

- कवि माधव घिमिरेलाई किनभने घमण्ड, दम्भ, अभिमान रहित भएर, राष्ट्रका लागि सरल, प्रमुख अतिथि अनि गीत राम्रा भएर ।

**तपाईं वर्तमानमा के लेख्दै हुनुहुन्छ ?**

- स्वर वर्ण र व्यञ्जन वर्णमा सबै वर्णका कथा हास्य व्यंग्य पाराले लेख्तै छु, यही ०७४ सालभित्र निस्कन्छ र अमेरिका यात्राको वर्णन पनि यात्रा खण्डकाव्य हास्य पारामा लेख्दैछु ।

**जियालोको नाताले तपाई सिँगै नेपाल घुम्दै हुनु हुन्छ अरे हो ?**

- यो सत्य कुरो पनि हैन, असम्भव पनि हैन । किनभने जियालो अघि लागे म पछि लाग्छु, किनभने म नेपाली, मेरो देश नेपाल, नेपाली साहित्य ।

**अमेरिकाबाट भर्खरै फिर्नु भयो अरे, अमेरिकामा कति छोराछोरी छन् ?**

- अमेरिका जान छोराछोरी हुनु पर्दैन, कलाफाँटबाट पनि जान सकिन्छ । हालचाहिँ ससुराल गएको थिएँ ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

- मासिक पत्रिका अग्निचक्रले समाज भित्रका विशिष्ट घटना र नयाँ नयाँ कुराको खोजी गर्दै स्रष्टा साहित्यकार, अन्वेषक गरिएका विषयको खोज गरी प्रकाशमा ल्याउने काम बहुतै उत्तम कार्य हो । अग्निचक्रका सम्पादक लक्ष्मीनारायण भट्टराईलाई सफलता प्राप्त भै रहोस् र अग्निचक्र शिखरतिर चढिरहोस्, बढिरहोस्, यही हार्दिक शुभकामना छ । (जुँगाचले कुरा बुझ्े भनेझैं) प्रसिद्ध अनौठो नौलो र आधुनिकृत विषय वस्तु छान्ने क्रममा सतायुपुरूष वसन्तकुमार शर्म्मा नेपाल, ऐतिहासिक पुरूषद्वारा कल्पना गरिएको जियालो महाकाव्यको कथामा एघार जना एकादश रूद्र नाम दिएर स्रष्टाहरूलाई सर्ग विभाजन गरी शून्यबाट थालेर शून्यमा समाप्त भएको जियालो महाकाव्य आफैंमा अनौठो, नौलो र अहिले सम्मको पहिलो महाकाव्य हो । यसका स्रष्टाहरूको मनोदशा, भावना, कल्पना, विचार विमर्श खोतल्ने जो प्रयास भयो, यसका लागि अग्निचक्रका सम्पादकलाई धन्यवाद छ । अझै पनि यस्तै यस्तै उत्तम, महान र गहन विषय चुनेर आफ्ना पत्रिकाद्वारा सेवा गर्दै उचाइ चढ्ने कामना गर्दछु । ◆◆












# इसलिए नाम रखा साया यानि स्मृतियों का साया


मैं जब इन्जीनिरिङ्ग संबन्धी काम करना छोड़कर घर बैठा तो एक दिन प्रिय मित्र श्री राजेश्वर नेपाली मेरे यहाँ पहुँचे तथा जिज्ञासा की, आजकल किस धंधे में अपने को व्यस्त रखते हैं ? मैने जबाब दिया, कुछ खास नहीं ।

उनका कहना हुआ, आपकी मैडम भी नहीं रहीं और बच्चें सब भी अपने-अपने बच्चों के साथ जीवन को गति देते हुए आनन्दपूर्वक देश तथा विदेश में हैं । आपका किताबों से अच्छा ही वास्ता रहा है, और पेशा से भी इन्जीनियर होने के नाते नेपाल तथा विश्व के विभिन्न भागों के अनुभव के खजानों के भी मालिक हैं । तो जीवन के उत्तरार्ध में अपने अनुभव को लिपिबद्ध करने का बीड़ा उठाइये ।

सलाह अच्छा था । जब लिखने के टेबल पर बैठा तो क्या लिखा जाये, कहाँ से शुरुआत करुँ ? समझ में नही आ रहा था और कलम भी आगे नही बढ़ रही थी । याद आयी बचपन की बातें, वे सुनहरे दिन, ग्रामीण परिवेश, मठ मन्दिर, खेत खलिहान, चौपाटी, चौराहा, लंगोटिया यार, दोस्त, साथी संगत तथा हमजोली, सुबह को क्षितिज पर इन्द्रधनुषी रंग बिखेरता जीवनदाता सूरज तथा रातो को नभ में मुस्कराता चाँद । इन्ही को खोजते हुए प्रकाशित हुई **कफन चोर** नामक पुस्तक ।

साथी लोगों ने सराहा, कहा जाये तो इन कहानियों को पसन्द ही किया और व्यस्त रखने के लिए लिखते रहने की प्रेरणा दी । अपने को भी आत्मविश्वास हुआ । फिर एक रेष्टुरां में अभिन्न साथी श्री मुक्तिनाथ शर्मा तथा सहृदय अग्निचक्र राष्ट्रिय मासिक के सम्पादक तथा प्रकाशक श्री लक्ष्मीनारायण भट्टराईजी के साथ चाय की चुस्की लेते हुए सलाह आया, इन्जीनियरिङ्ग जीवन को ही लिपिबद्ध किजीये ।

कम्प्युटर खोला तो कहाँ से प्रारंभ करुँ, समझ में नही आ रहा था तो कुछ अपनी,




कुछ इन्जीनियरिङ्ग विषय तथा कुछ देश तथा विदेश में भुगते हुए दिनों की चर्चा करते हुए यह पोथी तैयार हुई । बचपन से ही पुस्तकों का मैं दिवाना रहा हूँ । इन्जीनियरिङ्ग विषय के साथ-साथ अन्य विषयों के अध्ययन से प्राप्त ज्ञान तथा उद्धरण प्रस्तुत करने से मैं अपने को रोक नहीं पाया । ये, उद्धरण मुख्यतः धर्म, अर्थ, काम मोक्ष से संबंधित हैं जिनकों पुरुषार्थ कहा जाता है तथा मेरे हिसाब से मनन योग्य भी । फिर इन्जीनियरिङ्ग जीवन बिताने की वजह से बहुत सारे शब्द अंगरेजी के हैं जिसको वर्जित करना मुश्किल हो गया, इसके लिए क्षमाप्रार्थी हूँ । यहाँ जो कुछ भी लिपिबद्ध है, सब भोगी हुई तथा मेरे अनुभव की बातें हैं, कुछ भी अन्यथा नहीं ।

अब पुस्तक को नाम देने की वारी आयी । यह, है तो मुख्यतः संस्मरण हीं, पर ऐसी स्मृतियाँ जो मुझसे विलग नही हैं, यानी मेरी पत्नी की तरह अर्धाङ्गनी की तरह हैं, जो भले ही अब इस संसार में शरीर रुप से नहीं है पर मुझे अभी भी मौके बेमौके गाइड कर रही है - सुख में और दुःख में, मार्गदर्शन कर रही है ।

ए, स्मृतियाँ भी मेरा उसी तरह पथप्रदर्शक हैं, मेरा अपना एक हिस्सा है, पत्नी की तरह साया ही है-छाया नही जो सुबह-शाम सूरज के बिम्व रुप में अपने से अलग बनती-बिगड़ती रहती है- यह अलग हैं ही नहीं । इसलिए नाम रखा **साया** यानी **स्मृतियों का साया** और यही मेरे शेष जीवन का पाथेय या संवल भी है या कहा जाये तो मेरे साथ ही अन्त होगा ।

असल में मैं एक प्राविधिक हुँ और भाषा का अन्दरुनी व्याकरण का ज्ञान नहीं होने से इस पुस्तक में रह गई समस्त अशुद्धि के लिए पाठकवर्ग से क्षमाप्रार्थी हूँ ।

मार्गदर्शन या गाइडेन्स के लिए श्री मुक्तिनाथजी, अग्निचक्र राष्ट्रिय मासिकका सम्पादक तथा प्रकाशक श्री लक्ष्मीनारायण भट्टराई जी, प्राध्यापक श्री जनार्दन मंडल, साहित्य पारखी श्री राजेन्द्र झा का मैं ऋणी हूँ । प्रकाशक के नाते हमेशा दूर रहनेवाला अपने बेटा राजीव रौनियार को सदैव दुःख देनेवाला मै, अपनी भावना व्यक्त कर देने तथा पांडूलिपि पढ़कर यथास्थान शुद्धि के लिए सहयोग देनेवाले कृषिविज्ञ श्री दिनेशचन्द्र यादव और इन्जीनियर श्री अनुभव चौधरी को जितना भी धन्यवाद दूँ, कम ही होगा ।

इसी तरह सेटिङ के लिए श्री कमलेश प्रसाद साह तथा डिजाइन कर आकर्षक ढंग की प्रस्तुती के लिए प्रेम प्रसाद आचार्य मेरे धन्यवाद के पात्र हैं ।

नेपाल हिन्दी प्रतिष्ठान के अथक योद्धा, मेरे शुभ चिन्तक श्री राजेश्वर नेपाली तथा समय-समय में अपना अमूल्य सुझाव देकर बढ़ावा देने वाले हिन्दी साहित्य के प्रसिद्ध लेखक श्री महेश्वर राय का मैं सदैव ऋणी हूँ ।

अन्त हिन्दी में विद्यावारिधि किए हुए प्रोफेसर डा. आशा सिन्हा जिन्होंने पुरी पांडूलिपि पढ़कर *'नेपालीय हिन्दी'* कहते हुए दो शब्द लिखकर मेरा हौसला बढ़ाने में महत्वपूर्ण योगदान किया, मैं पूर्णरुप से आभारी हूँ । ◆◆



समालोचना – **सीता सुवेदी पन्थी**

# छायादत्त न्यौपानेका बाल कविताहरूको नीतिपरक अध्ययन

**१. विषय प्रवेश :**

सभ्य, सुसंस्कृत, समृद्ध समाज निर्माणका बलिया आधार बालकहरू नै हुन् । बालकहरूमा नयाँ नयाँ कुरा सिक्ने रहर र क्षमता प्रबल हुन्छ । उपयुक्त वातावरणमा सान्दर्भिक तथा समयानुकूल शिक्षा दिई विश्व समुदायका लागि आवश्यक सक्षम, दक्ष, नैतिक आदर्शयुक्त अनुकरणीय चरित्र भएको जनशक्ति तयार पार्नका लागि नैतिक शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । मिहिनेती, लगनशील, प्रतिभावान्, अनुशासित, सत्यप्रति निष्ठावान् नागरिक नै परिवार समाजर राष्ट्र हुँदै अन्तर्राष्ट्रियजगतमा अनुकरणीय कर्म गर्न सफल हुन्छन् । असल तथा सफल नागरिकबाट गरिएका सत्कर्मबाटै विश्वसमुदायमा समयसापेक्ष सकारात्मक परिवर्तन सम्भव हुन्छ ।

बाल साहित्यलाई सारथी बनाएर फक्रिने कोपिलारूपी बालकमा आदर्श नागरिक निर्माणका लागि अपरिहार्य गुणहरू भरी सुन्दर तथा सुवास छर्न सक्ने गरी फुलाउन सकिन्छ । अत : बालकहरूमा लगन, परिश्रम, अनुशासन,सत्कर्मप्रति निष्ठा,प्रतिबद्ध निरन्तरता,उत्साह, सकारात्मक सोच, सहयोगी तथा मेलमिलापको भावना, इमानदारिता, विश्वसनीयता, दृढ सङ्कल्पित भई स्वाध्ययन मार्फत जिम्मेवारी बोध गरी सच्चरित्रता, नैतिकता समस्त सबैप्रति सम्मानभाव जस्ता आवश्यक विशेषताका भनी बनाई राष्ट्रले अपेक्षा गरे अनुरूपका नागरिक तयार पार्न साहित्यको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने कुरा निर्विवाद भएजस्तै बालकहरुमा यस्तै उत्साह र प्रेरणाका लागि बालसाहित्यको अहम् भूमिका रहन्छ ।

बालसाहित्यको प्रमुख अभीष्ट पनि बालकलाई सार्थक जीवनयापनका लागि आवश्यक सद्गुणयुक्त बनाई सचेत नागरिक तयार पार्नु हो । यसले पठनसंस्कृति विकासमा पनि टेवा पुऱ्याउँछ । त्यसैले बालसाहित्यले बालकको उमेर, रुचि, स्तर र आवश्यकता अनुसारका विषयवस्तुसम्बन्धी सूचना दिई ज्ञान दिलाउँदै उनीहरूमा अन्तर्निहित प्रतिभाको प्रस्फुटनमा सहयोग पुऱ्याउँछ । यसले सिर्जनात्मक सीप विकासमा जोड दिन्छ । आदर्श चरित्र सम्पन्न नागरिक उत्पादनका लागि आवश्यक नैतिक शिक्षा, व्यवहारोपयोगी सन्देश बालमनोविज्ञान अनुकूल हुने गरी प्रवाह गर्न सक्नु बाल साहित्य स्रष्टाको दायित्व र सफलता पनि मान्न सकिन्छ ।

वर्तमान समयमा नेपाली बालसाहित्य उर्वर बन्दै छ । यतिखेर बालसाहित्यका कथा, गीत, नाटक, काव्य, चित्रकथा, सचित्र कथा, सचित्र कविता, सचित्र जीवनी, सचित्र निबन्ध, एउटाले बनाएको चित्र हेरी अर्कोले कथा, कविता, नाटक, निबन्ध आदि सहसिर्जना गर्नेजस्ता विभिन्न गतिविधिबाट फरक विधाहरूको समेत विकास हुँदै छ । बालसाहित्यको यस उर्वर भूमिमा सिर्जनारूपी सुन्दर फूल फुलाई सुवास छर्ने काममा निरन्तर लागिरहने कर्मशील स्रष्टाको रूपमा बाल साहित्यकार, साहित्यकार, पाठ्यपुस्क लेखन/सम्पादनमा सक्रिय एवम् समालोचक छायादत्त न्यौपानेलाई लिन सकिन्छ । बालसाहित्यका गीत, कविता, काव्य, कथा, एकाङ्की, निबन्ध, उपन्यास आदि बहुविधामा कलम चलाउने बहुमुखी प्रतिभा सम्पन्न छायादत्त न्यौपाने (विसं.२०२२,पर्वत) एक विशिष्ट पहिचानयुक्त स्रष्टा हुनुहुन्छ । नेपाली वाङ्मयमा उहाँको **भाषा सिकाइ, सीप र सिर्जना** महत्त्वपूर्ण कृति हो । यसका अतिरिक्त उहाँका **कदर नभएपछि** (निबन्ध सङ्ग्रह, २०६४), **बादलका रेसाहरू** (निबन्ध सङ्ग्रह, २०६४), **वाङ्मयका कुरा** (सङ्कलित समालोचनाहरू, २०६९), **खल्तीका कुरा चल्तीका सूत्र** (सूत्र दृष्टि, २०७२) लगायत तीन दर्जन कृतिहरू प्रकाशित छन् । उहाँ प्राध्यापन, लेखन, सम्पादन, प्रशिक्षणजस्ता विविध क्षेत्रमा सक्रिय हुनुहुन्छ । विशेष गरी बालसाहित्यका विविध विधाहरूको सिर्जनामा उहाँको योगदान उल्लेखनीय रहेको पाइन्छ । यसै प्रसङ्गमा यहाँ बालसाहित्यकार छायादत्त न्यौपानेका हालसम्म पुस्तकाकार रूपमा प्रकाशित बालकविताहरू **पुतलीको बिहे, टुर्रटुर्र कराउँछ, म खेल्छु, मुनी पाठी करायो, केरै केरा, प्वाँप्वाँ भ्वाँभ्वाँ, बाफसँग पानी, कति राम्रो क, धर्ती मुस्कुराउँछ, गुराँस फुल्दै छ** गरी जम्मा दसवटा कृतिहरूको नीतिपरक अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

**१.१. नीति चेतनासम्बन्धी सैद्धान्तिक अवधारणा :**

'नीति' शब्दको शाब्दिक अर्थ लोक व्यवहार चलाउनका निमित्त नियत गरिएको आचार; आचार पद्धति भन्ने हुन्छ । 'चेतना' शब्दको अर्थ चैतन्य; चेतन, बुद्धि विवेक भन्ने हुन्छ । साहित्यको इतिहासबारे अध्ययन गर्दै जाँदा पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्तमा नीति चेतनाका सम्बन्धमा निकै महत्त्वका साथ चर्चा हुँदै आएको पाइन्छ । पूर्वीय दर्शन उपनिषद्, गीताजस्ता ग्रन्थहरूका साथै चाणक्य नीति, शुक्र नीति, विदुर नीतिजस्ता व्यावहारिक सत्यको उद्घाटन गर्दै आदर्श जीवनयापनका लागि महत्त्वपूर्ण सन्देश सम्प्रेषणले नैतिक शिक्षाको माध्यमबाट सामाजिक आदर्श स्थापित गर्नका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परामा साहित्यिक कृतिको नीतिपरक समालोचनालाई निकै महत्त्व दिइएको छ ।सम्भवत :४२७ ई.पू.माजन्मिएका प्लेटो पश्चिमी दर्शन र चिन्तनका मूल स्रोत मानिन्छन् । (त्रिपाठी,२०५८:पृ. १६) वास्तवमा नीतिवाद प्राचीन ग्रीसमा प्लेटोदेखि नै प्रारम्भ भएको हो । प्राचीन रोमका होरेस पनि उपयोगितालाई सौन्दर्य र रमणीयतासँग सकार्छन् । पुनर्जागरण कालकालीन इङल्यान्डका सिडनी उदात्त नीतिवादी हुन् । नवक्लासिकल युगका डा.जोन्सन पनि मानवतावादी–नीतिवादी हुन हिचकिचाउँदैनन् । यस सन्दर्भमा नीतिवादको पृष्ठभूमि प्राचीन कालदेखि नै अविच्छिन्न रहेको छ । (त्रिपाठी,२०५८: पृ.२३१)पश्चिमी साहित्यमा ईसाको १९ औं शताब्दीको उत्तरार्द्धमा देखा परेका विविध चिन्तनहरूमध्ये नीतिवाद पनि सशक्त एक हो ।

नीतिवादका चार रूप पाइन्छन् –१. उदात्त नीतिवाद (यसका प्रवक्ताका रूपमा प्लेटो र कार्लाइल देखा पर्छन्); २. मानवीय नीतिवाद (यसका प्रवक्ता माथ्यु अर्नोल्ड हुन्); ३. धर्म चेतनामूलक नीतिवाद (यसका समर्थक टल्सट्वाय हुन्) र ४.उग्र नीतिवाद (यसका प्रवक्ता हुन् रेस्किन) । यी चारवटै विभिन्न नीतिवादी दृष्टिहरूमा दोहोरो तात्पर्य छ । पहिलो तात्पर्य हो कला र साहित्यको उपयोगिताको खण्डन गर्न चाहनेहरू प्रतिवादका क्रममा कलाको सामाजिक मूल्य देखाउनु । यस्तो दोस्रो तात्पर्य हो कलाकारलाई सामाजिक सोद्देश्य र लोकनीतिका शिक्षकका रूपमा प्रस्तुत गर्नु । (त्रिपाठी,२०५८: पृ.२३०)

उदात्त नीतिवादकै अर्का प्रवक्ता कार्लाइल (१७९५–१८८१) पनि कविलाई दिव्य द्रष्टा ठान्छन् र नैतिक दायित्व दिन्छन् । उच्च साहित्यका गम्भीरतामा विश्वास गर्ने मानवीय नीतिवादका प्रवक्ता माथ्यु अर्नोल्ड

(१८२२–१८८८) चाहिँ कवितालाई धर्म र दर्शनका स्थानापन्न वा विकल्पका रूपमा देख्न चाहन्छन् । उनी मानव संस्कृतिको आलोक ठान्न पुग्छन् । संस्कृतिको अर्थ जीवनमा उदात्त मूल्य र उद्‌देश्यलाई सुप्रतिष्ठित गर्नु स्वीकार गर्दै उनी कविताको प्रयोजन आनन्द नभएर मान्छेको आत्मविश्वास र सामाजिक समुत्थान हो भन्ने मान्दछन् । धर्म चेतनामूलक नीतिवादका प्रवक्ता लिओ टल्सट्वाय (१८२८–१९१०) मानव मात्रलाई अझ उदात्त शुभ भावनाद्वारा प्रभावित पार्न सक्नु नै कलाको महत्ताको परीक्षा हो भन्ने ठान्दछन् । धर्म, अहिंसा, करुणा, प्रेम आदि तत्त्वको प्रतिपादन गर्ने कला नै सर्वोत्तम हो भन्ने उनको धारणा छ । (त्रिपाठी,२०५८ : पृ. २३०-२३१)

पूर्वीय दर्शन तथा पाश्चात्य साहित्यको इतिहास सम्बन्धी अध्ययनबाट साहित्यको माध्यमबाट नैतिक शिक्षा प्रदान गरी सुसंस्कृत समाज निर्माण गर्न सकिन्छ भन्ने तथ्यहरू प्राप्त गर्न सकिन्छ । छायादत्त न्यौपाने भन्नुहुन्छ, मर्यादित समाजले पछ्याउँदै आएको आदर्श नै नीति चेतना हो । यसलाई नैतिक शिक्षा सम्प्रेषण गर्ने सर्वमुख सिद्धान्त पनि भन्ने गरिन्छ । नीतिगत आदर्शले असत्यको पराजय र सत्यको विजय देखाउँछ । यसले लोक मङ्गलकारी भावना राखेर धार्मिक आस्था र औपदेशिकतालाई महत्त्व दिन्छ । यस सम्बन्धमा यदुनाथ खनालले समालोचनाको सिद्धान्तमा भनेका छन्, नीति चेतनाले समाजमा देखिने विसङ्गतिहरू उधिनेर असल परिणामका लागि उद्यत गराउँछ । यसले मानव हित, सदाचार, उच्च उदात्त दृष्टिकोण दिएर समाजलाई नैतिकवान् बन्न प्रेरित गर्छ । समाजले आपस्तमा बसेर सहज ढङ्गले मानवीय आदर्श पछ्याउने वातावरण दिन्छ । नैतिक शिक्षाले मानिसमा सुषुप्त रहेको मित्रभाव बिउँझाउँछ । सहज जीवन निर्वाहलाई मानवीय दायित्वसँग गाँसिदिन्छ । यसैगरी ईश्वरकुमार श्रेष्ठ पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता वाद र प्रणालीमा भन्छन्, नैतिक चेतनायुक्त साहित्यले मानव चरित्रमा लगन, इमान र आत्मीय सद्‌भाव सम्प्रेषण गर्छ । यसबाट अन्तर्वाह्य व्यक्तित्वको परिष्कार हुनुपर्छ जुन सबैका लागि अनुकरणीय होस् भन्ने सचेत धारणा नै नीति चेतना हो । मानिसलाई असल परिणामका लागि अग्रसर बनाउने चेतना नै नीति चेतना भएकाले यसले सामाजिक अनुशासन र परम्परित काइदा कानुनसम्मत क्रियाशील रहने उत्प्रेरणा प्रदान गर्छ ।

प्राचीन सभ्यताले धार्मिक आस्था, सांस्कृतिक परिचय र सामाजिक काइदाकानुन अनुसार मानवीय संवेदनाको संरक्षण गर्दै गराउँदै ल्याउने सूत्र विशेष नीति चेतना हो । यसले आत्मीय र मर्यादित संस्कार सिकाउँदै आएको पाइन्छ । मानिसको कर्म उत्तम बनाउने चिन्तन र अनुशासनलाई नीति चेतना भनिन्छ । यसले मानव कर्मलाई असल परिणाममा पुऱ्याउँछ, नैतिक शिक्षा सम्प्रेषण गर्ने सर्वमुख सिद्धान्तका रूपमा स्थापित छ । सहज जीवन निर्वाहलाई मानवीय दायित्वसँग गाँसिदिन्छ । यसबाट अन्तर्वाह्य व्यक्तित्वको परिष्कार हुनुपर्छ जुन सबैका लागि अनुकरणीय होस् भन्ने सचेत धारणा नै नीति चेतना हो (श्रेष्ठ, २०६२, पृ. २१३) ।

पूर्वीय दर्शनका महत्वपूर्ण ग्रन्थ चाणक्य नीति, विदुर नीति तथा शुक्र नीतिमा सुसंस्कृत समाजको निर्माण तथा आदर्श जीवनयापनका लागि आवश्यक पर्ने अत्यन्त व्यवहारोपयोगी सन्देशहरू प्रस्तुत गरिएको छ जुन सदाचारी मानव बन्नका लागि अनुकरणीय छन् । उक्त ग्रन्थका आधारमा नैतिक चरित्रवान् नागरिक बन्नका लागि अनुशरण गर्नुपर्ने व्यावहारिक नीतिगत पक्षहरूलाई अति संक्षिप्त र बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्ने प्रयास गरिएको छ :

– सत्य तथा न्यायप्रतिको निष्ठा
– लोक कल्याणको भावना
– स्वार्थ त्याग तथा लोभ लालचबाट मुक्ति
– गुरु भक्ति तथा समर्पण भाव
– धर्म तथा कर्तव्यपरायणता
– अभिमान तथा अहंकारबाट मुक्ति
– सत्कर्म तथा सत्सङ्गप्रति आस्था
– सद्ज्ञान, सत्विचार, सत्बुद्धिसदाचारको चाहना
– अनुशासन मित्रभाव तथा सहयोगी चरित्र
– संस्कृतिप्रति मोह

यसका अतिरिक्त पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परामा महत्त्वपूर्ण भूमिका रहेको नीतिपरक समालोचनाका आधारभूत मान्यतालाई नै यहाँ पनि नीतिपरक अध्ययनको प्रमुख आधार मानिएकोछ ।उल्लिखित विभिन्न पक्षहरूका आधारमा नीतिपरक अध्ययनको सैद्धान्तिक स्वरूप निम्नानुसार निर्धारण गरिएको छ :

क) नैतिक आचरणगत प्रभाव
ख) मानव हितको स्थापना
ग) अनुशासन
घ) चारित्रिक आदर्शको उत्थान तथा परिष्कार
ङ) आदर्श संस्कारहरूको अनुशरण तथा परिष्कार
च) आध्यात्मिक चेतनामा वृद्धि
छ) सदाचारमा जोड
ज) नैतिक शिक्षा प्रदान
झ) वैयक्तिक भावना र सामाजिक जीवनलाई मार्गदर्शन
ञ) लोककल्याणकारी भावनाको स्थापना
ट) सत्य र न्यायप्रतिको निष्ठा

**२. पुतलीको बिहे बाल कविता सङ्ग्रहको अध्ययन**

**परिचय**'पुतलीको बिहे'सचित्र बाल कविता सङ्ग्रह हो । विसं. २०७० सालमा प्रकाशित यस पुस्तकमा जम्मा चौधवटा कविताहरू समावेश छन् । प्रत्येक कवितामा भावअनुसारका आकर्षक चित्रहरू समावेश छन् जसले बालकहरूको ध्यानाकर्षण गर्दै भरपूर मनोरञ्जन समेत प्रदान गर्न सक्ने देखिन्छ । यहाँ यस सङ्ग्रहभित्र समावेश भएका कविताको नीतिपरक अध्ययन गर्ने प्रयास गरिएको छ ।

**२.१.राम्रो बानी**

**लय** :'राम्रो बानी' यस कृतिको पहिलो कविता हो । चार श्लोकमा संरचित यो कविता बालसुलभ लोकलयमा छ ।

**विषयवस्तु** : यसमा फूलको वरिपरि डुल्दै रस चुस्ने रङ्गीचङ्गी, चञ्चल पुतलीको वर्णन गरिएको छ । पुतलीको घर फुलैफूलमा रहेको तथा खुरुखुरु काम गर्ने बानीको प्रशंसा गरिएको छ ।

**नीति चेतना** : बालकहरूलाई मनोरञ्जनका साथमा राम्रो कामप्रति अभिप्रेरित गरिएको यो कविता नीति चेतनाका दृष्टिले पनि उत्कृष्ट छ ।

**२.२. भुराभुरी**

**लय** :चार श्लोकमा संरचित 'भुराभुरी' शीर्षकको यस सङ्ग्रहको दोस्रो कविता हो । यो बालसुलभ लोकलयमा छ ।

**विषयवस्तु** : यस कवितामा थरीथरीका माछाका भुराभुरीका क्रियाकलापलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । पानी पिउँदै, पानी भित्रै रमाउने माछा फुर्तिला, जाँगरिला, चञ्चल, मन लोभ्याउने, बुद्धि

खेलाउने, पानीमै निदाउने, खेल्ने र खानेकुरा आफैँ जुटाउँछन् भनिएको छ ।

**नीति चेतना** : यस कवितामा माछाका भुराभरीका गतिविधिहरू देखाएर आफ्नो कामका लागि आफैँ मिहिनेत गर्नुपर्ने सङ्केत गरिएको छ । श्रमशील बन्न समेत उत्प्रेरित गरिएको यस कविताले आफ्नो समुदायमा रमाएर बस्न, बुद्धिले काम गर्न समेत अप्रत्यक्ष रूपमा उत्प्रेरित गरेको हुँदा नीति सचेत रहेको छ ।

**२.३. जाती मान्छे**

**लय** : 'जाती मान्छे' यस सङ्ग्रहको तेस्रो कविता चार श्लोकमा संरचित हुनुका साथै बालसुलभ लोकलय छ ।

**विषयवस्तु** : यो कविता मानवीय आचरणको वर्णनमा केन्द्रित छ । यसमा पढ्नु, कर्म गर्नु, साँचो बोल्नु, मिहिनेती बन्नु, मिलेर बस्नु जाती हो र ढाँटनु, छल्नु, धोका दिनु, नजाती हो भन्दै जाती काम गर्नु प्रगतिको जग हो भनिएकोछ।

**नीति चेतना** :सफल व्यक्ति बन्नका लागि आवश्यक व्यावहारिक गुणहरूलाई रमाइलो ढङ्गले प्रस्तुत गरिएको यो कवितामा महत्त्वपूर्ण नैतिक सन्देश अभिव्यक्त भएको पाइन्छ ।

**२.४. नाम राखौँ देशको**

**लय** :नाम राखौँ देशको चार श्लोकमा संरचित चौथो कविता हो । यो बालसुलभ लोकलय छ । यसमा देश निर्माणको उत्कट चाह व्यक्त भएको छ ।

**विष्यवस्तु** : यसमा आमा, मामा, बाबाको भूमिका, बालक पौरखी बनी देशको सेवा गर्नुपर्ने भाव व्यक्त भएको छ । यसमा सुखको बाटो रोजी फूलको बिउ रोप्न र सबैको भलाइ हुने गरी देशको नाम राख्न अनुरोध गरिएको छ ।

नीति चेतनाःअसल कर्मप्रति प्रवृत्त भए देशको नाम राख्न सकिने मूलभाव रहेको यस कविताले बालकलाई सकरात्मक बाटोतर्फ अग्रसर भई राष्ट्रप्रेमी भावना जागृत गराउन सफल कविता नीति चेतनाका दृष्टिले पनि सबल रहेको छ ।

**२.५. पाठापाठी**

**लय** :पाठापाठी यस सङ्ग्रहको पाँचौं कविता हो । छ श्लोकमा संरचित यो कविता बालसुलभ लोकलयमा छ ।

**विषयवस्तु** : यस कवितामा बडो रोचक ढङ्गले वस्तुभाउको वर्णन गरिएको छ । यसमा मानव जीवनमा पशुपक्षीको महत्त्व र सम्बन्ध देखाइएको छ । हजुरबाले पाठापाठी, पाडापाडी, बाच्छाबाच्छी हुर्काएर स्वतन्त्रतापूर्वक आँगनमा उफ्री उफ्री नाच्न दिएको सुखद प्रसङ्ग प्रस्तुत छ । गाई बाच्छाहरूले रनवन घुमेर चर्न दाम्लो खोलिदेऊ भन्ने इच्छा प्रकट गरेको प्रसङ्गले प्राणीको स्वतन्त्रताप्रतिको प्रेम पनि प्रकट गराएको छ ।

नीति चेतना : प्राणी मात्रमा हुने स्वतन्त्रताको चाहव्यक्त भएको यो कविता नैकित सन्देश नभए पनि मार्मिक छ ।

**२.६. वनचरी**

**लय** :वन चरी यस सङ्ग्रहको छैठौँ कविता हो । चार श्लोकमा संरचित यो कविता बालसुलभ लोकलयमा छ ।

**विषयवस्तु** : यसमा वनचरीका स्वभावको वर्णन गरिएको छ । वनचरी मनले रमाउँदै खेल्ने, कुद्ने, घुम्ने, सफा सुग्घर भई बस्ने, मीठो स्वरमा गीत गाउने, अरूलाई उठ, बिउँझ भन्ने सन्देश दिने तथा मनभरि माया साँचेर सधैँ रमाउने कुरा गरिएको छ । स्वतन्त्र ढङ्गले रमाउने वनचरीले मिलीजुली गुँड बनाई आफ्नो काम आफैँ गर्ने कुरा गरिएको छ ।

नीति चेतनाः आफ्नो काम आफैँ गर्ने गरी उठी,बिउँझी,स्वतन्त्र भई रमाउने भाव समेटिएकाले कविता नीतिसचेत छ ।

**२.७. हिउँचुली**

**लय** :हिउँचुली यस सङ्ग्रहको सातौँ कविता हो । सात र आठ अक्षरका पङ्क्तिहरू रहेको चार श्लोकी यो कविता बालसुलभ लोकलयमा छ ।

**विषयवस्तुः** यस कवितामा हिमाली भेगको सुन्दर प्रकृतिको वर्णन गरिएको छ । प्रकृति र मानवबिचको तादात्म्यलाई सशक्त रूपले देखाइएको छ । हिमाल, चौँरी, डाँफेचरी, गुराँस जस्ता हिमाली प्रकृतिमा पाइने कुराहरूको उल्लेख गर्दै गौरीले शिवलाई प्राप्त गरेका स्थानको चर्चा गरी हाम्रो धार्मिक, सांस्कृतिक महिमा गान भएको छ । यसमा चौँरीले गर्दा हिमालको शोभा बढेको, हिमाल हाँसेको, मुरली बजाइदिने मौरीलाई लौरीले नहटाइदिन आग्रह गरिएको छ । मानव स्वास्थ्यका लागि उपयोगी मह मौरीले जोड्ने, चौँरीले दूध दिने कुरा उल्लेख गरिएको छ ।

**नीति चेतनाः**रोचक विषयवस्तुको जानकारी प्रस्तुत भएको यो कवितामा नीति सन्देशका कुराहरू भने उल्लेख्य छैनन् ।

**२.८.न्यानो सूर्यः**

**लय** :न्यानो सूर्य यस सङ्ग्रहभित्रको आठौँ कविता हो । चार श्लोकमा रचित यो कवितामा कतै आठ कतै सात अक्षरका पङ्क्तिहरू बालसुलभ लोकलयमा प्रस्तुत छन् ।

**विषयवस्तुः** यो कविता प्राकृतिक सुन्दरताको वर्णनमा केन्द्रित छ । फूलबारी, वनचरी, गौँथली, मौरी, कोइली, चन्द्रमा जस्ता बालकलाई मन पर्ने प्राकृतिक विषयवस्तु छनोट गरिएको यो कविता मनोरञ्जनका हिसाबले सशक्त छ । आँगनको फूलबारीमा वनचरी रमाउने, गौँथली चिरबिराउने, त्यहीँ दौतरी मिलेर खेल्ने, भमरा फुर्फुराउने, मौरी सुस्तरी आई चिसो हावामा बचरा खेलाउने, कोइलीले डाली पात घुम्दै खुसीले काफल पाक्यो गीत गाउने, चन्द्रमाको शीतमा चमेराले गीत गाउँदा गाउँदै हिमाली पाखामा न्यानो सूर्य आउने कुरा उल्लेख गरिएको छ ।

नीति सन्देशः उपदेश, नीति सन्देश खासै नदेखिए पनि विषयवस्तुको ज्ञान र मनोरञ्जनका दृष्टिले कविता सशक्त छ ।

**२.९. सिँचाइ गर्छ रे**

**लय** :सिंचाइ गर्छ रे यस सङ्ग्रहको नवौँ कविता हो । सात वा आठ अक्षरे हरफका पाँच श्लोकी यो कविता बालसुलभ लोकलय रचिएको छ ।

**विषयवस्तुः** यस कवितामा प्रकृतिमा पाइने सानो खोलाको सुन्दर वर्णन गरिएको छ । पहाड फोरी निस्केरनफर्किने गरी मुहानबाट बगेर हिमालतिर छङछङ र पहाडतिर कलकल गर्दै तराईतिर सललल गर्ने खोलाले झलल बिजुली दिने कुरा गरिएको छ । माछा खेलाई, साथीभाइ भेट्ने, प्यास मेटाइदिने खोला सागरमा पुग्ने कुरा गरिएको छ । सागरमा पुगेपछि तातेर बाफ बनी उड्ने, शीत थोपा जमेर वर्षा बनी खस्ने, समयको गतिसँगै डाँडा पाखा सिँचाइ गर्ने जस्ता महत्त्वपूर्ण विशेषताहरू बताइएको छ ।

**नीति चेतना** :खोलाका विशेषता र महत्त्वसम्बन्धी ज्ञान प्रवाह गरेको यो कविता विषयवस्तुका हिसाबले पनि उच्चछ । नैतिक सन्देश पातलो भए तापनि प्रकृति वर्णनले प्रभावकारी बनाएको यो कविता रोचक तथा ज्ञानमूलक छ ।

**२.१०. सिकाउँछ:**

**लय**: 'सिकाउँछ' यस सङ्ग्रहभित्रको दसौं कविता हो । यो चार श्लोकमा छ । सात वा आठ अक्षरका पङ्क्तिहरू अन्त्यानुप्रासयुक्त बालसुलभ लयमा रचिएका छन् ।

**विषयवस्तु:** यस कवितामा किताबको महत्त्व बताइएको छ । किताबले हिसाब, क ख ग घ, अङ्क सिकाउने, पढ्न, लेख्न, चित्र कोर्न, विज्ञान, न्यायनिसाफ, ज्ञान, सीप सिकाइ उचाइमा पुऱ्याउने कुरा सँगै पौरख खान सिकाउने र सधैं हँसाउने काम किताबले गर्छ भनिएको छ ।

**नीति चेतना**: पुस्तकको महत्त्व वर्णन गर्दै यसले पठन संस्कृति विकास गर्न अभिप्रेरित गर्ने हुनाले यो कविता महत्त्वपूर्ण रहेको छ । असल र ज्ञानी बनाउने महत्त्वपूर्ण साधनको रूपमा किताबलाई लिइएको हुँदा अप्रत्यक्ष ढङ्गले यस कवितामा महत्त्वपूर्ण नीति सन्देश प्रवाह गरिएको छ ।

**२.११. कोइली:**

**लय:** 'कोइली' यस सङ्ग्रहभित्रको एघारौं कविता हो जुन चार श्लोकमा छ ।यो सात, आठ वा नौ अक्षरे अनुप्रासमय पङ्क्तिमा रचित बालसुलभ कविता हो ।

**विषयवस्तु:** यो कविता वासन्तीय प्रकृतिमा रमाउने कोइली चरीको वर्णनमा केन्द्रित छ । कोइलीले वसन्तको गीत मीठो स्वरमा मन फुकाएर सुनाई मिर्मिरेमा उठाउने काम गर्छ भनिएको छ । वसन्तमा हावा फुरुरु चल्ने, सबैतिर घमाइलो हुने, वास्ना हुरुरु आउने हुँदा रमाइलो हुने कुरा गरिएको छ । वसन्तको साथमा मन फुकाएर बहार ल्याउन, झन्डा उठाई फरर पार्दै सगर छुन, खरर पाइला चलाउन भनिएको छ । कोइलीले गाउँबेसी सहरमा रहर बाँड्ने, प्रगतिका खबर सुनी गाउँबेसी सहरले जाँगर झिक्ने कुरा गरिएको छ ।

नीति चेतना: यो कविता पर्याप्त मनोरञ्जनका साथ वसन्त ऋतु तथा कोइलीको वर्णन गर्दै अगाडि बढेर प्रगति पथमा लाग्न, गाउँबेसी बिउँझाएर अघि बढ्न उत्प्रेरित गरिएको महत्त्वपूर्ण सन्देशयुक्त छ । कर्मपथमा निरन्तर लाग्ने अभिप्रेरणा भएको यो कवितामा प्रत्यक्ष रूपमा नीति सन्देशहरू मुखरित भएको देखिंदैन ।

२.१२ **टोपी ढल्काएर**

लय: टोपी ढल्काएर यस सङ्ग्रहको बाह्रौं कविता हो जुन चार श्लोकमा संरचित छ । चौध, पन्ध्र तथा सोह्र अक्षरका पङ्क्तिहरू रहेको यो कविता बालसुलभ लोकलय छ ।

विषयवस्तु: यस कवितामा नेपाली प्रकृति, जनजीवन, कला, संस्कृति आदिको कलात्मक वर्णन गरिएको छ । बालकले कलम समाएको, असल मानिसहरू सिर्जनामा रमाएको, दौंतरी मिलेर मीठो लेकाली भाकामा गीत गाएको, बगैंचामा गौंथली चिरबिराएको कुरा गरिएको छ । नेपालीलाई बिउँझाएर उद्योगमा खटाएको, राष्ट्रिय झन्डामुनि सबैलाई गौरवशाली बनाएको, थोत्रा चलन हटाई स्वाधीनता बचाएको, इतिहास रचेर देशको सान उठाएको कुरा गरिएको छ । खोला झरना सुसाएर तराई पहाड भिजाएको, डाँफे चौंरी रमाएको, सांस्कृतिक बाजा बजाउँदै विकृति हटाएर राम्रो चलन चलाई संस्कृतिमा रमाएको कुरा गरिएको छ । गुन्युचोली, ढाका टोपी हाम्रो राष्ट्रिय पोसाकमा दिलको दैलो उघारेर रमाएको कुरा व्यक्त भएको छ ।

**नीति चेतना** :राष्ट्रिय गौरव गान, राष्ट्रप्रेम, कला, संस्कृति, प्रकृतिप्रेमले भरिएको यस कवितामा नेपाल र नेपालीपनको वर्णन गरिएको छ । राष्ट्रका कला, संस्कृति तथा सम्पदालाई पहिचान बनाउँदै नेपालीपन जोगाउन लाग्नुपर्ने सन्देश प्रस्तुत भएको यस कवितामा आफ्ना मौलिकपनमा रमाउँदै विसङ्गति हटाउनुपर्ने आग्रह गरिएको छ । निर्देशात्मक रूपमा प्रत्यक्ष नैतिक उपदेश नदिइएको यस कविताको भाव बुझ्दै जाँदा प्रभावकारी नीति सन्देश पाइन्छ ।

**२.१३ सुखी जीवन:**

**लय:**'सुखी जीवन' यस सङ्ग्रहको तेह्रौं कविता हो । यो कविता बालसुलभ लोकलय तथा चार श्लोकमा रचित छ ।

**विषयवस्तु:** यस कवितामा हिमाल, पहाड, तराईमा मिलेर बसेका नेपालीहरू आ-अबिजुली बत्ती आफ्नो श्रम र सीपले सुखी जीवन बाँच्न सफल भएको कुरा व्यक्त गरिएको छ । गाउँसहरमा झिलीमिली बिजुली बत्ती जलाएको, राम्रा काम गरी देशको नाम चलाएको, श्रमगरी मीठो माम जुटाएर बुद्धि तिखारेको, तिखो बुद्धिले राम्रा सीप सिकाएको, सीपले फूल फुलाएको, फूलमा वास्ना चलेको, नौला गीत सुनाएर जोस जाँगर बढाएको, होसियार बनाउँदै कर्मतिर लगाएको तथा सिर्जनामा रमाई जीवन सुखी बनाएको कुरा गरिएको छ ।

**नीति चेतना**:सिर्जन कर्ममा रमाउँदै जीवन सुखी बनाउने नेपालीपनको वर्णन गरिएको यो कविताले जोसजाँगर साथ अघि बढ्न उत्प्रेरित गरेको छ । सिर्जनकर्मले देश चिनाई जीवन सुखी बनाउने हुँदा सबैलाई सिर्जनकर्ममा लाग्न प्रेरित गरेको छ । कवितामा होसियारीसाथ निरन्तर कर्ममा लाग्ने गरेमा जीवन सुखी हुने कुरा व्यक्त भएकोले नीति सन्देशका हिसाबले पनि कविता महत्त्वपूर्ण रहेको छ ।

**२.१४ पुतलीको बिहे**

**लय:**पुतलीको बिहे यस सङ्ग्रहभित्रको चौधौं तथा अन्तिम कविता हो । सात/आठ अक्षरका हरफहरू रहेको चार श्लोकमा रचित यो कविता बालसुलभ लोकलयमा रचित छ ।

**विषयवस्तु:** यस कवितामा पुतलीको बिहेको चर्चा गरिएको छ । मानव समुदायमा प्रचलित विवाह संस्कार अनुसार पुतलीको बिहेको लागि घरआँगन सजाउन, छिमेकीलाई बोलाउन, कोरीबाटी सारी चोली लगाउन, लगनगाँठो पारेर पञ्चेबाजा बजाउन, राम्रो साइत छानेर दुलही अन्माउन, न्यानो आशिष दिएर कर्मघर पठाउन भनिएको छ । बेहुला बेहुली डोलीमा चढाएर कोसेलीपात सोलीमा राखेर बिदा गर्न तथा कर्मघरमै बसेको जाती हुने कुरा गरिएको छ । पर्याप्त मनोरञ्जनका साथ विवाह संस्कारलाई परिचित गराउन सफल यो कविता उत्कृष्ट छ ।

**नीति चेतना:** यस कवितामा प्रत्यक्ष रूपमा नीति सन्देशहरू प्रस्तुत नभए तापनि नेपाली संस्कारलाई झल्काउने विवाह संस्कारको वर्णन छ ।

**३. टुर्रटुर्र कराउँछ बालकाव्यको अध्ययन**

**परिचय तथा लय :** छायादत्त न्यौपानेको 'टुर्रटुर्र कराउँछ' विसं.२०६६ मा प्रकाशित सचित्र गीतिकाव्य हो । जम्मा जम्मी सोह्र श्लोक रहेको यो बालकाव्य बालसुलभ लोकलयमा संरचित छ ।

**विषयवस्तु:** यस काव्यले आधुनिक विज्ञान जगतको महत्त्वपूर्ण उपहार मोबाइललाई विषयवस्तु बनाएको छ । यसमा मोबाइलका विशेषता, उपयोगिता, महत्त्वलाई बालसुलभ, सरल ढङ्गले चित्रसहित प्रस्तुत गरिएको छ । मोबाइल झट्ट हेर्दा सानो भए पनि यसले कुराकानी सुनाउने, चित्र देखाउने, अङ्कहरू थिचेपछि टुर्रटुर्र कराउने, कानमा पुगेर मनका कुरा भन्ने गर्छ । मोबाइल विना तारको नौलो यन्त्र भएको र यसबाट फोटो खिच्न, थरीथरीका खेल खेल्न, इमेल, नेट चलाउन, रेडियो सुन्न,

टाढाटाढाबाट वार्तालाप गर्न, टिभी हेर्न आदि बहुउपयोगी साधन भएको कुरा बताइएको छ । हुलाकीले झैं खबर पुऱ्याउने मोबाइल निम्तो ल्याउने लैजाने काममा समय बचाउने,बत्ती बाल्ने, हिसाब गर्न मिल्ने साधन हो भनिएको छ । आधुनिक विज्ञान तथा प्रविधिले दिएको नौलो उपहारको रूपमा मोबाइको वर्णन छ । मोबाइल ब्याट्रीबाट चल्ने उपकरण भएको र यो भ्यागुता जस्तै टुर्रटुर्र कराउने, गौँथलीले झैं मीठो गीत गाउने कुरा बताइएको छ। यसमा मोबाइलको वस्तुगत वर्णनसँगै महत्त्व तथा उपयोगिताको पनि चार्चा गरिएको छ ।

**नीति सन्देश:**आधुनिक विज्ञान तथा प्रविधिको युगले दिएको नौलो उपहार मोबाइलको महिमा गान गरिएको यस काव्यले जीवनोपयोगी सूचना सम्प्रेषण गरेको छ । यसले समयको परिवर्तनसँगै आधुनिक विज्ञानले आविष्कार गरेको साधन मोबाइलप्रति आकर्षण थप्दै महत्त्वपूर्ण जानकारी दिइएको छ। पाठकलाई यस्ता उपकरणहरूको सदुपयोगतर्फ केन्द्रित गरिएको हुँदा यो गीतिकाव्य नीति सचेत समेत बन्न पुगेको देखिन्छ ।

### ४. म खेल्छु चित्रकाव्यको अध्ययन

**परिचय/लय:**म खेल्छु विसं २०६९ सालमा प्रकाशित चित्रकाव्य हो । यो दुई-दुई हरफे छ श्लोकीबालसुलभ लयमा छ । यसमा आकर्षक चित्रहरूबाटै कविताको भाव स्पस्टिन्छ। त्यसैले यसलाई चित्रकाव्यका रूपमा लिन सकिन्छ ।

**विषयवस्तु:** यस कवितामा साना साना बालकहरूलाई पर्याप्त मनोरञ्जनका साथ उनीहरूका भावना प्रस्तुत गरिएको छ । खेल बालकलाई अत्यन्तै मन पर्ने कुरा हो । आकर्षक चित्रहरूबाटै सबै कुरा स्पष्ट हुने गरी चित्रकाव्य तयार भएको छ । यसमा सानासाना बालकहरू बाबाआमासँग खेल्ने रहर बोकेका हुन्छन् भन्दै आँगनभरि खेल्ने, स्कुलमा साथीसँग खेल्ने, कलमले रेखा कोर्दै चित्रसित खेल्ने, घामजून र तारासँग खेल्ने, बगैंचामा फूलसित फूलैभई खेल्ने कुरा गरिएको छ। सुन्दर चित्रहरूले आकर्षक बनेको यो चित्रकाव्य पर्याप्त मनोरञ्जन दिन सफल छ ।

**नीति चेतना**: खेल्ने उमेरका साना बालकको लागि तयार पारिएको यस कृतिमा नीतिपरक सन्देशहरू समावेश छैन ।

### ५. मुनी पाठी करायो बालकाव्यको अध्ययन

**परिचय तथा लय :**मुनी माठी करायो विसं.२०६५ सालमा प्रकाशित कृति हो । कविताको भावअनुसारका आकर्षक चित्रयुक्त बालकाव्य हो । गीति लयमा रचित पन्ध्र श्लोकी यस काव्यमा सात/आठ वा नौ अक्षरे हरफहरू छन् ।

**विषयवस्तु:** यो काव्य बालकलाई मन पर्ने बाखाका पाठापाठी र तिनका क्रियाकलापको वर्णनमा केन्द्रित छ । यसमा कालो माउ बाखाले मुनी र मने दुइटा पाठा पाएको, जोडा राम्रो सुहाएको, साना राम्रा आँखा, सुरिला खुट्टा, तीखो मुख भएको र पुच्छर छिटो चलाउँछ भनिएको छ । मुनी म्याँम्याँ कराएर आमालाई आफूतिर बोलाएको, आमासित खेलेको, दायाँबायाँ गरेर वरिपरि घेरेको कुरा गरिएको छ। भर्खरै भेटेको मुनी अहिले कता लागेछ, साथी छोडी हिँड्यो कि भन्ने जिज्ञासा राखिएको छ । आमालाई भेटेको, सेतो, कालो रङको छिर्बिरे जिउ भएको र फुर्तीसाथ दौडेको हेरौं हेरौं लाग्ने कुरा बताइएको छ । साथै सानो मुनीपाठी आँगनभरि यताउता दौडदै म्याँम्याँ कराएको सुनेर माउ पनि कराएको, साथीभाइ मिलेर खेल भनी पठाएको कुरा पनि गरिएको छ। मुनी पाठी चुलबुले स्वभावको, पात चुँडेको, चर्न जानलाई आमासित हिँडेको कुरा बडो रोचक ढङ्गले गरिएको छ । बारीतिर घुमी घाँसपात खाएर घरतिर फर्केको मुनीले दूध चस्ला, दाइसित मिलेर एउटा रोज्ला, साथी खोज्ला, हामीलाई भेट्ला कि भन्ने जिज्ञासा प्रस्तुत भएको छ ।छुनुमुनु पाठी उफ्री उफ्री खेलेको, घाँस खान बारीतिर छिरेको रमाइलो प्रसङ्ग चित्रण गरिएको छ । खान सिक्दै गरेको मुनीलेलुगा खाइदेला कि ! आशङ्का गरिएको छ। साथीहरु मिलेर खेलौं, स्वर मिलाई गीत गाऔं, नाचौं भनिएकोले बालकलाई मनपर्ने मने मुनी पात्रहरू, तिनीहरूको स्वभाव, क्रियाकलाप समेटिएको यो काव्य मनोरञ्जन प्रधान छ ।

**नीति चेतना**: यो काव्य साना नानीहरूले मनेमुनीका क्रियाकलापहरू अवलोकन गर्दै रमाएको, पाठापाठीलाई माया गर्दै सँगै खेल्न पाउँदा रमाएको प्रसङ्गछ । प्रत्यक्ष रूपमा नीति सन्देशहरू नरहे तापनि प्रकृति, पशुपन्छी तथा मानव जीवनसँगको तादात्म्यले काव्य पर्याप्त मनोरञ्जन प्रदान गर्न सफल देखिन्छ ।

### ६. केरै केरा बालकाव्यको अध्ययन


**परिचय तथा लय :**केरै केरा न्यौपानेको सचित्र बालकाव्य हो । यो विसं.२०७० मा प्रकाशित कृति हो । कविताको भाव अनुसारका रङ्गिन आकर्षक चित्रहरूसहित प्रत्येक पृष्ठमा ४/४ पङ्क्तिका २/२ श्लोक छन् । यसमा जम्मा सत्ताइस श्लोक छन् । कतै सात कतै आठ अक्षरका हरफहरू रहेको यो काव्य बालसुलभ लोकलयमा रचित छ ।

**विषयवस्तु:** यस काव्यमा मानव स्वास्थ्यका लागि महत्त्वपूर्ण मानिएको तथा नेपालीहरूले मन पराउने फल केराको बारेमा पूर्ण जानकारी दिने प्रयत्न गरिएको छ। केराको उत्पत्ति भएको स्थान, केराका बिरुवाको उत्पादन, केरा रोप्ने मुख्य समय, केराको बोटका अङ्गहरूको जानकारी प्रस्तुत गरिएको छ । केराका प्रकार, केरा पकाउने तरिका, केराको प्रयोग, केराको उपयोगिता प्रस्तुत गर्दै यो हाम्रो स्वास्थ्यका लागि धेरै उपयोगी हुने कुरा बताइएको छ । केरालाई सजिलो नगदे बालीको रूपमा लिइएको छ । आफन्तलाई दिने सगुन तथा कोसेलीका रूपमा केराको प्रयोग गरिने बताइएको छ। केराको कोसा (फल) मात्र उपयोगी नभई यसको थाम, पात, गुभो पनि फरक फरक प्रयोजनका लागि उपयोग गर्न सकिने भएकाले केरालाई बहुपोयोगी फलका रुपमा चर्चा गर्दै पाकेको फल, काँचो तरकारी, भुटुवा आदि परिकार बनाई स्वाद लिन सकिने कुरा बताइएको छ ।

वातावरण स्वच्छ, सुन्दर, शीतल बनाउन केराघारीले सहयोग पुऱ्याउने कुरा गरिएको छ। केराको बोट एकपटक भन्दा बढी नपसाउने (नफल्ने) कुरा पनि बताइएको छ । स्वास्थ्य, सुन्दरता, वातावरणमैत्री केरा गाउँसहर, पहाड, तराई धेरैतिर पाइने कुरा बताइएको छ । बालक, युवा, वृद्ध सबैको लागि स्वस्थकर हुने सन्दर्भ जोडिएको छ । यसरी बहूपयोगी फल केराको विषयमा महत्त्वपूर्ण जानकारी प्रस्तुत गरिएको यो काव्य सरल शैलीमा रचित बाल मनोविज्ञान अनुकूलको आकर्षक काव्य हो भन्दा अत्युक्ति नहोला ।

**नीति चेतना :** मानव स्वास्थ्यका लागि हितकर केरालाई मुख्य विषय बनाई तयार पारिएको यो काव्य सूचना ज्ञानका हिसाबले पनि अत्यन्त उत्कृष्ट काव्य हो। मानव हितकारी बोटबिरुवा, फलफूल, वनस्पतिबारेको जानकारी दिँदै फलफूलको उपयोग, संरक्षण, प्रचार-प्रसारमा लाग्नुपर्ने कुराको समेत सङ्केत पाइन्छ । प्रत्यक्ष रूपमा नीति चेतना प्रकट नभए तापनि बहूपयोगी, हितकारी फल केराको उत्पत्तिदेखि उपयोगसम्मका महत्त्वपूर्ण सूचनाहरू प्रस्तुत भएको यस काव्यको आफ्नै विशेषता र महत्त्व रहेको छ । ◆◆

कृति समीक्षा – **ठाकुर शर्मा भण्डारी**



# नव-कृतिमा विचरण

**विषयारम्भ**



नेपाली साहित्यिक क्षेत्रमा शब्दार्थ प्रकाशनले धेरै अग्रगामी कार्यहरू गर्दै आएको कुरा सर्वविदित नै छ । हुन त यो व्यावसायिक संस्था हो । नाफा नभए यसले काम गर्दैन तथापि कसरी जाने, नाफाको केही अंश छुट्याएर भाषा साहित्यको सेवा गर्ने कि अथवा सेवामा पनि नाफा गर्ने भन्ने कुरा हो । यो प्रारम्भ भएपछि २०६६ सालदेखि वैजयन्ती द्वैमासिक विधाकेन्द्री पत्रिका निकाल्ने तर त्यसमा बाहिरको विज्ञापनलाई त्यति जोड नदिने भन्ने सहमति भयो । निरन्तर रूपमा प्रकाशित भएर अहिले पचासौँ अङ्क स्वर्णाङ्कको रूपमा आएको छ । यो विधागत पत्रिका भएको हुनाले यसमा पुछारको पातो शीर्षक दिएर उक्त विधाको समालोचना लेखाउने परम्पराको थालनी गरिएको हुनाले उनान्पचासौँ अङ्कसम्म आइपुग्दा नेपाली साहित्यका प्रबुद्ध समालोचकहरूका समालोचना आए, छापिए र धेरै पाठकवर्गले पनि यसको प्रशंसा गरेको पाइयो । विभिन्न विधाका समालोचना भएको हुनाले विद्यार्थी वर्गलाई यसले सहयोग पुऱ्याएको छ । करिब २६० पृष्ठको पचासौँ अङ्क (स्वर्णाङ्क २०७४ असार-साउन) पाठक समक्ष आएको हो । त्यसमा कवितासम्बन्धी लेखिएका समालोचनालाई समेटेर निकालिएको छ । विभिन्न समालोचकहरूद्वारा लिखित कवितासम्बन्धी सैद्धान्तिक समालोचनालाई **शब्दार्थ सोपान** नाम दिएर प्रकाशनमा ल्याई २०७४ भाद्र १० गते शनिवार लोकार्पण गरिएको थियो । शब्दार्थ प्रकाशनको जन्मोत्सवको अवसर भएको हुनाले पनि शब्दार्थ प्रकाशनबाट प्रकाशित अन्य छजना साहित्यकारका विभिन्न विधाका पुस्तकहरू पनि लोकार्पित भएका थिए । ती हुन् : निबन्धकार एवम् कवि विनयकुमार शर्मा नेपालका दुई कृति **परावर्तन** निबन्धसङ्ग्रह र **मार्गदीप** कवितासङ्ग्रह, डा.शिव गौतमका **झ्याम्ली बाखाको पाठो** निबन्धसङ्ग्रह, **बाटो हेरिरहने बाटाहरू** कवितासङ्ग्रह, नारायणकैलाश सिग्देलको **नयाँ बाटो** उपन्यास, मोहन चापागाईंको **सत्य संलाप** निबन्धसङ्ग्रह, विश्वदीप अधिकारीको **आकाश मैथुन** कथासङ्ग्रह, रामकुमार पण्डित क्षत्रीको **मन्दिर र माओ** कवितासङ्ग्रह र **वैजयन्ती**को एकाउन्नौँ निबन्धअङ्क गरी एघारवटा अत्यन्त महत्त्वपूर्ण विविध विधाका पुस्तकहरूको विमोचन भएको थियो । वैजयन्तीका दुईवटा अङ्कबाहेक नौवटा पुस्तकहरू सामान्य जानकारी गराउने उद्देश्यले यो लेख तयार भएको छ ।

**१. शब्दार्थ सोपान (कविता-समालोचना)को दृष्टि**

ठाकुर शर्मा भण्डारी र विनयकुमार शर्मा नेपालद्वारा सम्पादित विभिन्न समालोचकहरूद्वारा लेखिएको कवितासम्बन्धी सैद्धान्तिक समालोचनालाई **शब्दार्थ सोपान** नाम दिएर प्रकाशनमा ल्याइएको छ । यसमा कविताका विविध उपभेदलाई छुट्याएर राखिएको छ र कुनै कुनै एउटै समालोचकका चारवटासम्म सैद्धान्तिक लेखसम्म परेका छन् । पाँच उपभेद छन् - छन्दकविता, गद्यकविता, मुक्तक, गजल र गीत । भिन्नभिन्न विधामा लेखकको नाम अनुरूप वर्णक्रम मिलाएर राखिएको छ । यो पुस्तक टङ्कबहादुर आलेको सुन्दर आवरणसहित दुई सय साठी (२६०) पृष्ठको रहेको छ ।

(क) छन्दकवितामा - प्रा.गोपीकृष्ण शर्माको - छन्दकविताको स्वरूप, डा.घनश्याम न्यौपाने परिश्रमीको छन्द सिद्धान्त र नेपाली कवितामा छन्द परम्परा, ठाकुर शर्मा भण्डारीको छन्दविधान : सामान्य परिचय, प्रा.डा.दुर्गाप्रसाद अर्यालको सैद्धान्तिक परिचयको रूपमा कविता, राजेन्द्र सुवेदीको छन्दको सैद्धान्तिक परिचय, रामप्रसाद ज्ञवालीको कविताका आधारभूत मानक तथा कविता-मूल्याङ्कनका प्रमुख आधारहरू, डा.लक्ष्मणप्रसाद गौतमको कवितामा लय र छन्द तथा छन्दका प्रमुख प्रकार, डा.लेखप्रसाद निरौलाको छन्द कविताको सैद्धान्तिक स्वरूप रहेका छन् ।

यी शीर्षकका लेखहरूमा मूलतः छन्दको व्युत्पत्ति वा पूर्वीय र पाश्चात्य परिभाषा, कवितासम्बन्धी मान्यता, छन्दका शुभाशुभ वर्ण, गति, यति, पाद वा चरण, कविताका तत्त्व,छन्दको ऐतिहासिक विकास यात्रा, कविता काव्यमा छन्दको आवश्यकता र औचित्य, कविताका प्रमुख मानक, लयका प्रकार, विम्ब, प्रतीक, अलङ्कार, शैली आदिलाई विद्वान् समालोचकहरूले स्पष्ट पार्नुभएको छ ।

(ख) गद्यकवितामा - प्रा.गोपीकृष्ण शर्माको गद्यकविताको स्वरूप, प्रा. राजेन्द्र सुवेदीको कविताको सांस्कृतिक अध्ययन दुई शीर्षक छन् । यिनमा नेपाली साहित्यमा गद्यकविताको प्रारम्भ, पाश्चात्य साहित्यमा प्रयोग, भाषा-शैली सामाजिक र सांस्कृतिकपक्षको अध्ययन, प्रारम्भिक अवस्थादेखि हालसम्मको गद्यकविताको स्थितिको विस्तृत व्याख्या भएको छ ।

(ग) मुक्तकमा - डा.घनश्याम न्यौपाने परिश्रमीको मुक्तकको रचना विधान र नेपाली मुक्तक परम्परा, प्रा.राजेन्द्र सुवेदीको मुक्तक सिद्धान्त चिन्तन दुई शीर्षक रहेका छन् । यिनमा मुक्तकको पूर्वीय परम्परा, नेपाली मुक्तक परम्परा वा आधुनिक स्वरूप, नयाँ सैद्धान्तिक चिन्तन आदिको विस्तृत व्याख्या भएको छ ।

(घ) गजलमा प्रा.राजेन्द्र सुवेदीको गजलको सिद्धान्त शास्त्रीय परिचय र डा.लेखप्रसाद निरौलाको संरचनात्मक स्वरूप रहेका छन् ।

यिनमा गजलको परिभाषा, भेद, संरचनात्मक तत्त्व, काफिया संरचना र ध्वनिको व्यवस्थापन, भाषाशैली, शेर, मिसरा, काफिया, रदिफआदिको विविध पक्षको व्याख्या भएको छ ।

(ङ) गीतमा - गीता त्रिपाठीको समसामयिक आधुनिक नेपाली गीतको प्रवृत्तिगत विश्लेषण र ज्ञानु अधिकारीको गीतको सैद्धान्तिक स्वरूप दुई शीर्षकका लेख रहेका छन् । यी लेखमा गीतको परिभाषा र तत्त्व, समसामयिक  गीतमा प्रवृत्तिको विश्लेषण, प्रेमका विविध स्वरूप र यथार्थ प्रस्तुति, आत्मनिष्ठ वैयक्तिक निरासा र कुण्ठा, आञ्चलिकता, शैली, विम्ब, प्रतीक आदिको व्याख्या भएको छ ।

**२. मार्गदीप (कविताासङ्ग्रह) र परावर्तन (निबन्धसङ्ग्रह)भित्र विनय**

"मलाई लाग्छ, अस्तित्वको कण-कणमा कवित्व धारा छ । खोलामा हेर, सागरमा हेर, साँझ-बिहान सूर्यमा हेर, चन्द्रमा हेर, जलमा हेर, गाउँमा हेर, सहरमा हेर, मान्छेमा प्रेम, भाव, विचार, कार्य, अभिनय, नारी होस् वा पुरूषको त्यहाँ कवितै कविता छ" । यो कवितात्मक भनाइ कवि विनयकुमार शर्मा नेपालको हो । संसारका यावत् क्रियाकलाप सबै कवितामय छन् । विनयको भावनाले संसारै कवितामय देख्यो । लौकिक व्यवहार मात्र बुझ्न सके पनि यो ब्रह्माण्डको केही अंश बुझ्न सकिन्थ्यो कि भन्ने भावना विनयको विनयीभावले देखाउँछ । यस्तै विनयका नीति विचार (सहलेखन-२०६७), माथापच्ची (निबन्धसङ्ग्रह-२०७०), पुनरावृत्ति (निबन्धसङ्ग्रह-२०७३), परावर्तन (निबन्धसङ्ग्रह-२०७४), मृत्युबोध (कविताासङ्ग्रह-२०७३), मार्गदीप (कविताासङ्ग्रह-२०७४) आएका छन् भने परिकल्पना (सहलेखन-२०३८), छ लघु उपन्यास (सहलेखन-२०७०), नेपाली महाकवि र महाकाव्य (समालोचना-२०५९), धेरै शब्दकोश, अनुवाद, सम्पादन र बालसाहित्यका किताबहरू प्रकाशित छन् । उनका कविता र निबन्ध दार्शनिक रहेका छन् । यस संसारमा आइसकेपछि मानिसले सोच्ने, व्यहोर्ने, इच्छाकाङ्क्षा, अनुभव गर्दै अन्त्यमा रित्तै आएको रित्तै जाने कुरालाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् ।

(क) छन्द, मुक्तक गद्यमा कलम चलाउने कवि विनयकुमार शर्मा नेपालको **मार्गदीप** (कविताासङ्ग्रह-२०७४)मा पनि जीवन के हो ?, कसरी चल्नुपर्छ ? भन्ने दृष्टिकोणलाई अगाडि सारेर आफ्नो विचार प्रस्तुत गरिएको कविताासङ्ग्रह हो । कविले जहाँ जे पनि देख्न सक्छ, मानिसले सर्वप्रथम आफूलाई चिन्न सक्नुपर्छ भन्ने भाव हरेक कवितामा प्रकट भएका छन् । उनका कविताभित्र ज्ञान, विज्ञान, स्वतन्त्र विचार, कुनै न कुनै दर्शनलाई दिने चेष्टा गरिएको हुन्छ । यस सङ्ग्रहको जीवन दर्शन र वैचारिक सघनताले सजिएको मार्गदीप शीर्षकको भूमिकामा डा.लेखप्रसाद निरौलाद्वारा केस्रा केस्रा केलाएर उदाहरणसहित प्रस्तुत गरिएको छ ।

**मार्गदीप**भित्र मन्त्र, मार्गदीप, मेरो तन मन, आरोह अबरोह, हुरी, म तरल छु, शेषान्त, अठोट, अब जे त होस्, म फूलमा सुवास बनी बसेको युग बितेछ, लडाइँ, म नै सत्-रज-तम हुँ, घातको पीडा, म मरेको दिन तिमी नआउनू, वृक्ष, ऊ र म, त्यो को हो ?, दोमन, ए मान्छे, समर्पण, कृतघ्नता र कृतज्ञता, संवाद मन र आत्माको, मान्छे मन र स्वभाव, फूल, म मलाई बुझ्ने एउटा बुद्ध हुँ, क्षमा मेरो प्रिय, पालको बत्ती, नियति, हेर्दै गएँ ...मख्ख परेँ, उलटफेर, द्वन्द्व, कवितान्तर, मान्छेको नियति, शङ्का छ, आभार, निर्मम सत्य, सूर्योदय, बत्ती निभ्छ मोम बल्छ, खै त आकाश खसेन गरी उनान्चालिसवटा कविताहरू रहेका छन् । सबै सुन्दर, बौद्धिक, समाजमा हुने गरेका विकृति विसङ्गतिलाई समेटेर लेखिएका भए पनि मूल रूपमा वर्तमान समयमा मान्छेको स्थितिलाई बताउँदै जीवनदर्शनलाई स्थापित गर्न खोजिएको छ । जस्तै -

*ज्ञान र विज्ञानको मार्ग*
*विचार र विवेकको मार्ग*
*होश र बोधको मार्ग*
*हो, मार्गैमार्ग छन् मान्छेका जीवनमा*
*जीवन जिउने मार्ग झनै कठिन भन्छन् कोही*
*हो, मार्ग कठिन हुन्छ*
*पर्गेल्न पनि त गाह्रो हुन्छ*
*छिचोल्न झनै गाह्रो हुन्छ...। (मार्गदीप - पृष्ठ २०)*

\+ + + + + + + + + + + + + +

(ख) निबन्धकार विनयकुमार शर्मा नेपालद्वारा लेखिएको **परावर्तन** (निबन्धसङ्ग्रह-२०७४) शब्दार्थ प्रकाशनबाट प्रकाशित कृति हो । यसमा दार्शनिक र बौद्धिक किसिमका दशवटा निबन्धहरू रहेका छन् । यसको समर्पणमा भनिएको छ : **आदरणीय माता राधादेवी शर्मा तथा पिता वसन्तकुमार शर्म्मा नेपालमा जसको सुकार्यका कारण यस धरतीमा मेरो पदार्पण भयो ।** यो समर्पणले आफ्ना अभिभावकप्रतिको आस्था प्रकट गर्छ । यस सङ्ग्रहको अग्रलेख विनय शर्मा नेपालका निबन्धमा वैचारिक चेतना र निबन्धकलाको समायोजन शीर्षकमा प्रा.राजेन्द्र सुवेदीद्वारा भनिएको छ : बौद्धिकता प्रखर बन्दै गएको र भावना विचारमा संश्लेषित बन्दै गएका चिन्तनको प्रतिनिधित्व गर्ने यस परावर्तनका निबन्धहरूमा नेपालको स्रष्टाचेत निकै परिपक्व र दार्शनिक आडमा सृजना कार्य गर्न सक्षम बन्दै गएको स्थिति देखिन्छ...।

विनयका निबन्धहरू दशवटा रहेका छन्, सबै वैचारिक निबन्ध हुन् । यस पङ्क्तिकारले सङ्ग्रहको अग्रलेखमा भनेको थियो : **यो सामाजिक सिर्जना-विषय हो आफ्नै निजी भाव हो । नैरन्तर्य-विधान हो विनयको चैतन्यको प्राप्ति हो ...**। सङ्ग्रहभित्रका निबन्धहरूले यही भावनालाई समेटेका छन् । निबन्धहरूमा प्रशस्त सूक्ति-स्वरूपकमा वाक्य पाइन्छ तर पुनरावृत्तिबाट मुक्त भने छैनन् । यिनका निबन्ध र कविता पढ्दा स्वतन्त्र विचार दर्शनको सेराफेरोमा रचनाकार घुमेका छन् । मन र विचारको धनी नभई कोही स्रष्टा हुन सक्दैन । भाव र विषयमा लग्गु नभई कोही तपस्वी हुन सक्दैन भन्ने निबन्धकारको यो भनाइलाई पुष्टि गरेको छ ।

**परावर्तन**भित्रका निबन्ध हुन् : मन-आत्मा र मस्तिष्क, कालो र सेतो, कर्म कि धर्म, क्रय विक्रय, बोलीवचन-तर्कवितर्क-संवादविवाद, प्रेम-भक्ति र विवाह, नारी र पुरूष, शिक्षा जानकारी कि ज्ञान ?, मान्छे र मान्छेको स्वरूप, यति र गति ।

यी दशवटा शीर्षकका निबन्धमा पनि उपशीर्षकहरू प्रशस्त बन्ने र कुनै स्वयम् निबन्कारले छुट्याएर वर्णन पनि गरेको देखिन्छ । यसमा विषयवस्तु अत्यन्त गम्भीर भएको हुनाले पनि प्रत्येक शीर्षकमा जति व्याख्या गरे पनि हुन्छ । मन मान्छेको भय र आत्मा निर्भय, मन सतही र आत्मा आत्मा गहन, मस्तिष्क प्रज्ञा भएको, कालोभित्र पनि सेतोको सूक्ष्मता देख्छु, विज्ञानको सूत्र पल्टाएर प्रयोग गर्छु भन्छन् निबन्धकार । यो संसारमा भएका हर समय, हरपल धर्मकर्मका कुरा, क्रयविक्रयका कुरामा तकवितर्क भइरहन्छ र प्रेमले संसार बाँचेको छ तर प्रेमलाई कसरी लिइएको छ, शिक्षाले कुन रूप लिएको छ, मान्छेको यतिगति र स्वरूप आदिलाई निबन्धकारले स्पष्ट पारेका छन् ।

**३. बाटो हेरिरहने बाटाहरू** (कविताासङ्ग्रह) र **झ्याम्ली बाख्राको पाठो** (निबन्धसङ्ग्रह)मा शिव

डा. शिव गौतम वि.सं. २०१० मंसिर, भोजपुरमा जन्मेका हुन् । २०३० सालदेखि कथा, कविता, निबन्ध आदि विविध विधामा कलम

चलाउने गौतम सन् १९८५ देखि संयुक्त राज्य अमेरिकाका भ्यान्डरबिल्टमा पाँच वर्ष, हार्वड बोस्टनमा तेह्र वर्ष प्राध्यापन कार्य गरेका छन् र अन्य विश्वविद्यालयमा समेत अध्यापन-अनुसन्धान कार्यमा संलग्न रहेका छन् । नेपाली भाषा-साहित्यमा अहिलेसम्म प्रकाशनमा आएका पुस्तकहरू हुन् : सपनाका रङहरू (कवितासङ्ग्रह-२०५६), मुटुनेरीको सिस्नेरी (कवितासङ्ग्रह-२०६०), बाटो हेरिरहने बाटाहरू (कवितासङ्ग्रह-२०७४) र झ्याम्ली बाख्राको पाठो (निबन्धसङ्ग्रह-२०७४) ।

**(क) बाटो हेरिरहने बाटाहरू** (कवितासङ्ग्रह) मेरो कुरो शीर्षकमा कवि शिव गौतमको भनाइ यस्तो छ : यो सङ्कलनमा मैले आफैलेसुरु गरेको फिङ्गलशैलीका केही कविता पनि राखेको छु । प्रचीन भारतीय छन्दशास्त्री पिङ्गल र १३औँ शताब्दीका इटालीका गणितशास्त्री फिबोनाच्सीको भेट सङ्ख्याको कुनै एउटा श्रेणी वा अनुक्रममा भएको सन्दर्भमा उनीहरू सम्मानमा यो शैलीको नामकरण गरेको हो ...। कविताको शैलीको सन्दर्भ कविले भनिसकेपछि यस सङ्ग्रहभित्रका कविता कस्ता छन् भन्ने प्रस्टिन्छ । आफ्नी जीवनसाथी भारती पहिलो पाठक र श्रोता भएकोले उनैमा समर्पण गर्नु पनि उपयुक्त लाग्यो । यहाँ बाउन्न शीर्षकका कविता छन् । जस्तै : नयाँ पुराना बाटाहरू, तिम्रो, मेरो र फूलको कथा, युग उद्धारक, तपस्या, सिसा र मुटु, सम्झना सिर्जना, सलिल सलिल जीवन, खुच्चिङ, कृष्णले भन्छ लडाइँ गर, बाँच्ने बानी, खाली, कथा रकथाकार, एक्लो बाटो, बाँध, निशब्दोमा सङ्गीतङ्गमय, बाटो हेरिरहने बाटाहरू, विस्मयी विषम माया, एक जोडी आँखा, एकतर्फी माया, अहम्, अलोहा, कुकुरको भुकाइ, तिमीलाई मेरो माया लाग्छ ?, आँगन अँगेनुका कुरा, किसान दाइको तस्वीर, तिहार, अनमेल, भानुभक्तको घाँसी, कालजयी हिमशिखर, गुफाग्रस्त, हुनु थियो, मेरो समय, आफैलाई सल्लाह, दन्त्यकथाको अन्त्यको कथा, रूपान्तर, आनन्दका नाद, इन्द्र, भूर्भुवः स्वः, एउटा कथाको अन्त, उत्कण्ठा, कहिले काहिँ, अग्निं इले, बरसातमा, पहाडमा, भुइँचालो, तिमीसित नहुँदाको पीडा, फूलले दिने, रातको नशा, छिप्पिँदै गरेको साँझसँग हिँडेको याद, कवितासँग प्रेमको, गायिका, फेरिदेखि सुरू गर्न पाए ।

करिब १२५ पृष्ठको यो पुस्तकमा प्रकृतिका कुरा, आध्यात्मिक धरातलका कुरा, देशप्रतिको माया, मानवीय मायाप्रेमका कुरा, आदिकवि भानुभक्तको प्रसङ्ग आएका छन् । कविता सर्वकालिक र सर्वदेशीय छन् भन्ने कुराका लागि एउटा उदाहरण हेरौँ :

*निर्जीव बाजामा*
*कहाँबाट सङ्गीतको आवाज, सजीव भइको होला*
*शून्यतामा पनि सुनिन्छ, सुनसानको पदचाप*
*चकमन्न रातमा पनि सुनिन्छ, ताराहरूको संवाद । (आनन्दका नाद पृष्ठ - ८९)*

+ + + + + + + + + + + + + +

(ख) निबन्धकार डा.शिव गौतमको **झ्याम्ली बाख्राको पाठो** (निबन्धसङ्ग्रह) अत्यन्त उत्कृष्ट निबन्धहरूको सँगालो हो । शब्दार्थ प्रकाशनबाट २०७४मा प्रकाशनमा ल्याएको यो बिन्धसङ्ग्रह आफ्ना पिता स्व.लक्ष्मीप्रसाद गौतमप्रति समर्पण गरिएको छ ।

**नेपालीमा यस्ता बौद्धिक निबन्ध आउन छाडेको वेला** शीर्षकका अग्रलेखमा नेपाली साहित्यका विद्वान् सर्जक एवम् समालोचक डा.गोविन्दराज भट्टराईको भनाइ छ : डा. शिव गौतमको प्रत्येक निबन्धङ्ग गहिरो छ, बौद्धिक विस्तार र तार्किक प्रस्तुतिले त्यो बाँधिएर आउँछ.....। उहाँको विषयवस्तुको व्यापकता नै यी निबन्धका उल्लेख्य कुरा हुन्.... । (पृष्ठ ७)

निबन्धकारले **मेरो कुरा** शीर्षकमा भनेको कु यहाँ ल्याउँदा सान्दर्भिक होला । यहाँ भनिएको छ : मेरो सोचमा बाँधिएका कतिपय यी निबन्धमेरा आफ्नै मनका यात्रा र नियात्रा पनि हुन् । मैले तिनलाई कतै अज्ञानका, कतै विज्ञानका, कतै अभिज्ञानका, कतै सामान्य ज्ञानका अनि कतै आफ्नै मनो ज्ञानका कुराले मनग्य घान लगाएको छु । ज्ञात अज्ञात गन्तव्यतिर कुद्दा बाटामा भेटेका अलि अलि सन्दर्भ जोडिन आएका कुरालाई अलिकति भए पनि यसो लोटाउने प्रयत्न गरेको छु...। (पृष्ठ १५) निबन्धकारको यो शालीन अभिव्यक्तिले विद्वान् लेखकको अनुभूतिजन्य भावनाबाट निःसृत एवम् देश-विदेशको अनुभवले प्रशस्त खारिएर, जोखिएर आएका निबन्ध हुन् भन्ने सजिलै अनुमा लगाउन सकिन्छ । डिमाइको दुई सय पृष्ठको यो किताबमा बाइसवटा निबन्ध रहेका छन् । ती हुन् : पाल्सी कुरा, आगोको खोजी, उत्तानो ओदान, जीवनको उद्देश्य र लक्ष्य, असुर, दुःखसुखका कुराहरू, घोडामा लागेका समयका गोडा, जन्म र जात पुरुषको हात, नकारात्मकताको सकारात्मकता कुरा : नेतिनेतिदेखि क्यान्सरको ओखती, अजर अमर अ र म बीचका अक्षर, उद्धरण र उदाहरणको जादुयी शक्ति, कुर्र्र्र, ऋ र रि, सत्यको सत्यता, तीन आँख्ले, अरूण र वरूण तर्दा, आठ दुना १७ भएपछि, रूमालमाथि बसेर अरूणनदी तर्ने कला, झ्याम्ली बाख्राको पाठो, साठी, आटसउटुस, हुँदै नभएको चीजबाट, सपना ।

यी निबन्धहरूमा पहिले पहिले रमाइलोको लागि वा अरूले न बुझुन् भनेर गरिने पाल्सीकुरा, आगाको महत्त्वका सम्बन्धमा विभिन्न ऐतिहासिक पृष्ठभूमि, धर्म-संस्कृति, परम्पराका विषय, सामाजिक यथार्थता, सुखदुख्खको व्याख्या, सत्यताको पक्ष, व्यावहारिक कुराहरू, विभिन्न उखानको प्रयोग गरेर निबन्धले उच्चता प्राप्त गरेको देखिन्छ । लेखनशैली पनि अत्यन्त सुन्दर भएको हुनाले पनि यो पुस्तकले उच्चतालाई समातेको छ ।

**४. सत्य संलाप (निबन्धसङ्ग्रह)मा मोहन**

निबन्धकार मोहन चापागाईं नेपाली साहित्यको क्षेत्रमा चर्चित नाम हो । वि.सं. २०१२ मा मेलुङ, दोलखामा जन्मिएका मोहनको **सत्य संलाप** (निबन्धसङ्ग्रह) शब्दार्थ प्रकाशनले २०७४मा प्रकाशनमा ल्याएको छ । अन्य उनका कृतिहरूमा : रम, रवाफ र राजधानी (निबन्धसङ्ग्रह-२०५७), बाटोभरिका बिसौनीहरू (निबन्धसङ्ग्रह- २०५८), चन्दाको धन्दा (व्यङ्ग्यसङ्ग्रह- २०५९), कुराकानीको मान्छे (निबन्धसङ्ग्रह- २०६४), एक अँजुली समय (कवितासङ्ग्रह- २०६७),आकाशको अँगालोमा (निबन्धसङ्ग्रह- २०६९), पैतालाले चुमेका सुनौला टाकुरा (नियात्रासङ्ग्रह-२०६९), च्छोरोल्पाको छायामा (हाइकुसङ्ग्रह) रहेका छन् । साहित्येतर पुस्तक नेपालको आर्थिक प्रशासन (२०६२) पनि प्रकाशित छ । यसरी विविध विधामा कलम चलाउने व्यक्तिको सन्दर्भमा सत्य संलाप निबन्धसङ्ग्रहमा विद्वान् सर्जक एवम् समालोचक प्रा. राजेन्द्र सुवेदी सत्य संलाप र चापागाईंको निबन्ध चेतना शीर्षकको अग्रलेखमा भन्नुभएको छ : नेपाली निबन्धका अध्येताका लागि र लघु निबन्ध रचनाको प्रेरणा प्राप्तिका निम्ति स्रष्टा चापागाईं प्रेरक स्रष्टा देखिन्छन् । नेपाली साहित्यको समवर्ती कालखण्डका बहुल विषय, बहुल विधा र बहुल सांस्कृतिक संवेदनाका तहलाई आफ्ना निबन्धका विषय बनाएर सृजनात्मक स्वरूप प्रदान गरिने कुरा पनि उनका निबन्धमा प्रतिष्ठा प्राप्त भएका स्थितिहरूलाई यहाँ रचनाको विषय बनाइएको छ ..। (सत्य संलाप पृष्ठ-१३)

अन्तर्मनको आवेदन शीर्षकमा निबन्धकारको भनाइ यस्तो छ : जागिरबाट बचेको मेरो समय अञ्जुलीभरिको समय हो । कर्तव्यपालनापछिको समय आत्मनिरीक्षणको समय हो । सिर्जनाका जाई, जुही र चमेली फुल्ने-फुलाउने समय त्यही हो । मेरो मनको मै राजाहुने समय पनि त्यही हो..। (सत्य संलाप पृष्ठ-१५)

**सत्य संलाप** (निबन्धसङ्ग्रह)मा छब्बिस निबन्ध रहेका छन् । ती हुन् : अक्षर आभूषण, एक्लिँदाको आश्चर्य र आनन्द, ठग देउतो, काल, कला र कलङ्क, कुकुर मऱ्यो बिरालो मऱ्यो, कुरा राजनीतिको, राजनीति फोहोरी खेल, ठाडो उजुरी, मृत्युपत्रमा हस्ताक्षर, लेखकीय कर्म र धर्म, सत्य संलाप, सूत्रहरूको सूत्र, सौतेनी बाटो, म, हल्लैहल्लाको देश, म मृत्यु बाँच्छु, सगरमाथिको सगरमाथातिर, भगवान्, भाग्य र भरोसा, चरा, चेतना र चोला, सिल्ली सिंहदरवार, परदेश र सपना, छाया-घाम सिमसिमे पानी र कुहिरो, माटोको मुहुनी, सलामी, मृत्युपछि माथापच्चिसी, मधेशका मनका कुरा ।

प्रस्तुत सङ्ग्रहका निबन्धहरू सङ्क्षिप्त आकारका छन् । वर्तमान नेपाली समाजले भोग्नुपरेको स्थितिलाई, सृजनात्मकतालाई, राष्ट्रिय भावनालाई, शिष्टतालाई, अन्धविश्वासी भावनालाई, राजनीति र सांस्कृतिक विकृति, विसङ्गतिलाई निबन्धले औँल्याएका छन् ।व्यञ्जनात्मक प्रस्तुति सबल छ । कतिपय निबन्धहरू सूत्रात्मक र कवितात्मक छन् । जस्तै : संसार केवल अक्षरकै खेल हो / अक्षर शाश्वत सत्य र सुन्दर सिर्जना हो / संसार भनेको आस्था हो ।

**५. मन्दिर माओ (कवितासङ्ग्रह २०७४)मा पण्डितजी**

माता नारायणी र पिता विनोदकृष्णका पुरत्नका रूपमा कवि रामकुमार पण्डित क्षत्रीको जन्म २०३२ साउन १, विहीवार कामनपा ६, बौद्ध सिमलटार भएको हो । व्यवस्थापन र जनप्रशासनमा स्नातकोत्तर गरेका पण्डितले कृति प्रकाशनको दृष्टिबाट **देशको खोजी** (लघुकथासङ्ग्रह - २०७१) बुद्ध विचार (बाल-कवितासङ्ग्रह - २०७३) ५. **मन्दिर माओ** ( कवितासङ्ग्रह २०७४) तीन पुस्तकको रूपमा आएका छन् ।

'समसामयिक कविहरूको ढाँचाभन्दा केही फरक छ है ! भनेर मेरा हितैषी पाठकहरूले सुझाव दिँदा म मनमनै मख्ख पर्दथेँ' भन्ने रामकुमार पण्डितद्वारा सिर्जित **मन्दिर र माओ** (कवितासङ्ग्रह) सरल र सुन्दर कविताहरूको सँगालो हो । यसको **रामकुमार पण्डितका कविता** शीर्षकको भूमिकामा प्रा. राजेन्द्र सुवेदीको भनाइ यस्तो छ : कविताको सृजनामा प्रवृत्त भएका र पहिलो सङ्ग्रहमा विशिष्टताको अभिलक्षण प्रकट गर्ने कुशलता प्रदर्शन भएका यी कविताहरूमा कवितात्मक सशक्तताको अभिव्यञ्जनाको स्थिति देखिएको छ..। (पृष्ठ ७ बाट)

**विदेशीको सस्तो सहयोगी बनेर**

**तिमी सरापी राख्छौ नेपाल आमालाई** । यस्ता सरल कविताभित्र सुन्दर भावना बगेको कवितासङ्ग्रह शब्दार्थ प्रकाशनले प्रकाशित गरेको हो । यसमा भमरा शीर्षक कविताबाट प्रारम्भ भएर साझा बा शीर्षकमा अन्त्य हुने सङ्ग्रहभित्र त्रिचालिस शीर्षकका कविता रहेका छन् । ती हुन् : भमरा, बोतलभित्रको बोली, फरक, फूल फुलेको याम, खुसी, कुमारी फूल, लामखुट्टेका सपनाहरू, महानदी, मन र प्रकृति, मन्दिर र माओ, पीडा, आधार शिविरबाट उँभिएर हेर्दा, एैँजेरू, नारी आकार, नयाँ नेपाल, पदासन, अर्को राष्ट्रिय विभूति, भित्री संसार घाम, मनचित्र, मुहान, नयाँ बीउ, समान मान्छे, सीमा छेउको जिन्दगी, श्रद्धाञ्जली, आवाजहीन मान्छेहरू, एक्वारियम, सपना, प्रेसिडेन्ट र पुजारी, सगरमाथाको श्वास, सञ्जाल, तिम्रो साथ, भैँडा, धर्ती र आकाश, डुवान, ईश्वरको आसन, कानूनको पालना, नदी, बदला, पिछलग्गू, शुभकामना, स्रोत, साझा बा ।

**मन्दिर र माओ** सङ्ग्रहभित्रका कविता समसामयिक कविता हुन् । धेरै एक शब्दात्मक शीर्षक रहेका छन् । सरल प्रकृतिका कविता छन् । राष्ट्रप्रेम सल्बलाएको छ कवितामा । जीवनबोध गराउने कविता हुन् । भावनाको प्रबलता छ कवितामा । सामाजिक विकृति र विसङ्गतिलाई देखाएका छन् । कवि पण्डितको पण्डित्याइँ कवितामा सल्बलाएर आएको छ त्यसैले सङ्ग्रह सुन्दर बनेको छ ।

**६. आकाश मैथुन** (कथासङ्ग्रह २०७४)मा विश्वदीप

विश्वदीप अधिकारीद्वारा लिखित **आकाश मैथुन** कथासङ्ग्रह शब्दार्थ प्रकाशनबाट २०७४मा प्रकाशित भएको हो । नेपाली साहित्यको क्षेत्रमा चर्चित कथाकार कानूनी क्षेत्रका व्यक्ति भएको हुनाले पनि निबन्धलेखनमा अग्रणी भएको देखिन्छ । उनको भनाइ छ : लेख्नु एउटा लत हो र त्यसको उद्देश्य समाजमा बाँचिरहने हक खोज्ने एउटा अभीष्ट पनि हो, त्यसैले मलाई यसरी भन्न मन लाग्छ : स्रष्टा विचार हो खुट्छ /स्रष्टा छिपा हो छिप्छ /खिप्ने सिप्ने कारिगरीमा हराउँदै /ऊ अजम्बरी हुने दाउ खोज्छ । (पृष्ठ ४) यस सङ्ग्रहमा कसैको भूमिका छैन, आफ्नो भनाइ छ, त्यसैको उद्धरण हो यो ।

विश्वदीप अधिकारीको लेखन कविता (गीत, भजन), कथा, उपन्यास, लेख, निबन्धतर्फ विशेष छ । विद्वान् साहित्यकार हरिहर शास्त्रीका सुपुत्र विश्वदीपका अहिलेसम्म प्रकाशित कृतिहरू चौधवटा छन् । (१) श्रव्यसाहित्यतर्फ - हृदयका झङ्कार (गीत तथा भजन २०६३), आकाश उघ्रने प्रतीक्षा (कवितासङ्ग्रह २०६४), अनग्निका (सामाजिक उपन्यास २०७०), आकाश मैथुन (कथासङ्ग्रह २०७४) । (२) बालसाहित्यतर्फ - गौँथलीको गुँड (बालचित्रकथा २०६२), सिउरो (बालकथा २०६६), हाँगामा सुत्ने चरा (बालचित्रकथा २०६८), तवलाको वेदना (बालकथा २०७०), कोक्याउने पिँडालु (बालउपन्यास २०७४) । (३) कानून र राजनीतितर्फ - आयकर कानून विगत र वर्तमान (२०५९), नेपालको राजनीतिमा नैतिकता (२०६२), संविधानसभा के, किन र कसरी ? (२०६३), कम्पनी कानून तथाप्रशासन र कम्पनी सचिव (२०६४), नेपालका संविधान तथा ऐतिहासिक दस्तावेजहरू (२०६४) ।(४) सम्पादनतर्फ - खिर्सैन अधिकारीको नालीबेली (२०६०), Legal And Administrative Dictionary (कानूनी तथा प्रशासकीय शब्दसागर) (संयुक्तलेखन २०६५), शास्त्रीमार्ग स्मारिका : महाकवि देवकोटा शतवार्षिकीविशेष (२०६६), शास्त्रीमार्ग स्मारिका : कवि हरिहर शास्त्री विशेष सम्पादन (२०६७) ।(५) सङ्गीततर्फ - बादल हो जीवन नामक आधुनिक गीति क्यासेट (२०६०) र साईं समर्पणम् नामक भजनको क्यासेट (२०६९) । नेपाली भाषा साहित्यको सेवा गरेबापत उनलाई विभिन्न संस्थाबाट अभिनन्दन, सम्मान गरिएको छ ।

*स्रष्टा त के हो र बाबै वश कोर्छ केर्छ*
*मनले नखाए एकपल्ट च्यातेर पनि हेर्छ*
*द्रष्टा हुन्छ बडो जन्ड देख्दैमा भयङ्कर*

मौका त पाउन नै हुन्न रेटेरै मार्छ....यस्तो अभिव्यक्ति दिने कथाकार विश्वदीप अधिकारीबाट लेखिएको **आकाश मैथुन** कथासङ्ग्रह पनि विश्वको सामाजिक यथार्थलाई सरसर्ती दृष्टि दिँदा कथाहरू अनुभूतिजन्य कथा नै छन् । यसमा बीसवटा कथा रहेका छन् । ती हुन् : स्मृतिको योजना, गाजापट्टी, मानिसको घर, अनाथको अभिभावक, राजनीति पीडित, के नापियो त, यथार्थ, सल्लाह, समय सम्भोग, आकाश मैथुन, मुर्कट्टान्याय, भोज, योनीमुद्रा, आजको पुस्ता, इमेलको पोतो, छोराको बिहे, संवाद, खाडल, बलदेव काकाको चोलायात्रा, सन्तनु ।

यस सङ्ग्रहभित्रका सबै कथा विश्व-सामाजिक अवस्थालाई दृष्टि दिएर लेखिएका छन् । कथामा कतिपय निबन्धात्मकता बढी र आख्यानात्मकता कम भएको पनि देखिन्छ । विषयवस्तु भने धेरै छ । नेपाली समाजको जानकारी भने अवश्य पाइन्छ । कतिपय कथाले सरकारी कर्मचारीले गर्ने व्यवहारलाई राम्रोसँग नङ्ग्याइएको छ र कतिपय कथाले बाहिरको सन्दर्भ (जस्तै इजरायलका वा अन्य ठाउँका प्रसङ्गहरू) पनि ल्याएर रोचक बनाउने प्रयास भएको छ । हवाइजहाजको उडानमा

भएको मैथुनी कुरा, राजनीतिलागेर चुनाव जितेर व्यक्तिमा देखिने खराब आचरण, देश विकासभन्दा पनि आफ्नो विकास गर्नतिर लागेको सन्दर्भ, कतिपय व्यक्तिले पहिले गरेका नराम्रा कुराले सताएर पश्चात्तापमा परेको सन्दर्भ, कतिपय व्यक्ति मा परिवर्तन आए पनि त्यसले कुनै असर नपरेको कुरा, मुद्दामामिलाका कुरा, गाउँकी केटी शहर पसेपछि त्यसमा आउने परिवर्तन, महिलाप्रति हुने दुर्व्यवहार र कतिपय युवकहरूप्रति गरिएको दुर्व्यवहार, पुलिसका राम्र नराम्रा पक्षहरू, पश्चिमेली संस्कृतिले नेपाली समाजमा परेको प्रभाव आदि नेपाली समाजमा देखिने प्रत्यक्षाप्रत्यक्ष देखिने क्रियाकलापलाई सङ्ग्रहभित्रका कथाले देखाएका छन् ।

**७. नयाँ बाटो (**उपन्यास २०७४)मा नारायणकैलाश

उपन्यासकार नारायणकैलाश सिग्देलद्वारा लिखित **नयाँ बाटो** उपन्यास शब्दार्थ प्रकाशनबाट २०७४ सालमा प्रकाशित उपन्यास हो । सरकारी विद्यालय, माध्यमिक तह अङ्ग्रेजी विषयका पूर्वशिक्षक सिग्देल लेखन र पत्रकारिताको क्षेत्रमा सक्रिय नाम हो । अङ्ग्रेजी र समाजशास्त्र विषयमा स्नातकोत्तर गरेका सिग्देलले अङ्ग्रेजी र नेपाली भाषाका दर्जनौं लेखहरू प्रकाशित गरेका छन् । विभिन्न पत्रिकामा स्तम्भलेखनमा प्रसिद्धि प्राप्त गरेका व्यक्ति हुन् उनी । समाजमा देखिने गरेका विविध विकृति, विसङ्गति र संस्कार, संस्कृति, परम्परामा कलम चलाउने सिग्देलले जीवनका भोगाइलाई सूक्ष्मता साथ आफ्ना लेखनमा भित्र्याएका छन् ।


नारायणकैलाश सिग्देलका अन्य कृति हुन् : **विगतलाई फर्केर हेर्दा** (दुई भागमा लेखिएको संस्मरणसङ्ग्रह), **नारी अस्मितामाथि पुरूषको गन्ध** (लेखसङ्ग्रह), **पीडा देख्न सकिन्न** (कवितासङ्ग्रह), **मेरी बहिनी** (कथासङ्ग्रह) र **नयाँ बाटो** (उपन्यास-२०७४ भाद्र) ।

यी सङ्ग्रहमा नेपाली समाजमा देखिएका विकृति र विसङ्गतिलाई, जीवनका विविध पक्षलाई उठाएर त्यसको निराकरण सशक्त रूपमा गरिएको छ । सुन्दर विचारहरू प्रस्तुत गर्ने नारायणकैलाशको **नयाँ बाटो** उपन्यास पनि नयाँ दृष्टि लिएर पाठकसामु उपस्थित भएको छ ।

यसमा प्रारम्भमा नै वि.सं. २०७२ साल वैशाख १२ गते गएको विनाशकारी महाभूकम्पमा परी दिवङ्गत भएका सम्पूर्ण नेपाली एवम् विदेशी नागरिकको चिरशान्तिको लागि भनेर उपन्यास समर्पण गरिएको छ । यसबाट कृतिकारको संवेदनशील मनले त्यस वेलाको परिस्थितिलाई भुल्न सकेको छैन भन्ने स्पष्ट देखिन्छ । ६ खण्डमा यो उपन्यास लेखिएको छ । १६० पृष्ठको यो उपन्यासलाई किशोरउपन्यास भनिएकोबाट युवालाई सङ्केत गरेर लेखिएको भन्ने पनि देखिन्छ । अत्यन्त सुन्दर आवरणमा कुनै युवाले वर्तमान समयमा विकास, विज्ञानी जगत्तर्फ केही गर्ने सोच बनाएको तस्वीरले आकर्षण थप्नुका साथै भित्रको विषयवस्तुलाई सङ्केत गरेको छ । यस उपन्यासभित्रको म पात्र परिवर्तनको चाह राख्ने पात्र हो । त्यति मात्र होइन कि त्यसभित्रका सबै पात्र सकारात्मक सोच भएका छन् । जीवनको क्रममा हामीलाई लाग्न सक्छ - काम, क्रोध, लोभ, मोहले मानिसलाई गाँजेको हुन्छ । त्यहाँ द्वन्द्व नै नहुने भन्नेमा शङ्का लाग्छ कि, तर यहाँ नकारात्मक सोच भएका पात्र छैनन् र कुनै नकारात्मक घटना पनि छैन । उपन्यास पढ्दै जाँदा आनन्दको अनुभूति भने हुन्छ ।

यसरी शब्दार्थ प्रकाशनले एकै समयमा विभिन्न साहित्यकार, समालोचक, विद्वान्हरूबाट सिर्जना गरेका महत्त्वपूर्ण पुस्तकहरूको प्रकाशन गरेर नेपाली साहित्यको फाँटलाई ठूलो योगदान गरेको छ । संस्था तथा सबै सर्जकहरूलाई बधाई । ◆◆

## गुरू



*भट्टराई डी. पी. त्रिप्रवर*

सम्मान गुरूको गर्छौ, ऋषि हुन् कि महर्षि हुन् ?
वशिष्ठ हुन् वेदव्यास, विश्वामित्र र बाल्मीकि
भरद्वाज र अत्री हुन्, मुनी गौतम लायकः
जमदग्नी तपस्वी हुन्, पराशर मुनी पनि ॥ १ ॥


वेदमन्त्र रटाएका, दीक्षा दान प्रदायकः
मन्त्रद्रष्टा भएका हुन्, कुलदेव पनि भए
पितामाता गुरू हुन् कि, इष्टदेव भए उनी
अगस्ति ऋषि हुन् गर्ग, हुन् कि पुराणवाचक ॥ २ ॥


पुरोहित गुरू हुन् कि, ब्रह्मा विष्णु भए पनि
महेश्वर गुरू हुन् कि, गायत्री जप साधक
यज्ञकर्ता गुरू हुन् कि, ध्यानमग्न भएर हो
सम्मान गुरूको गर्दा, शिष्य शिष्या रमाउँछन् ॥ ३ ॥

सदाचारी निराकारी, वानप्रस्थी भए गुरू
ब्रह्मचारी गुरू हुन् कि, भए सन्यासि नै कित
ब्रह्मवेत्ता याज्ञवल्क्य, हुन् कि च्यवन नैष्ठिक ।
वृहस्पति समान् हुन् कि, देवताका पनि गुरू ॥ ४ ॥

शाकाहारी फलाहारी, हुन् के दुग्धाहारी पनि
अनुष्ठान गराएका, कर्मकाण्डी गुरू वनि
ब्रह्मज्ञानी आत्मज्ञानी, हुन् कि कर्मेष्ठी ध्यानी नै
हुन गो कसरी मेल, गुरू सम्मान दायक ॥ ५ ॥

*काठमाडौं ।*





उपनिषत् ■ **वसन्तकुमार शर्म्मा नेपाल**

# कठोपनिषत् – २४

**द्वितीयअध्याय, द्वितीयावल्ली**

पुरमेकादशद्वारमजस्यावक्रचेतसः । अनुष्ठाय न शोचति विमुक्तश्च विमुक्तये ।१। हंसः शुचिषद्वसुरन्तरिक्षसद्धोता वेदिषदतिथिर्दुरोण सत् एतद्वैतत् । नृषद्वरसदृतसद्व्योमसदब्जा गोजा ऋतजा अद्‌जा ऋतम्बृहत् ।२। ऊर्ध्वं प्राणमुन्न-यत्यपानं प्रत्यगस्यति । मध्ये वामनमासीनं विश्वेदेवा उपासते ।३। अस्यविस्रंसमानस्य शरीरस्थस्य देहिनः । देहाद्विमुच्यमानस्य किमत्र परिशिष्यते । एतद्वैतत् ।४।

'हे मुनिबालक ! ब्रह्मरन्ध्रसमेतका एघार ढोकावाला यस शरीररूपी सहरभित्र राजाबराबर बनेर जो बस्छ, त्यो नित्यप्रकाशस्वरूप छ र त्यस्तो नगराधिपतिलाई ध्यान गर्ने साधकलाई कुनै किसिमको शोकसुर्ताले पिरोल्न सक्तैन अर्थात् त्यो ममुक्षु संसाररूप (जन्ममरण आदि) बन्धनबाट मुक्त हुन्छ । त्यो आत्मा सत्यरूप भएकाले शरीररूपी नगरमा मात्र बस्ने होइन, अपितु ऊ के हो र के के गर्छ भने सूर्य हो आकाशवास गर्छ, वायु हो आकाशभर मडारिइरहन्छ, अग्नि बनेर यज्ञवेदीमा दन्कन पुग्छ, सोम बनेर पूर्णकलशभित्र पस्छ, सारा मानिस र सबै देवताभित्र पनि विराजमान गर्छ, शंख र सिपी बन्दै जलभित्र उत्पन्न भइदिन्छ, भूमिमा जौतिल आदि अन्न भई उब्जन्छ, नदीरूपमा पर्वतमा प्रकट हुन्छ र समस्त स्थावर जङ्गमको प्राणस्वरूप हो । त्यसैले त्यसमा कुनै मलिनता रहन्न । त्यो सर्वव्यापक पनि सर्वमहान् पनि हो ।

त्यो आत्मा प्राणलाई मास्तिर उचाल्छ, अपानलाई तलतिर धकेल्छ, माझमा अवस्थित वामनपुरुषलाई त समस्त देवतासमेत उपासना गर्छन् । नगरबाट नगराधीश निस्केर गएपछि, नगरपति छाडेर भागेपछि जसरी त्यो नगर सर्वतोभावेन विनाशतिर लाग्छ, त्यसरी देहाधिपति पनि आफ्नो अवधि पुऱ्याएर त्यो देहलाई अवश्य छोड्नुपर्ने भन्ने नियम पुऱ्याएर छाडिदिन्छ, त्यस बेला शरीरका संचालनका अहिभारा लिइटोपलेका प्राण आदि सबै हतबल भइदिन्छन् । त्यस अवस्थासम्म सक्रियता भरिदिइरहने सर्वप्रेरक अन्तरात्मालाई नै वास्तविक ब्रह्म हो भन्ने बुझ ! ।४।

न प्राणेन नापानेन मर्त्यो जीवति कश्चन ।
इतरेण तु जीवन्ति यस्मिन्नेतावुपाश्रितौ ।५।

नचि गौतम ! यी प्राण आदि वायु र चक्षु आदि इन्द्रियहरूबाट मात्र कोही पनि जीवित रहन वा हुन सक्तैन । कारण, यी सबै नश्वर हुन् । जसका निमित्त यी बनेका हुन्, त्यसको सत्ता नभए अड्नै सक्तैनन् । यसैले बुझ्नु पर्छ त बुद्धिमान्‌ले भने प्राण आदि सबका अविनाशी त्यही आत्मा (ब्रह्मतत्त्व) विना, ब्रह्मतत्त्वको आश्रय नपाईकन जीवित रहन सक्तैनन् । अर्थात् आत्मतत्त्वकै आडले यी सब अडेका छन् ।५।

हन्त त इदं प्रवक्ष्यामि गुह्यं ब्रह्म सनातनम् । यथा च मरणं प्राप्य आत्मा भवति गौतम ! ।६। योनिमध्ये प्रपद्यन्ते शरीरत्वाय देहिनः । स्थाणुमन्येऽ नुसंयन्ति यथाकर्म यथाश्रुतम् ।७। य एष सुप्तेषुजागर्ति कामं पुरुषो निर्मिमाणाः ।

तदेव शुक्रं तद्ब्रह्म तदेवामृतमुच्यते । तस्मिं ल्लोकाः
श्रिताःसर्वे तदु नात्येति कश्चन, एतव्दै तत् ।८।

'हे नचिकेता ! म अब तिमीलाई गोपनीय सनातन ब्रह्मतत्त्वको बयान सुनाउँछु । त्यस तत्त्वलाई जानेदेखि सम्पूर्ण सांसारिक स्थितिबाट आराम मिल्छ र नजानेमा मरणोपरान्त जीव र जीवनको कस्तो स्थिति बन्नपुग्छ । कुनै देहाभिमानी पुरुष जङ्गम शरीर पाउन रज-वीर्यसँग मिलेर योनिद्वाराभित्र पस्छन्, अर्का थरी अत्यन्त अधमचाहिं मरेपछि स्थावरत्वमा पुग्छन् । यस जन्मको कर्म अनुसार नै अर्का जन्ममा शरीर पाउने हुन् सबै । सबै अनि शास्त्रबाट जो जस्तो ज्ञान पाएका (लिएका) हुन्छन्, तदनुसारी शरीर लिन पाउँछन् । सारा संसारी सुतेपछि पनि जागै रहेर सबै इच्छित विषयहरू रचना गर्ने त्यो उज्वलतम ब्रह्म हो, र त्यो अति गोपनीय पदार्थ हो । त्यसैका आश्रयमा पृथ्वी आदि सम्पूर्ण लोक विद्यमान छन् । त्यो नभई कोही पनि कहीं पनि अड्नै सक्तैन, त्यही नै अविनाशी वास्तविक ब्रह्म हो, यति जान ! ।६-८।

अग्निर्यथैको भुवनम्प्रविष्टा रूपं रूपं प्रतिरूपो बभूव । रुकस्तथा सर्वभूतान्तरात्मा रूपं रूपं प्रतिरूपो बहिश्च ।९। वायुर्यथा सर्वभूतान्तरात्मा रूपं रूपं प्रतिरूपो बभूव । एकस्तथा सर्वभूतान्तरात्मा रूपं रूपं प्रतिरूपो बहिश्च ।१०। सूर्यो यथा सर्वलोकस्य चक्षुर्नलिप्यते चाक्षुषै बाह्यदोषैः । एकस्तथा सर्व भूतान्तारात्मा न लिप्यते लोकदुःखेन बाह्यः ।११। एको वशी सर्वभूतान्तरात्मा एकं रूपं बहुधा यः करोति । तमात्मस्थं येनुपश्यन्ति धीरास्तेषां सुखं शाश्वतं नेतरेषाम् ।१२।

'हे गौतम मुनि ! प्रकाशरूप अग्नि यस पृथ्वीमा प्रवेश गरेर हरेक इन्धन अनुसारको रूप लिन्छ, त्यस्तै एउटै आत्मा रूप विरूपका भेदले वायु यस पृथ्वीमा प्रवृत्त भएर प्रत्येक अलग वस्तुका आकारले फरक भई भिन्न भिन्नै देखिन्छ, तर त्यो सर्वान्तरात्मा हो, एउटै हो । जस्तो अनेकौं आँखाको बाहिरी भेदले अनेकौं नै देखिने भए पनि त्यो सर्वा, भूतान्तरात्मा (को आँखा) अनेक होइन, एउटै हो । सारा संसारलाई वश तुल्याउने त्यही एउटा सर्वभूतान्तरात्मा आफ्नो एउटै रूपलाई बहुप्रकारले संसारमा प्रकट गराउँछ, तर त्यसलाई धीर पुरुषहरू आफ्नै भित्रको भन्ने भावमा पिषयमा आसक्त हुने त्यस्तो नित्यानन्द पाउँदै पाउँदैन ।१२।

नित्योऽनित्यानां चेतनश्चेतनानामेको बहूनां यो विदधते कामान् । तमात्मस्थं येनुपश्यन्ति धीरास्तेषां शान्तिः शाश्वती नेतरेषाम् ।१३। तदेतदिति मन्यन्तेऽनिर्देश्यं परं सुखम् । कथन्नु तद्विजानीयां किमु भाति विभाति वा ।१४। न तत्र सूर्यो भाति न चन्द्रतारकं नेमा विद्युतो भान्ति कुतोऽयमग्निः । तमेव भान्तमनुभाति सर्वं तस्य भासा सर्वमिदं विभाति ।१५।

अनित्यहरूका थुप्रामा सदा नित्यरूपले रहने आफूभित्रैको (आत्मस्थ) र असङ्ख्यहरूका बीचको एक तुल्याएर आफूलाई उपस्थित गराउने त्यही तत्त्वलाई जो जो देख्दछन् (चिन्दछन) तिनै धीरहरू नै शाश्वत शान्ति पाउँछन्, उपराम परंसुख पाउँछन् । जो जो धीर ब्रह्म (आत्मतत्त्व) यही हो भनेर अनिर्देशित वर्णानातीत परम सुख (आनन्द) लाई मान्दछन् । यमदेवको यति वर्णन सुनेपछि नचिकेता सोध्दछन् - 'त्यस परमानन्दलाई कसरी चिनूँ ? त्यो स्वयं दीप्त हुन्छ वा स्पष्ट बनेर प्रकाशित हुन्छ । धर्मराज ?' यमराजले जबाफ दिए - 'नचिकेता ! ऊ, त सबलाई प्रकाशमा पुऱ्याइदिने प्रकाशक हो, त्यस्तो आत्मस्वरूप वस्तुलाई सूर्य के प्रकाश पार्न सक्थ्यो र ? उसमा पुगेर त सूर्य उज्यालै हुन्न नि ! न चन्द्रमामै कान्ति शेष रहन्छ, न त अग्निमै चमक र तप्तता रहन्छ ! बरू उसकै तेजले यी र यस्ता सबै प्रकाशित हुन पाउने हुन् । ऊ सबभन्दा प्रकाशित रहन्छ उसकै भरमा सब चल्ने-गर्ने हुन् । ऊ नित्य-प्रकाशस्वरूप आत्मा हो नाचि ! ।१५।

## द्वितीयअध्याय, तृतीयावल्ली

ऊर्ध्वमूलोऽवाक् शाख एषोऽस्वत्थः सनातनः। तदेव शुक्रं तद्ब्रह्म तदेवा-मृतभश्नुते। तस्मिंल्लोकाः श्रिताः सर्वे तदुनात्येति कश्चन। एतद्वैतत् ।१। यदिदं किञ्च जगत्सर्वं प्राणः एजति निःसृतम्। महद्भयं वज्रमुद्यतं य एतद्विदुरमृतास्ते भवन्ति ।२।

'हे नचि ! त्यो परब्रह्म सनातन हो, त्यसको जरा आकाशतिर (मास्तिर) फर्केको, हाँगा र टुप्पा तलतिर बढेको, उहिले उहिले कहिलेदेखिको (अनादिकालिक) संसाररूप पिप्पलको त्यो रूख शुक्ल (उज्ज्वल) ब्रह्म हो र त्यही नै अमृत हो। समस्त लोक नै त्यसका भरमा अडेका छन्। त्यसलाई कोही पनि हेप्न सक्तैन। शुद्ध परमात्मा त्यही हो, सत् पनि चित् पनि आनन्द पनि त्यही नै हो ।१।

हे मुनि-ब्राह्मण ! यो अखिल ब्रह्माण्ड भनिने समस्त संसार नै त्यही प्राणरूप ब्रह्मबाट निस्केको हो र त्यही प्राण ब्रह्ममै मिल्न खोज्छ, उभ्काइँदाको वज्र जस्तै महाभयानक यसलाई जो चिन्छन् ती सबै नै अमर भइहाल्छन्। यही प्राणबह्म (परब्रह्म ) कै भयले गर्दा अग्नि बल्न थाल्छ, सूर्य तात्न थाल्छ, तेस्रो इन्द्र, चौथो वायु र पाँचौं मृत्यु दौडन थाल्दछ, अर्थात् ती पाँचै महान् व्यक्तित्वशाली देवताहरू पनि काम-काममा जोतिन थाल्छन् ।१-२।

भयादस्याग्निस्तपति भयात्तपति सूर्यः। भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पञ्चमः ।३। इह चेदशकद्‌बोध्दुं प्राक् शरीरस्य विस्रसः। ततः सर्गेषु लोकेषु शरीरत्वाय कल्पते ।४। यथाऽदर्शे यथात्मनि यथा स्वप्ने तथा पितृलोके। यथासु परीव ददृशे तथा गन्धर्वलोके छायातपयोरिव ब्रह्मलोके ।५। इन्द्रियाणां पृथग्भावमुद-यास्तमयौ च यत्। पृथगुत्पद्यमानानां मत्वा धीरो न शोचति ।६। इन्द्रियेभ्यः परम मनो मनसः सत्वमुत्तमम्। सत्वादधि महानात्मा महतोऽव्यक्तमुत्तमम् ।७। अव्यक्तात्तु परः पुरुषो व्यापकोऽलिङ्ग एव च। यज् ज्ञात्वा मुच्यते जन्तुरमृतत्वं च गच्छति ।८।

ब्रह्मणवटु ! यो शरीर पतन हुनुभन्दा अर्थात् मर्नुभन्दा पहिले नै आत्माब्रह्म ठम्याउन सक्यो भने त त्यो प्राणी मुक्त भइहाल्छ, भइहाल्छ। यदि ठम्याउन नपाउँदै शरीरपात (मरण) भएछ भने त त्यो प्राणी पृथिवी आदि भिन्न भिन्न लोकमा विभिन्न शरीर धारणा गर्दै फन्कोमा रिङिरहन्छ। अर्थात् अगणित योनिमा असीम अवधिसम्म जन्मदै मर्दै कहिले कहिले बल्ल भेट्टाइने मनुष्य जीवन छँदै (देहपात नहुँदै) आत्मदर्शन गरिहाल्न सक्यो भने तऱ्यो, सकेन भने त अरू जुनीमा आत्मज्ञान हुँदै हुन्न, हुनै सक्तैन। जस्तो ऐनामा अनुहार सफा देख्न पाइन्छ, त्यस्तै बुद्धिरूप ऐनामा पनि निर्मल आत्मतत्त्वको दर्शन पाइन्छ। सपनामा, जलमा, पितृलोकमा, गन्धर्वलोकमा पनि प्रतिबिम्बरूप ब्रह्मदर्शन पाइन्छ, आत्मदर्शन मिल्छ। त्यही त्यही लोकका घामछाया अनुसार अविविक्त रूपमा मिल्छ। वास्तवमा निर्मल ब्रह्मदर्शन त कि नरलोकमै कि ब्रह्मलोकमै मात्र मिल्ने हुँदा अन्यलोकतिर नरअल्लीकन नरलोकमै पाउन यत्न गर्नुपर्छ। किनभने निर्मल ब्रह्मतत्त्व नरलोक र ब्रह्मलोक मात्र मिल्छ।

'हे नचिकेता ! धीर व्यक्ति इन्द्रियहरूको भिन्न-भिन्नै स्थिति अर्थात् आ-आफ्ना विषय लिनु पर्ने ती आ-आफ्ना कारणस्वरूप आकाशले भिन्नै हुन्छन्। ब्रह्मभन्दा भिन्नै तिनलाई पाएर दुःख मान्नु छैन। ती जाग्रत र सुषुप्त अवस्थामा रहन्छन् भने ब्रह्म जहिले पनि जाग्रतावस्थामा हुन्छ। ऊ निदाउँदैन इन्द्रियभन्दा उत्तम मन हो। मनभन्दा उत्तम बुद्धि हो। बुद्धिभन्दा महान् आत्मा हो र त्यो महान्‌भन्दा उत्तम अव्यक्त हो। हिरण्यगर्भ भनेको महान् वा महत् हो। त्यस अव्यक्त भन्दा महान् (पर) सर्वव्यापक अलिङ्गपुरुष नै हो र त्यसैलाई भेट्टाएपछि त्यो जीव नमर्दै नै अविद्याका बन्धनबाट छुटकारा पाइहाल्छ अनि शरीरोपरान्त त अमर भइहाल्छ।'

न सन्दृशे तिष्ठति रूपमस्य, न चक्षुषा पश्यति कश्चनैनम्। हृदा मनीषा मनसाभिक्लृप्तो य एतद्विदुरमृतस्ते भवन्ति ।९। यदा पञ्चावतिष्ठन्ते ज्ञानानि मनसा सह। बुद्धिश्च न विचेष्टेत तामाहुः परमां गतिम् ।१०। तां योगमिति मन्यन्ते स्थिरमिन्द्रियधारणाम्। अप्रमत्तस्तदा भवति योगो हि प्रभवाप्ययौ ।११। नैव वाचा न मनसा प्राप्तुं शक्यो न चक्षुषा। अस्तीति-ब्रुवतोऽन्यत्र कथं तदुपलभ्यते ।१२।

जुन बेलामा सम्पूर्ण इन्द्रियसमेतको मन स्थिर भएर बसिदिन्छ र बुद्धि पनि चेष्टारहित भइदिन्छ, त्यही बेलालाई परमा-गति वा परंगति भन्दछन् ज्ञानीजन। त्यस्तो स्थिरता (इन्द्रियशमन) वा इन्द्रियधारणालाई 'योग' भन्दछन्। त्यस अवधिभर योगी अप्रमत्त (प्रमादरहित) रहन्छ। किनकि योग प्रभवाप्ययौ (उत्पत्ति र नाश) धर्मी हो अर्थात् त्यो जसरी उत्पन्न हुन्छ, त्यसरी नै क्षय पनि हुन सक्छ। त्यसैले आफूलाई सदासर्वदा सावधान राख्नुपर्छ। त्यो त न वचनले, न मनले, न त आँखा आदिले भेट्टाउन सकिन्छ। त्यो त्यस्तो 'परमात्मा'लाई सबै छ भन्छन् र मान्दछन् पनि, तर 'अन्य-अब्रह्मवादी वा प्रत्यक्षवादी वा नास्तित्ववादीहरू' त्यस्तो परब्रह्मलाई कसरी भेट्टाउन सक्छन् र ? ।९-१२।

अस्तीत्येवोपलब्धव्यस्तत्त्वभावेन चोभयोः। अस्तीत्येवोपलब्धस्य तत्त्वभावः प्रसीदति ।१३। यदा सर्वे प्रमुच्यन्ते कामा येऽभिधस्य हृदि श्रिताः। अथ मर्त्योऽमृतो भवत्यत्र ब्रह्म समश्नुते ।१४। यदा सर्वे प्रभिद्यन्ते हृदयस्येह ग्रन्थयः। अथ मर्त्योऽमृतो भवत्येतावद्ध्यनुशासनम् ।१५।

त्यो अर्थात् परमात्मा (परमतत्त्व) 'छ' र 'पाउनै पर्छ' भन्ने दुवै भावले (सोपाधिक र निरूपाधिक) बुझ्नु पर्ने के हुन्छ त भने 'छ' को भित्र विश्वजस्तै भो भनी मान्नुपर्छ। अनि त्यही 'छ' को तात्त्विकभाव वा निरूपाधिक वा चिन्मयभाव प्रकाशित हुन्छ। हृदयमा जुन इच्छा (कामना) हरू हुन्छन्, ती सब मरेपछि मात्र त्यो मानिस अमृत पिउन पाउँछ, अमर हुन्छ अर्थात् जीवन्मुक्त हुन्छ। जहिले कामनाका जरा त्यान्द्राहरू सब चुँडिइसक्दछन् , त्यसपछि मात्र मर्त्य अमर्त्य हुन्छ, मरणधर्मा मनुष्य अमर वा अमृत बन्छ भन्ने यही उपदेश हो। शास्त्रहरू यसै भन्दछन् ।१३-१५।

शतञ्चैका च हृदयस्य नाड्यस्तासां मूर्धानमभिनिःसृतैका। तयोर्ध्वमायन्नमृतत्वमेति विष्वङ्ङन्या उत्क्रमणे भवन्ति ।१६। अङ्गुष्ठमात्रः पुरुषोन्तरात्मा यदा जनानां हृदये सन्निविष्टः। तं स्वाच्छरीरात् प्रविहेन्मुञ्जादिवेषीकं धैर्येण। तं विद्याच्छुक्रममृतं तं विद्याच्छुक्रममृतमिति ।१७। मृत्युप्रोक्तां नचिकेतोऽथ लब्ध्वा विद्यामेतां योगविधिं च कृत्स्नम्। ब्रह्म प्राप्तो विरजोऽभूद्विवत्युरन्योऽप्येवं यो विदध्यात्ममेव ।१८।

हृदय (मुटु) बाट मस्तिष्कतिर जाने एकसय एक नाडीहरूमा एउटा ( सुषुम्ना) चाहिँ मस्तिष्कलाई छेडेर निस्कन्छ। अन्तमा जीव त्यसैबाट मास्तिर (अमरभावमा) पुग्ने हो। अरू सबै नै यही संसारमा दगुराउन थाल्ने हुन्। महान् योगी मात्र ठम्याएर सुषुम्नाभित्र पस्न र त्यसैबाट पार हुन पुग्छ। अङ्गुष्ठप्रमाणको पुरुष, परमात्मा, अन्तरात्मा मनुष्यहृदयमा सदैव अवस्थित रहन्छ। मूजभित्रका त्यान्द्रा (रेशा) हरू झैं शरीरबाट धैर्यकासाथ छुट्टयाएर निर्मल अमर त्यस आत्मालाई शुद्ध राख्नु पर्छ। त्यही चिदात्मा, परमात्मा, अन्तरात्मा, परब्रह्म, सनातन पुरुष हो, लौ !' श्रीयमबाट वर्णित योगविद्या यसरी कष्टसाथ पाएर नाचिकेता ब्रह्ममा मिले। ब्रह्मसाक्षात्कार गर्ने अरू पनि ब्रह्मलीन हुन्छन्। कठ उपनिषत् यसै भन्छ।


ॐ सहनाववतु शान्तिः ! शान्तिः ! शान्तिः। ◆◆

# आइएमई लाइफ इन्स्योरेन्सको शुभारम्भ




आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको व्यवसाय (कारोवार) शुभारम्भ बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईंले हालै काठमाडौंमा आयोजित एक विशेष समारोहका बीच गर्नुभयो । बीमा समितिबाट २०७४ असार २० गते यस लाइफ इस्योरेन्सले कारोबार संचालन गर्न अनुमति प्राप्त गरेको थियो । अनुमति पाएको छोटो समयमै यस लाइफ इस्योरेन्सले कारोवार शुभारम्भ गरेको हो । कम्पनीको रजिष्टर्ड तथा कर्पोरेट कार्यालय लैनचौरस्थित हाथवे कम्प्लेक्सको पहिल्लो तल्लामा स्थापना गरि कारोबार शुभारम्भ गरेको हो । बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईंको प्रमुख आतिथ्यतामा सम्पन्न शुभारम्भ कार्यक्रमको सभापतित्व आईएमई लाइफ इस्योरेन्स कम्पनी लिमिटेडका अध्यक्ष डा. रामहरि अर्यालले गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा, नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्मा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष डा. राजेशकाजी श्रेष्ठ, आइएमई ग्रुपका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, आइएमई ग्रुपका प्रबन्धनिर्देशक हेमराज ढकाल, नेपाल बीमक संघका कार्यवाहक अध्यक्ष दीपप्रकाश पाण्डेले कारोवार शुभारम्भको अवसरमा शुभकामना प्रदान गर्नुभयो । कार्यक्रममा आइएमई लाइफ इस्योरेन्सका महाप्रबन्धक राकेश पोखरेलले आमन्त्रित अतिथिहरूलाई स्वागत गर्नुभएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईंले आईएमई लाइफ इस्योरेन्स कम्पनी लिमिटेडले पछिल्लो पटक संचालन अनुमति प्राप्त इस्योरेन्स कम्पनीहरूमध्ये सबैभन्दा पहिला सेवा शुभारम्भ गरेकोमा बधाई तथा सफलताको शुभकामना व्यक्त गर्नुभयो । ◆◆



# बाढीपीडितलाई ग्लोबल आइएमईको ६५ लाख रूपैयाँ सहयोग

ग्लोबल आइएमई बैंकले तराईलगायत मुलुकका विभिन्न भागमा आएको बाढी पहिरो पीडितलाई तत्काल राहत पुर्‍याउनका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ६५ लाख रूपैयाँ हस्तान्तरण गरेको छ । प्रधानमन्त्री निवास, बालुवाटारमा शुक्रबार आयोजित कार्यक्रममा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त रकमको चेक सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष हस्तान्तरण गर्नुभएको हो । कुल रकममध्ये बैंकले आफ्नो तर्फबाट रू. ५१ लाख तथा बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको १ दिनको तलब बराबर हुन आउने १४ लाख रूपैया गरी कुल रू. ६५ लाख रूपैया प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा प्रदान गरिएको हो । उक्त कार्यक्रममा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवाली, वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्याल लगायतको उपस्थिति रहेको थियो ।




अध्यक्ष ढकालले विगतमा पनि बैंकले आफ्नो सामाजिक उत्तरदायित्व वहन गर्दै मुलुकमा विभिन्न समयमा आइपरेका प्राकृतिक प्रकोपमा सहयोग प्रदान गरेको स्मरण गराउँदै अहिले पनि मुलुकमा आइपरेको विपत्तिको सामना गर्न सरकारलाई सहयोग गरेको जानकारी दिनुभयो । उहाँले भविष्यमा पनि देशमा आइपरेका यस्ता विभिन्न विपत्तिहरूबाट पीडितहरूको सहयोगार्थ बैंक सधैं तत्पर रहिरहने प्रतिबद्धता जाहेर गर्नुभयो । साथै, बाढी पहिरो पीडित व्यक्तिहरूका लागि आर्थिक सहयोग उपलब्ध गराउन चाहने महानुभावहरूले "प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष, सिंहदरबार" को नाममा ग्लोबल आइएमई बैंकको ज्ञानेश्वर शाखामा खोलिएको खाता नम्बर "०४११०१००००००५" मा बैंकका सम्पूर्ण शाखाहरूबाट रकम जम्मा गर्न सकिने व्यवस्था गरिएको समेत व्यहोरा जानकारी गराउँदछौं । ◆◆

# बाढीपीडितलाई आइएमई फाउन्डेसनद्वारा राहत वितरण

IME FOUNDATION

साउनको अन्तिम साता आएको अविरल वर्षाका कारणले प्रभावित पूर्वी तराईका विभिन्न स्थानमा आइएमई फाउन्डेसनले प्रभावितहरूको लागि राहत वितरण गरेको छ । बाढीपहिरोले पीडित घरपरिवारको दैनिक जीवनमा प्रयोग हुने खाद्यान्न–लत्ताकपडा लगायतका सामग्रीहरू आइएमई फाउन्डेसन केन्द्रीय कार्यालयबाट खटिएका प्रतिनिधिहरू र आइएमई ग्रुपका स्थानीय व्यावसायिक साझेदारहरूले स्थानीय दैवीप्रकोप उद्धार समन्वय समितिको रोहबरमा वितरण गरेका हुन् । आइएमई फाउन्डेसनले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत अविरल बर्षाका कारण घरबारविहीन हुनपुगेका पूर्वी तराईका प्रभावित परिवारहरूलाई राहत वितरण गर्ने निर्णय गत साउन ३० गते गरेको थियो । उक्त निर्णय कार्यान्वयनका लागि केन्द्रीय तहमा तीन सदस्यीय कार्यदल गठन गरी कार्यालयमा कार्यरत वरिष्ठ अधिकृतहरूलाई सम्बन्धित स्थानमा जिम्मेवारी तोकी पठाइसकिएको छ । आइएमई फाउन्डेसन मिति २०६६ सालमा दर्ता भएको संस्था हो । आइएमई ग्रुपले संस्थागत सामाजिक उत्तरदायित्वसँग सम्बन्धित क्रियाकलाप यही फाउन्डेसनमार्फत् गर्दै आएको छ । ◆◆